सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ माघ २०८१, शुक्रबार (31 Jan 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २८५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

एमसिसी परियोजनामा अनुदान नरोकिने

पञ्चवर्षीय सहायताका परियोजनाबारे भने नयाँ नीति लागू हुने



अमेरिकी राजदूत डिआर थम्पसनले सोमबार परराष्ट्र सचिव अमृतबहादुर राईलाई भेटेर एमसिसी परियोजनाको अनुदान नरोकिएको जानकारी गराएका छन्

पर्शुराम काफ्ले/नयाँ पत्रिका

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकारी आदेशअनुसार नेपालमा अमेरिकी सहायताका परियोजना र कार्यक्रम ९० दिनका लागि रोकिए पनि मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) परियोजनाको अनुदानले भने निरन्तरता पाउने भएको छ। नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनले गत सोमबार परराष्ट्रसचिव अमृतबहादुर राईलाई भेटेर एमसिसी अनुदान नरोकिएको जानकारी दिएका छन्।

परराष्ट्र स्रोतका अनुसार अमेरिकी राजदूत थम्पसनले युएसएडको अनुदान रकम र ०७९ मा नेपाललाई दिने घोषणा गरेको पञ्चवर्षीय सहायता (करिब ८० अर्ब रुपैयाँ) अनुदान अहिले रोकिएको, तर परियोजनाहरूको अवस्थाको मूल्यांकन गरेर केही दिनमै एउटा नीति तय हुने जानकारी दिएका थिए। 'अमेरिकी राजदूतले त्यही क्रममा एमसिसीअन्तर्गतको अनुदान नरोकिएको र नरोकिने स्पष्ट पार्नुभएको छ,' स्रोतले भन्यो। एमसिसीमा लगानी निरन्तरताका लागि सचिव राईले अमेरिकी सरकारलाई धन्यवाद दिएका थिए।

सचिव राई र राजदूत थम्पसनबिचको भेटवार्तापछि परराष्ट्रले सामाजिक सञ्जाल एक्समा लेखेको छ, 'अमेरिकी राजदूत डिन आर थम्पसनले परराष्ट्रसचिव अमृतबहादुर राईसँग शिष्टाचार भेट गर्नुभयो। भेटमा आर्थिक सम्बन्धसहित नेपाल-अमेरिका सम्बन्धका अनेकौं पक्षमा छलफल भयो।' तर, अमेरिकी दूतावासले भने भेटबारे केही उल्लेख गरेको छैन। अनुदान रोकिएको/नरोकिएकोबारे नयाँ पत्रिकाले इमेलमार्फत सोधेको प्रश्नको एमसिसी सञ्चालन गर्ने निकाय एमसिए नेपालले पनि बिहीबार साँझसम्म जवाफ दिएको छैन।

अमेरिकाको वैदेशिक सहायतासम्बन्धी निकाय फरेन असिस्टेन्स (वैदेशिक सहायतासम्बन्धी कार्यालय)को वेबसाइटअनुसार एमसिसी बोर्डले नेपालमा ऊर्जा प्रसारणलाइनका लागि २२ करोड ५७ लाख ५८ अमेरिकी डलर, सबस्टेसनका लागि ११ करोड १९ लाख ७२ हजार अमेरिकी डलर, सडक मर्मतका लागि चार करोड १७ लाख २० हजार अमेरिकी डलर बजेट पारित गरिसकेको छ। परियोजना कार्यान्वयनका क्रममा बोर्डले बाँकी रकम क्रमशः पारित गर्दै जानेछ।

नेपालमा १३ भदौ ०८० देखि एमसिसीअन्तर्गतका आयोजना लागू भएका थिए। जसअन्तर्गत प्रसारणलाइन तथा सडक विस्तार परियोजनाका लागि अमेरिकाले कुल ५६ करोड ८० लाख डलर (सुरुमा ५० करोड अमेरिकी डलर र पछि थपेको ६ करोड ८० लाख डलर) तथा नेपाल सरकारले जम्मा १९ करोड ७० लाख डलर (सुरुमा १३ करोड डलर र पछि थपेको ६ करोड ७० लाख डलर) विनियोजन गरेका छन्। एमसिसीअन्तर्गतका परियोजना १३ भदौ ०८४ सम्म सम्पन्न गरिसक्नुपर्नेछ।

» पृष्ठ २ मा क्रमशः

अध्यादेशले पेचिलो बन्दै हिउँदे अधिवेशन

अधिवेशनको मुखमै सरकारले ल्याएका अध्यादेशको भन्डाफोर गर्ने विपक्षी दलहरूको रणनीति, सरकारले दिएका बिजनेस समयमै निष्कर्षमा पुऱ्याउने सत्तापक्षको योजना



● **देवराज घिमिरे**, सभामुख

कार्यतालिका बनाएर सदनलाई वैज्ञानिक र व्यावहारिक बनाउने कोसिस रहन्छ। विधेयक अधिवेशन भएकाले पहिलो प्राथमिकता विधेयक नै हुन्छ। प्रिबजेट छलफललाई पनि रचनात्मक र परिणाममुखी बनाउनुपर्नेछ। जनसरोकारका मुद्दाहरू पनि छन्। यी विषय सरकार, संसद्का पदाधिकारी, दल, सांसद सबैको प्राथमिकतामा पर्नुपर्छ। बिचमा आएका कुरामा अलमलिने, फाटेर जाने कुरा हुनुहुँदैन भन्नेमा सबै स्पष्ट हुनुपर्छ।



● **महेश बर्तौला**

मुख्य सचेतक, एमाले

सरकारले दिएको बिजनेस समयमै निष्कर्षमा पुऱ्याउन भूमिका खेल्नेछौं। जनसरोकारका मुद्दा र नीति कार्यान्वयनको सवालमा पनि सदनलाई सदुपयोग गर्छौं। रचनात्मक बहसको थलोको रूपमा अगाडि बढाउन चाहन्छौं।

कमलराज भट्ट/नयाँ पत्रिका

बर्खे अधिवेशन अन्त्य भएको साढे चार महिनापछि शुक्रबार अपराह्न १ बजे संघीय संसद्को हिउँदे अधिवेशन सुरु हुँदै छ। तर, अधिवेशनको सम्मुखमा सरकारले ल्याएका अध्यादेशका कारण संसद् बैठक सौहार्द नहुने संकेत प्रतिपक्ष र सत्तापक्षको तयारीले देखाएको छ।

सरकारले ६ अध्यादेश शुक्रबारै संसद्मा पेस गर्ने कार्यसूची छ। प्रधानमन्त्री केपी ओलीले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश पेस गर्नेछन्। अर्थमन्त्री विष्णु पौडेलले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश,

» पृष्ठ २ मा क्रमशः

■ यस्ता छन् दुई सदनका कार्यसूची

शुक्रबारको बैठकमा प्रतिनिधिसभामा भएका २३ मध्ये चार र राष्ट्रिय सभाका सातमध्ये चार गरी आठ विधेयक पारित तथा ६ अध्यादेश स्वीकृतिका लागि प्रस्ताव गर्ने कार्यतालिका



फाइल तस्बिर

■ **प्रतिनिधिसभा** : बैठकको सुरुमा सभामुखले राष्ट्रपति र प्रधानमन्त्री कार्यालयबाट आएको पत्र पढेर सुनाउनेछन्। प्रतिनिधिसभा नियमावलीको नियम १० बमोजिम बैठकको अध्यक्षता गर्ने सदस्यहरूको मनोनयन गर्नेछन्। त्यसपछि अधिवेशन प्रारम्भको अवसरमा दलीय आधारमा सदस्यहरूले आ-आफ्नो मन्तव्य राख्ने कार्यसूची छ। प्रधानमन्त्री केपी ओली, काङ्ग्रेस सभापति शेरबहादुर देउवा, विपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्डलगायत नेताहरू बोल्ने तय भएको छ। उनीहरूको सम्बोधनपछि सरकारले ल्याएका ६ अध्यादेश पेस गर्ने कार्यसूची छ। प्रधानमन्त्री ओली, अर्थमन्त्री विष्णु पौडेल र भूमिमन्त्री बलराम अधिकारीले अध्यादेश पेस गर्ने कार्यसूची छ। अध्यादेश पेस गरिसकेपछि पूर्वसभामुख दमननाथ ढुंगाना र संविधानसभा सदस्य रामजीप्रसाद शर्माको निधनप्रति शोक प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची छ।

■ **राष्ट्रिय सभा** : बैठकको सुरुमा राष्ट्रिय सभा अध्यक्षले राष्ट्रपति र प्रधानमन्त्री कार्यालयबाट आएको पत्र पढेर सुनाउनेछन्। त्यसपछि अधिवेशन प्रारम्भको अवसरमा दलीय आधारमा सदस्यहरूले आ-आफ्नो मन्तव्य राख्ने कार्यसूची छ। विधायन व्यवस्था समिति सभापति तुलसाकुमारी दाहालले समितिको प्रतिवेदनसहित मिडिया काउन्सिल विधेयक र नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक सभामा पेस गर्नेछिन्। त्यसपछि सरकारले ६ अध्यादेश सभामा पेस गर्नेछ। त्यस्तै, पूर्वसभामुख दमननाथ ढुंगाना, संविधानसभा सदस्यहरू रामजीप्रसाद शर्मा, अब्दुल हमिद सिद्दिकी र प्रतिनिधिसभाका पूर्वसदस्य प्रेमलाल (पिएल) सिंहको निधनमा शोक प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची छ।

■ विपक्षी सात दलको एजेन्डा

सदन धकेलेर ल्याएको अध्यादेशको औचित्यमाथि प्रश्न उठाउने

● **हितराज पाण्डे**, माओवादी प्रमुख सचेतक



सरकारले सदन बोलाउने वेलामा नै जसरी अध्यादेश ल्यायो, यो प्रक्रियाको हिसाबले नै बेठिक छ। सँगसँगै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन त सरकारले अध्यादेशमा छिटो गर्ने भनेको छ, तर त्यो संसद्को अर्थ समितिमा छलफलमै छ। त्यहाँबाट छलफल गरेर पारित गर्दा झन् छिटो हुन्थ्यो। सरकारले त्यसलाई पनि मिनिमाइज गरेर अध्यादेश ल्याएको छ। त्यसलाई अस्वीकार गर्नुपर्छ भन्ने सर्वसम्मत निर्णय भएको छ।

प्रेम गौतम/नयाँ पत्रिका

विपक्षी सात राजनीतिक दलले सरकारले ल्याएको अध्यादेशको औचित्यमाथि संसद्मा प्रश्न उठाउने भएका छन्। प्रमुख प्रतिपक्षी दल माओवादीको संसदीय दलको कार्यालय सिंहदरबारमा बिहीबार बसेको माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा, नेपाल समाजवादी पार्टी (नेसपा) र आम जनता पार्टी (आजपा) बैठकले सदन धकेलेर ल्याएको अध्यादेशमाथि प्रश्न उठाउने निर्णय गरेको हो।

मधेशकेन्द्रित आठ दल संसद्मा साझा धारणा बनाएर प्रस्तुत हुने, एजेन्डा तय गर्न कार्यदल

संसद् बोलाउने वेलामा अध्यादेश ल्याउनु गलत मनसाय रहेको ठहर बैठकले गरेको छ। सरकारले गलत विधि र प्रक्रियामार्फत अध्यादेश ल्याएकाले त्यसलाई स्विकार्न सक्ने अवस्था नरहेको माओवादी प्रमुख सचेतक हितराज पाण्डेले बताए।

» पृष्ठ २ मा क्रमशः

■ सामाजिक सञ्जालसम्बन्धी विधेयकको विरोध बढ्दो

विपक्षी मात्रै होइन, सत्तापक्षकै असन्तुष्टि

नयाँ पत्रिका

स्वतन्त्रपूर्वक अभिव्यक्ति राख्न पाउने संविधानप्रदत्त अधिकारमाथि नै अंकुश लगाउने गरी सरकारले संघीय संसद्मा दर्ता गराएको सामाजिक सञ्जाल सञ्चालन, प्रयोग तथा नियमनसम्बन्धी विधेयकको विरोध गर्ने क्रम बढिरहेको छ। सञ्चारसँग सम्बन्धित संघ-संगठनदेखि राजनीतिक दल तथा नेताहरूले प्रेस र अभिव्यक्ति स्वतन्त्रतामा असर पार्ने गरी विधेयक आएको भन्दै आपत्ति जनाएका हुन्।

बिहीबार नेपाल प्रेस युनियनले विज्ञप्ति निकालेर सामाजिक सञ्जाल व्यवस्थित गर्ने नाममा विधेयकले आमनागरिकको संवैधानिक हकलाई नियन्त्रण गर्न खोजेको भन्दै त्यो अस्वीकार्य हुने चेतावनी दिएको छ। त्यस्तै, संसद्को चौथो ठुलो दल रास्वपाले बहुमतको आडमा नागरिक

» पृष्ठ २ मा क्रमशः

■ प्रेस युनियनले भन्यो- **सामाजिक सञ्जालमा अभिव्यक्त विचारलाई आधार बनाएर फौजदारी कसुर आकर्षित हुने गरी कानुनी व्यवस्था गर्न खोज्नु लोकतान्त्रिक व्यवस्थालाई नै कमजोर बनाउने प्रयास**

■ रास्वपाले भन्यो- **संख्यात्मक बहुमतको आडमा नागरिक स्वतन्त्रता संकुचित पार्ने खालका विधेयक पारित गर्न खोज्नु लोकतन्त्रकै भट्टा मजाक**

■ मधेशका आठ दलको साझा निष्कर्ष- **सामाजिक सञ्जाललाई नियमनभन्दा नियन्त्रण गर्ने गरी सरकारले विधेयक ल्यायो**

■ एमाले कार्यवाहक महासचिवले गराए ध्यानाकर्षण

सरकारले पत्रकार महासंघसहित सरोकारवालासँग संवाद बढाओस्



सामाजिक सञ्जालसम्बन्धी विधेयकको सर्वत्र आलोचना बढिरहेका वेला एमालेका कार्यवाहक महासचिव प्रदीप ज्ञवालीले पत्रकार महासंघसहित सरोकारवालासँग संवाद गर्न सरकारको ध्यानाकर्षण गराएका छन्। प्रेस चौतारी नेपाल ललितपुरको छैटौं जिल्ला अधिवेशनको उद्घाटन गर्दै उनले सरोकारवालाहरूसँगको छलफलपछि मात्र विधेयकलाई संसद्ले टुंग्याउनुपर्ने पार्टीको धारणा रहेको पनि बताए।

'विधेयकमा थप छलफल गर्दै जान सकिन्छ, सजाय बढी भए घटाउन सकिन्छ। सार्वभौम संसद्ले नै त्यो काम गर्छ। म सरकारलाई आग्रह गर्छु- त्यसलाई अन्तिम रूप दिँदा पत्रकार महासंघसहित प्रेससम्बद्ध संगठनहरूसँग संवाद गरियोस्, सरोकारवालाहरूको पर्याप्त प्रतिक्रिया

» पृष्ठ २ मा क्रमशः

■ युवा कानुन व्यवसायी भन्छन्-

नेपालको न्याय प्रणाली नै भ्रष्ट छ

सर्वेक्षणमा सहभागी अधिकांश युवा कानुन व्यवसायीले अदालतका कर्मचारीहरूसँग काम गर्दा आफैं भ्रष्टाचारमा सहभागी हुनुपरेको वा भ्रष्टाचार भएको देखेको उल्लेख गरेका छन्

(विस्तृत पृष्ठ ३)

अमेरिकामा हवाई दुर्घटना, ६७ जनाकै मृत्यु भएको आशंका

अमेरिकाको वासिंटन डिसीनजिकै अमेरिकी एयरलाइन्सको विमान र अमेरिकी सेनाको 'ब्ल्याक हक' हेलिकोप्टर ठोकिएर दुर्घटना

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

उपचारमा हिँडेकी बिरामीसहित तीनको दुर्घटनामा मृत्यु



खोटाङमा **केदार लाफा**

दिक्तेलबाट बिरामी लिएर काठमाडौं जाँदै गरेको सुमो ओखलढुंगाको मानेभञ्ज्याङ गाउँपालिका- ७ टेकसेलेस्थित भँडारेखोलामा दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ।

केपिलासगढी गाउँपालिका- ३ बास्पानीकी ५६ वर्षीया माया गुरुङ, उनका छोरा २८ वर्षीय पूजन गुरुङ र मायाकी बहिनी दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- १२ जालपा घर भएकी ४५ वर्षीया तारा गुरुङको मृत्यु भएको हो। आगलागीमा परेर गम्भीर घाइते भएकी मायासहित तीनजनालाई लिएर पूर्वखोटाङ यातायातको ना.१ज ६४२१ नम्बरको सुमो दिक्तेलबाट बुधबार साँझ करिब ७:३० मा छुटेको थियो। उक्त सुमो बिहीबार बिहान मध्यपहाडी लोकमार्ग सडकखण्डको भँडारेखोलामा दुर्घटनाग्रस्त अवस्थामा भेटिएको थियो। सुमोचालक सुनसरी इनरुवाका २२ वर्षीय अनिल पण्डित भने

» पृष्ठ २ मा क्रमशः



हिउँदे अधिवेशनको...

पृष्ठ १ बाट क्रमशः

निजीकरण (पहिलो संशोधन) अध्यादेश र आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश पेस गर्नेछन् । भूमिमन्त्री बलराम अधिकारीले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश पेस गर्ने कार्यसूची छ । विपक्षी दलहरूले यी अध्यादेशको भण्डाफोर गर्ने रणनीति बनाएका छन् भने सत्तापक्ष दलहरू सरकारले लिएका बिजनेस समयमै निष्कर्षमा पुर्‍याउने योजनामा छन् ।

प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले अध्यादेशको विरोधमा सदनमा खुलेर बहस गर्ने रणनीति रहेको बताए । 'सरकारले अध्यादेशहरू ल्याएर बेठिक गरेको छ । यसको विरोधमा खुलेर बहस गर्ने र जनसरोकारका विषयवस्तुमा सदनमा दलको भूमिका प्रभावकारी बनाउँछौँ,' उनले भने । विपक्षी सात दलबिच अध्यादेश अस्वीकारको साझा प्रस्ताव नै सदनमा लैजाने सहमति बनेको पनि पाण्डेले बताए । 'अध्यादेश सरकारले जसरी ल्यायो, यो प्रक्रिया बेठिक छ । अध्यादेश अस्वीकारको प्रस्ताव सदनमा लैजाने सात राजनीतिक दलको बैठकको निष्कर्ष छ,' उनले भने । पाण्डेले सुशासन, सामाजिक न्याय, महँगी नियन्त्रणलगायत विषयवस्तुमा पनि विपक्षी बेन्च एकमतले अगाडि बढ्ने समझदारी बनेको बताए ।

सरकारको नेतृत्व गरिरहेको एमालेका मुख्य सचेतक महेश बर्तौलाले भने सरकारले दिएको बिजनेस समयमै निष्कर्षमा पुर्‍याउन भूमिका खेल्ने बताए । कानुन निर्माणको दृष्टिकोणबाट हिउँदे अधिवेशनलाई परिणाममुखी बनाउन भूमिका खेल्ने उनको भनाइ छ । 'सरकारले दिएको बिजनेस समयमै निष्कर्षमा पुर्‍याउन भूमिका खेल्नेछौँ,' उनले भने, 'जनसरोकारका मुद्दा र नीति कार्यान्वयनको सवालमा पनि सदनलाई सदुपयोग गर्छौं । रचनात्मक बहसको थलोको रूपमा अगाडि बढाउन चाहन्छौँ ।' बर्तौलाले विपक्षी दलहरू सरकारविरुद्ध मोर्चा कसेर भ्रामक र तथ्यहीन कुरा गरिरहेको आरोप पनि लगाए । विपक्षी दलले गैरसंवैधानिक र अराजनीतिक तरिकाले गतिविधि गरेकाले संसद्‌बाट त्यसको जवाफ माग्ने पनि उनले बताए । गत ३१ भदौमा संघीय संसद्‌को बर्खे अधिवेशन अन्त्य भएकोमा सरकारले हिउँदे अधिवेशन बोलाउन ढिला गरेको भन्दै आलोचना हुँदै आएको थियो । यहीबिचमा धमाधम अध्यादेश आएपछि विपक्षी दलहरू सरकारप्रति थप रुष्ट बनेका छन् ।

सभामुख देवराज घिमिरेले हिउँदे अधिवेशनलाई विधायिकी कार्यमा परिणाममुखी बनाउन सरकार, दलहरू र सांसदहरू जिम्मेवार बन्नुपर्ने बताए । 'कार्यतालिका बनाएर सदनलाई वैज्ञानिक र व्यावहारिक बनाउने कोसिस रहन्छ । विधेयक अधिवेशन भएकाले पहिलो प्राथमिकता विधेयक नै हुन्छ । प्रिबजेट छलफललाई पनि रचनात्मक र परिणाममुखी बनाउनुपर्नेछ । जनसरोकारका मुद्दाहरू पनि छ । यी विषय सरकार, संसद्‌का पदाधिकारी, दल, सांसद सबैको प्राथमिकतामा पर्नुपर्छ । बिचमा आएका कुरामा अलमलिने, फाटेर जाने कुरा हुनुहुँदैन भन्नेमा सबै स्पष्ट हुनुपर्छ,' उनले भने ।

सरकारले हिउँदे अधिवेशनलाई पूर्ण रूपमा विधेयक अधिवेशन बनाउने तयारी गरेको कानुनमन्त्री अजय चौरसियाले बताए । विधेयकहरूको मस्यौदा द्रुत गतिमा भइरहेको उनको भनाइ छ । 'केही विधेयक संसद्‌मा दर्ता भइसकेका छन् । यसबिचमा थप विधेयकहरू दर्ता हुन्छन् । समितिमा रहेका विधेयकहरू पनि आउँछन्,' उनले भने । देवानी फौजदारी, न्यायपालिकासम्बन्धी केही ऐनमा संशोधनका लागि कानुन मन्त्रालयले नै पाँच विधेयक तयार गरिरहेको उनले बताए । 'यी विधेयकमा राजनीतिक तहमा केही छलफल गर्न बाँकी छ । त्यसपछि दर्ता गराउँछौँ,' उनले भने ।

मन्त्री चौरसियाले एकीकृत निर्वाचन कानुन पनि छिट्टै संसद्‌मा दर्ता हुने बताए । 'अरू विभिन्न मन्त्रालयबाट विधेयक तयार भइरहेका छन् । कुनै अन्तिम अवस्थामा छन्, कुनै क्याबिनेटले स्वीकृत गरेको अवस्था छ, कुनै तयार हुँदै छन्,' उनले भने, 'यो अधिवेशनलाई विधेयक अधिवेशन बनाउने तयारी छ ।'

शुक्रबार १ बजेका लागि संघीय संसद्‌का दुवै सदन (प्रतिनिधिसभा र राष्ट्रिय सभा)को बैठकको सम्पूर्ण तयारी पूरा भएको संसद् सचिवालयले जनाएको छ । 'सिट व्यवस्थापनलगायत सभाभित्रको सबै प्राविधिक तयारी पूरा भएको छ,' संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले भने, 'बैठकको कार्यसूची र अधिवेशनको पाक्षिक कार्यतालिका पनि कार्यव्यवस्था तथा परामर्श समितिले तय गरेको छ ।' हिउँदे अधिवेशन सञ्चालनका लागि प्रतिनिधिसभाले ३० माघसम्मको क्यालेन्डर पारित गरेको छ भने राष्ट्रिय सभाले १५ फागुनसम्मको क्यालेन्डर बनाएको छ । क्यालेन्डरअनुसार दुवै सभामा पहिलो दिन शीर्ष नेताले सम्बोधन गर्ने कार्यसूची तय भएको छ । तय भएको कार्यतालिकामा प्रतिनिधिसभाले चारवटा (विधायन, बैंकिङ कसुर, सुरक्षित कारोबार, भ्रष्टाचार निवारण) विधेयक पारित गर्ने कार्यसूची छ । राष्ट्रिय सभाले मिडिया काउन्सिल, नवीकरणीय ऊर्जा, तिलगंगा नेत्र विश्वविद्यालय र कानुन व्यवसायी परिषद्‌सम्बन्धी विधेयक पारित गर्ने कार्यतालिका छ । साथै, दुवै सभामा अध्यादेश स्वीकृतिका लागि प्रस्ताव गर्ने कार्यतालिका छ ।

संसद्‌मा ३० विधेयक विचाराधीन

संसद् सचिवालयका अनुसार संघीय संसद्‌मा ३० विधेयक विचाराधीन छन् । प्रतिनिधिसभामा समितितर्फ १५ र सभामा ८ गरी २३ विधेयक तथा राष्ट्रिय सभातर्फ समितिमा चार र सभामा तीन गरी सात विधेयक रहेको संसद् सचिवालयका सहायक प्रवक्ता अनन्त कोइरालाले बताए । उनका अनुसार प्रतिनिधिसभाअन्तर्गत ६ समितिमा १५ विधेयक छन् । राज्यव्यवस्था समितिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन) विधेयक, संघीय निजामती सेवा विधेयक छन् । त्यस्तै, कानुन समितिमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक छ । शिक्षा समितिमा विद्यालय शिक्षा विधेयक र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक छ । पूर्वाधार समितिमा विद्युत् विधेयक र जलस्रोत विधेयक छ । अर्थ समितिमा भन्सार विधेयक, बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, धितोपत्रसम्बन्धी (पहिलो संशोधन) विधेयक र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक छ । यद्यपि, आर्थिक कार्यविधि विधेयक फिर्ता लिन सरकारले निवेदन दिएको छ । तर, संसदीय प्रक्रियामा गइसकेको छैन । उद्योग समितिमा विद्युतीय व्यापार विधेयक छ ।

सभामा समितिको प्रतिवेदनसहित पेस भएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी (पहिलो संशोधन) विधेयक, विधायनसम्बन्धी विधेयक, बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक छन् । त्यस्तै, राष्ट्रिय सभाबाट पारित भएर आएको राष्ट्रिय मर्यादासम्बन्धी गैरसरकारी विधेयक छ । सभामा दर्ता भएको मानव शरीर जलन नियन्त्रण तथा सजायसम्बन्धी गैरसरकारी विधेयक पनि विचाराधीन छन् । त्यस्तै, सरकारले हालै दर्ता गरेको नागरिकता (दोस्रो संशोधन) विधेयक, नेपाल प्रहरी र सशस्त्र प्रहरीसम्बन्धी दुइटा विधेयक पनि प्रतिनिधिसभामा छन् । कोइरालाका अनुसार राष्ट्रिय सभा समितिमा मिडिया काउन्सिल विधेयक, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, तिलगंगा नेत्र विश्वविद्यालय विधेयक र नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक विधायन व्यवस्थापन समितिमा विचाराधीन छन् । सभामा पानीजहाज (सञ्चालन तथा व्यवस्थापन), राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक र सामाजिक सञ्जाल विधेयक विचाराधीन छन् । संसद् सचिवालयका अनुसार चार मंसिरको आमनिर्वाचनपछि सम्पन्न संघीय संसद्‌का चार अधिवेशनमा १७ कानुन बनेका छन् । जसमा बजेटसम्बन्धी ७ वटा नियमित छन् । बजेटबाहेक १० वटा मात्रै ऐन संसद्‌ले बनाएको छ । संविधानअनुकूल अझै ३९ कानुन बन्न बाँकी छन् ।

सदन धकेलेर...

पृष्ठ १ बाट क्रमशः

'सरकारले सदन बोलाउने वेलामा नै जसरी अध्यादेश ल्यायो, यो प्रक्रियाको हिसाबले नै बेठिक छ । सँगसँगै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन त सरकारले अध्यादेशमा छिटो गर्ने भनेको छ, तर त्यो संसद्‌को अर्थ समितिमा छलफलमै छ । त्यहाँबाट छलफल गरेर पारित गर्दा झन् छिटो हुन्थ्यो । सरकारले त्यसलाई पनि मिनिमाइज गरेर अध्यादेश ल्याएको छ,' उनले भने, 'त्यसलाई अस्वीकार गर्नुपर्छ भन्ने सर्वसम्मत निर्णय भएको छ ।'

अध्यादेश आवश्यक नभएको विषय संसदीय प्रक्रियाअनुसार नै उठाउने एकीकृत समाजवादीका वरिष्ठ नेता एवं राष्ट्रिय सभा दलका नेता डा. बेदुराम भुसालले बताए । उनले भने, 'संसद् बैठक धकेलेर विधेयक ल्याउन आवश्यक थिएन । संसदीय नियमअनुसार विरोधको सूचना दिने निर्णय बैठकले गरेको छ । विरोधको सूचना नदिएको अवस्थामा पास कि फेल भन्ने हुन्छ । तर, विरोधको सूचना दिएपछि त्यो आवश्यक थियो कि थिएन भन्ने सैद्धान्तिक छलफल हुन्छ,' उनले भने ।

सदनलाई सशक्त ढंगबाट जनताका आवाज मुखरित गर्ने ठाउँ बनाउनुपर्नेमा पनि विपक्षी दलहरू एकमत भएका छन् । 'संसद्‌मा व्यवस्थित रूपमा जनताका सरोकारलाई उठाउनेबारेमा एकमत बनेको छ । सुशासनदेखि जनजीविकासम्मका विषय सशक्त रूपमा उठाउनेछौँ,' माओवादी प्रमुख सचेतक पाण्डेले भने, 'जनताका आवाज सदनमा गम्भीर ढंगले उठाउँछौँ ।' बढ्दो महँगी, भ्रष्टाचारलगायतका विषय विपक्षी दलहरूले उठाउने तयारी गरेका छन् । सरकारविरुद्ध आवश्यक परे सडक आन्दोलनको तयारीसमेत गर्ने चेतावनी पाण्डेले दिए ।

मधेशकेन्द्रित आठ दल संसद्‌मा साझा धारणा बनाएर प्रस्तुत हुने, एजेन्डा तय गर्न कार्यदल गठन

मधेशकेन्द्रित ८ दलले संसद्‌मा साझा धारणा बनाएर प्रस्तुत हुने निष्कर्ष निकाल्दै सहकार्यका लागि साझा एजेन्डा तय गर्न कार्यदल गठन गरेका छन् । जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी, जसपा नेपाल, नागरिक उन्मुक्ति, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), राष्ट्रिय मुक्ति, जनता प्रगतिशील र तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)ले प्रत्येकबाट एक-एक सदस्य रहने गरी कार्यदल गठन गरेका हुन् ।

कार्यदलमा जसपाबाट इस्तियाक राई, जनमतबाट शरदसिंह यादव, जसपा नेपालबाट मनीष सुमन, नागरिक उन्मुक्तिबाट गंगाराम चौधरी, लोसपाबाट लक्ष्मणलाल कर्ण, राष्ट्रिय मुक्तिबाट केशव झा, जनता प्रगतिशीलबाट शिवजी यादव र तमलोपाबाट ब्रजेश सिंह सदस्य छन् ।

सिंहदरबारमा बिहीबार बसेको बैठकले ८ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरेको राष्ट्रिय मुक्ति पार्टीका नेता केशव झाले जानकारी दिए । कार्यदलले साझा एजेन्डाका मस्यौदा तय गर्ने उनले बताए । 'कार्यदलले साझा एजेन्डा तय गर्छ । हामी संसद्‌मा पनि साझा धारणा बनाएर प्रस्तुत हुन्छौँ,' झाले भने ।

सामाजिक सञ्जालसम्बन्धी विधेयक, भूमिसम्बन्धी अध्यादेश, संविधान संशोधन, निर्वाचन ऐनलगायत समसामयिक विषयमा पनि साझा धारणा बनाएर जाने समझदारी बनेको जसपा नेपालका प्रवक्ता मनीष सुमनले बताए । 'बैठकमा विचार राख्ने साथीहरूले सामाजिक सञ्जालसम्बन्धी विधेयक र भूमिसम्बन्धी अध्यादेश गलत रहेको बताउनुभयो । त्यसमा साझा धारणा बनाएर संसद्‌मा विरोध गर्ने समझदारी छ । कार्यदलले साझा धारणा बनाउँछ,' सुमनले भने, 'संविधान संशोधन, निर्वाचन ऐनदेखि जनजीविकाको विषयसम्म समान धारणा बनाएर अघि बढ्छौँ ।' कार्यदलको बैठक नियमित बस्ने र संसद्‌मा पनि समान ढंगले प्रस्तुत हुने सुमनले बताए । मोर्चाको नाम केही दिनमै कार्यदलले नै टुंगो लगाउने उनको भनाइ छ ।

बैठकमा जसपाबाट रेणु यादव, जनमतबाट शरदसिंह यादव, जसपा नेपालबाट राजकिशोर यादव, रामकुमार शर्मा र मनीष सुमन, नागरिक उन्मुक्तिबाट लालवीर चौधरी र गंगा चौधरी, लोसपाबाट सर्वेन्द्रनाथ शुक्ल र लक्ष्मणलाल कर्ण, राष्ट्रिय मुक्तिबाट रामनरेश राय, केशव झा र सन्तोष मेहता, जनता प्रगतिशीलबाट हृदयेश त्रिपाठी, शिवजी यादव, सब्बिर हुसैन र तमलोपाबाट वृशेषचन्द्र लाल र विजय सिंह सहभागी थिए । मधेशकेन्द्रित दल विभाजित हुँदा एजेन्डा कमजोर बनेको ठहर नेताहरूको छ ।

विपक्षी मात्रै...

पृष्ठ १ बाट क्रमशः

स्वतन्त्रता संकुचित पार्ने विधेयक पारित गर्न खोजेर सरकारले लोकतन्त्रकै भद्दा मजाक गरेको भन्दै विरोध गरेको छ । 'सरकारले सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्‌भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लाटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने उद्देश्यले विधेयक ल्याएको दाबी गरिए पनि विधेयकमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा असर पार्ने गरी राखिएका प्रावधानप्रति प्रेस युनियन आपत्ति व्यक्त गर्दछ,' युनियनका महासचिव दिलीप पौडेलले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

सामाजिक सञ्जालमा अभिव्यक्त विचारलाई आधार बनाएर फौजदारी कसुर आकर्षित हुने गरी कानुनी व्यवस्था गर्न खोज्नु लोकतान्त्रिक व्यवस्थालाई कमजोर बनाउने प्रयास रहेको युनियनको ठहर छ । 'संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई लोकतान्त्रिक व्यवस्थामा नियन्त्रणमुखी बनाइनुहुँदैन । सामाजिक सञ्जाल व्यवस्थित गर्ने नाममा विधेयकले आमनागरिकको संवैधानिक हकलाई नियन्त्रण गर्न खोजेको युनियनको ठहर छ,' विज्ञप्तिमा उल्लेख छ । सामाजिक सञ्जालमा लेखेकै आधारमा न्यायिक परीक्षणविना नै दण्डित गर्ने व्यवस्थाले विधेयकप्रति सशंकित बनाएको युनियनले जनाएको छ । यसअघि नेपाल पत्रकार महासंघसहित प्रेससम्बद्ध विभिन्न संघ-संगठनले पनि विधेयकको विरोध गरिसकेका छन् ।

रास्वपाले पनि विधेयकका प्रावधानहरूप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै वाक तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी कुनै पनि कानुन स्वीकार्य नहुने स्पष्ट पारेको छ । सञ्चारको सबैभन्दा बलियो खम्बाका रूपमा सामाजिक सञ्जालको औचित्य बढ्दो रहेको उल्लेख गर्दै कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'विधेयकका प्रावधानहरूले स्पष्ट रूपमा वाक तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने, आलोचनात्मक अभिव्यक्तिलाई दण्डनीय बनाउने र नागरिक अधिकारमाथि नियन्त्रण लगाउने अलोकतान्त्रिक अभीष्ट प्रकट गरेका छन् । संसदीय व्यवस्थामा संख्यात्मक बहुमतको आडमा नागरिक स्वतन्त्रता संकुचित पार्ने खालका विधेयक पारित गर्न खोज्नु लोकतन्त्रकै भद्दा मजाक हो ।'

त्यस्तै, मधेसका आठ राजनीतिक दलले पनि विधेयकप्रति आपत्ती जनाएका छन् । सिंहदरबारमा बसेको आठ दलको संयुक्त बैठकले विधेयक सामाजिक सञ्जाललाई नियमनभन्दा निण्त्रण गर्नेगरी ल्याएको निष्कर्ष निकालेको हो । 'अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने प्रयासविरुद्ध सशक्त आवाज उठाउनेछौं,' जसपा नेपालका प्रवक्ता मनिष झाले भने ।

सरकारले...

पृष्ठ १ बाट क्रमशः

पनि लिइयोस्, उपभोक्ताहरूबाट पनि प्रतिक्रिया लिएर मात्र अन्तिम रूप दिइयोस्,' ज्ञवालीले भने । तर, सामाजिक सञ्जालबाट हुने भ्रमपूर्ण र मिथ्या सूचनाको प्रभावलाई नियमन गर्न संसारभरि नियमनको प्रबन्धसहितको उपाय अवलम्बन गरिएकाले नेपालले मात्र केही पनि गर्नुहुँदैन भन्ने तर्कबाट लोकतन्त्र बलियो नहुने उनको भनाइ छ । 'एउटा कुरा बुझ्नुपर्छ- खासगरी विश्वले नै मिसइन्फर्मेसन र डिसइन्फर्मेसनको चुनौतीसँग जुध्नका लागि विभिन्न खालको नियमनको प्रबन्धसहितका उपाय अवलम्बन गरेका छन् । यसरी संसारका अरू देशहरूले नियमनको उपाय अवलम्बन गर्न हुने, तर नेपालले केही पनि नियमन गर्नुहुँदैन भन्ने कुराले लोकतन्त्र बलियो बनाउँदैन,' उनले भने, 'हामीले ३० वर्ष लामो पञ्चायती तानाशाही झेलेर आयौँ । हाम्राबिचमा गोलघरभित्र १४ वर्ष जेल बिताएर आएको नेता नेतृत्वमा हुनुहुन्छ । सुगालाई पिँजडाभित्र पखेटा कुँजाएर बस्नुपर्दाको पीडा थाहा भएजस्तै स्वतन्त्रता खोसिँदाको पीडा हामीलाई थाहा छ । त्यसैले वर्तमान सरकारले प्रेस स्वतन्त्रतालाई संकुचन गर्छ कि भन्ने रत्तिभर विश्वास नगर्न आग्रह गर्छु,' ज्ञवालीले भने ।

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

शीलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/१०/१८

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८१/०९/२९ गते विद्युतीय माध्यम (E QUOTATION) एवं हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पर्न आएका दरभाउपत्रहरू मध्ये देहायका दरभाउपत्र न्यूनतम् मूल्याँकित सारभुत रुपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको वोलपत्र मुल्याँकन समितिको मिति २०८१/१०/१५ को निर्णयानुसार स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) एवं गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ६३ बमोजिम सबै दरभाउपत्रदाताहरूको जानकारी समेतका लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र. स.	ठेक्का नं.	कामको विवरण	स्वीकृतीको लागि छनौट भएको फर्मको नाम	कबोल अंक (मुल्य अभिवृद्धि कर समेत)
१	GRM/WORKS/SQ/03/2081/82	Construction of Dirgeshwor Ma.Bi. Toilet	इको एभरेस्ट कन्स्ट्रक्सन एंड सप्लाएर्स, काठमाडौं	९,४५,०७५/८२

प्रमुख प्रशासकिय अधिकृत

Road Division Pyuthan
Jaspur Pyuthan

Notice for the Intention to accept the bid

(Date of publication: **2081/10/18 (31st January 2025)**

Road Division Pyuthan intends to accept the following bid as the lowest evaluated successful bidders for the Contract as mentioned below and hence publishes this notice as per Rule no 84(10) of Public Procurement Rules 2064.

S. N	Contract No.	Description of Work	Substantially Responsive Lowest evaluated Bid	Quoted Amount (NRs, including VAT & PS)
1	**RDPTN/81/82-78**	Maintainance of Office Structures, Road Division Pyuthan, Jaspur	Evina Nirman Sewa ,Pyuthan Municipality-7	NRs. 1,535,080.71

Eligible Bidders may visit **PPMO's website www.bolpatra.gov.np/ppmo e-procurement section** for further information or contact **Road Division Pyuthan** at **Email:-drofficepyuthan@gmail.com.**

Division Chief

सडक विभाग
महाकाली पुल योजना
महेन्द्रनगर, कञ्चनपुर

ठेक्का किन नतोड्ने? सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मितिः २०८१/१०/१८

तपाई श्री **BKOI Builders Pvt. Ltd., Tangal, Kathmandu** ले" **Design & Build of Bridges over Budhi Ganga Bridge, Triveni Na. Pa & Gadkhet Baulikhola Bridge, Bajura Contract ID. BBPCU-DB-337011224-077/78-29"** ठेक्का कार्यको लागि सम्झौता गर्नु भएकोमा, ठेक्काको म्याद समाप्त हुनै लाग्दा समेत भौतिक प्रगति न्यून रहेको र सम्झौता बमोजिम तोकिएको समय भित्र निर्माण कार्य सम्पन्न गर्नका लागि यस अघि पटक पटक लिखित तथा मौखिक आग्रह गर्दा समेत लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्ने सन्दर्भमा कुनै चासो नदेखाएकोले **ठेक्का किन नतोड्ने?** ठेक्का नतोड्नु पर्ने कुनै मनासिब कारण, कार्य सम्पन्न हुन नसकेको कारण भएमा, कारण संगै कार्य सम्पन्न गर्न सक्ने Updated Work Schedule, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिबद्धता सहित आधिकारिक व्यक्ति यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ । अन्यथा यसै सूचनालाई अन्तिम ताकेता मानी सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ तथा नियमावली २०६४ को नियम १२८ र ठेक्का सम्झौताको GCC Clause No.72.1 बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा नियमानुसार कार्य सम्पादन जमानत, धरौटी बापतको रकम तथा पेश्की रकम को १०% ब्याज सहित जफत गर्नुको साथै बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारवाही अघि बढाइने जानकारी समेत गराइन्छ ।

योजना प्रमुख

एमसिसी....

पृष्ठ १ बाट क्रमशः

त्यसपछिको कुनै दायित्व नलिने अमेरिकी सरकारले बताउँदै आएको छ ।

परराष्ट्रका एक अधिकारीका अनुसार पञ्चवर्षीय सम्झौताअन्तर्गत सञ्चालित परियोजनाहरूको समीक्षा गर्ने अमेरिकी राजदूत थम्पसनको भनाइ थियो । 'कतिपय परियोजना अन्तिम चरणमा पुगेका होलान्, कतिपय मध्यम चरणमा होलान्, कतिपय सुरुवाती चरणमा होलान् । कुन चरणको परियोजनाको हकमा के गर्ने भन्ने नीति तय हुँदै छ । तय भएपछि हामी जानकारी दिनेछौँ र सोहीअनुसार साझेदारीका बारेमा थप निर्णय हुन्छ,' अमेरिकी राजदूतलाई उद्धृत गर्दै परराष्ट्र स्रोतले भन्यो ।

अहिले चालू परियोजना वा कार्यक्रम यथावस्थामा स्थगित गर्न तथा निर्णय लागू भएको ९० दिनको समीक्षापछि अमेरिकी सरकारबाट आउने निर्णय कार्यान्वयन हुने युएसएडले सम्बद्ध सबै गैरसरकारी संस्थालाई जानकारी दिइसकेको छ । युएसएडको पत्रबारे अर्थ मन्त्रालयले पनि विज्ञप्तिमार्फत सार्वजनिक गरिसकेको छ । विशेष गरी कृषि, ऊर्जा, मानसिक र बाल स्वास्थ्य, परिवार नियोजन, पोषण, शिक्षा, यातायात, पानी तथा सरसफाइ, खाद्य सहायता, नागरिक समाजलगायतमा युएसएडको सहयोग रहँदै आएको थियो ।

'युएसएड र नेपाल सरकारबिच २२ वैशाख २०७९ मा हस्ताक्षरित विकास उद्देश्य सम्झौता (डेभलपमेन्ट अब्जेक्टिभ एग्रिमेन्ट)मार्फत नेपाललाई प्राप्त भएको अनुदान सहायतामध्ये बजेट प्रणालीमार्फत सबै सञ्चित कोषबाट भुक्तानी हुने प्रकृतिका चारवटा आयोजना क्रमशः युएसएड हेल्थ डाइरेक्ट फाइनान्सिङ प्रोजेक्ट, युएसएड एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ प्रोजेक्ट, युएसएड एजुकेसन डाइरेक्ट फाइनान्सिङ प्रोजेक्ट र युएसएड इन्क्लुसिभपोलिसी डाइरेक्ट फाइनान्सिङ प्रोजेक्टमा प्राप्त अनुदान सहयोग तत्काल ९० दिनका लागि स्थगित भएको युएसएआइडीले पत्रमार्फत जानकारी गराएको छ,' अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईद्वारा सोमबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'यस ९० दिनको अवधिमा स्थगित भएका आयोजनाअन्तर्गत युएसएड स्रोततर्फ कुनै दायित्व सिर्जना गर्ने कार्य नगर्न सम्बन्धित सबै सम्बद्ध निकायहरूलाई जानकारी गराइएको छ ।'

पञ्चवर्षीय सहायता सम्झौताअनुसार युएसएडमार्फत ६५ करोड ९० लाख अमेरिकी डलर (७९.७१ अर्ब रुपैयाँबराबर) को अनुदानमा परियोजनाहरू सञ्चालन हुँदै आएका छन् । सन् २०२६ देखि नेपालको मध्यम आयको मुलुकमा स्तरोन्नति गर्ने लक्ष्यलाई सहयोग गर्न अमेरिकी अनुदान आएको थियो ।

अमेरिकी सहायताले सुदृढ लोकतान्त्रिक शासन, उद्यम-निर्देशित आर्थिक विकासमार्फत र प्राकृतिक विपत् तथा जलवायु परिवर्तनको सबैभन्दा जोखिममा रहेका समुदायहरूको उत्थानशीलता वृद्धि गर्ने लक्ष्य राखेको थियो । आर्थिक सहायताको रकम नेपाल सरकारको रातो किताबमा अभिलेख राखेर त्यसलाई बजेटअन्तर्गत सञ्चित कोषमार्फत वा अन्य माध्यमबाट कार्यान्वयन गर्न थालिएको थियो ।

GEMS THUNDERBOLTS PVT. LTD.
Lalitpur Metropolitan City-23, Lalitpur.

VACANCY ANNOUNCEMENT

Date of Publication: 31st January, 2025

GEMS Thunderbolts Private limited has announced vacancies for the following full-time (Contractual) position and encourages interested candidates to apply by the deadline mentioned below:

Position	No. of Vacancies	Qualification	Experience (minimum)
Technical Director/ Head Coach for Football.	1	•Pro License holder with coaching experience, preferably at the senior national Men's/Women's or professional level, with a proven track record of success. •Coach Educator License holder. •Proven experience as a Technical Director preferably at the professional level, with a proven track record. •Proven experience as a football coach, with a minimum of 5 years at a senior level. •Strong tactical knowledge and understanding of modern football strategies.	10 years

Candidates who meet the requirements in respective positions are requested to send their CV, a cover letter and educational credentials to email: info@thunderbolts.com.np clearly mentioning the position they are applying for in the subject within 15 days (within 15th February, 2025) from the date of publication of this vacancy notice. Selection criteria, process and benefits will be in accordance with company rules and regulation. Only shortlisted candidates will be notified for further screening processes.

कृषि ज्ञान केन्द्र
कलैया, बारा

धानको उन्नत बीउ आपुर्तिका लागि शिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/१०/१८)

यस कार्यालयको चालु आ.ब. २०८१/८२ को बार्षिक स्वीकृत बिभिन्न कार्यक्रम अन्तर्गत चैते धानको उन्नत बीउ (हर्दिनाथ १) खरिदमा अनुदान दिने प्रयोजनका लागि सो बीउ उपलब्ध गराउन योग्यता पुगेका ईजाजत प्राप्त संस्था, फर्म तथा कम्पनीबाट कार्यालयले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजपत्र सहित मिति २०८१/११/०४ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउ पत्र पेश गर्न सूचित गरिन्छ । सो सम्बन्धि थप विस्तृत सूचना तथा निर्दिष्ट फाराम कार्यालयको वेबसाईट https://www.bara.akc.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।

उपचारमा...

पृष्ठ १ बाट क्रमशः

फरार रहेको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रवक्ता इन्स्पेक्टर मोहन पोखरेलले बताए ।

'भँडारेखोलामा भएको दुर्घटनाबारे बिहीबार बिहान मात्र जानकारी प्राप्त भयो । घटनाबारे थप अनुसन्धान गर्न जिल्लाबाट प्रहरी टोली परिचालन गरिएको छ,' उनले भने, 'चालक फरार रहेको र सवार तीनैजनाको मृत्यु भएकाले दुर्घटनाको कारण खुल्न सकेको छैन ।'

उपचारमा पठाइएको बिरामीसहित तीनजना आफन्तको एउटै दुर्घटनामा मृत्यु भएको खबर प्राप्त भएपछि गुरुङ परिवार स्तब्ध छ । दुर्घटनाको खबरपछि आफन्तहरू घटनास्थल गएका छन् ।

बास्पानीस्थित आफन्तको मृत्यु कार्य (सुध्याई)मा आउने निम्तालुलाई दिनका लागि रक्सी ठानेर तताउने क्रममा पेट्रोल परेपछि सल्किएको आगोले जलेर माया गम्भीर घाइते भएकी थिइन् । कम्मरमुनिको भाग जलेर गम्भीर घाइते बनेकी मायालाई आफन्तले बास्पानीबाट उद्धार गरी गाडीमा जिल्ला अस्पताल खोटाङ ल्याएर साँझ पाँच बजे भर्ना गरेका थिए । जलनका बिरामीका लागि जिल्ला अस्पताल खोटाङमा उपचारको व्यवस्था नभएकाले प्राथमिक उपचार गरेर काठमाडौं रेफर गरिएको अस्पताल प्रमुख डा. रूपेश संग्रौलाले बताए ।

'उहाँ (माया गुरुङ)को कम्मरमुनिको भाग जलेर निकै ठुलो घाउ बनेको थियो । यहाँ जलनसम्बन्धी उपचार गर्ने व्यवस्था छैन,' उनले भने, 'प्राथमिक उपचार गरेर थप उपचारका लागि काठमाडौं रेफर गरेका थियौँ । बाटोमा दुःखद घटना भएछ ।' दुर्घटनास्थल भँडारेखोला दिक्तेलबाट सवारीसाधनको यात्रामा करिब चार घण्टाको दूरीमा पर्छ ।

अछाममा मोटरसाइकलको ठक्करबाट मृत्यु

अछामको कमलबजार- १ मोटरकाट्यमा मोटरसाइकलको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । कमलबजारबाट तुर्माखाँद जाँदै गरेको सुदूरपश्चिम प्रदेश ०१००८ प ४०३ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा स्थानीय ७२ वर्षीया मैसरा ढकालको ज्यान गएको हो । जिल्ला प्रहरी कार्यालय अछामका प्रमुख डिएसपी ईश्वरीप्रसाद भण्डारीका अनुसार मोटरसाइकलचालक तुर्माखाँद गाउँपालिका- ५ का २३ वर्षीय लक्ष्मणबहादुर शाहीलाई पक्राउ गरिएको छ ।

युवा कानुन व्यवसायी भन्छन्-

नेपालको न्याय प्रणाली नै भ्रष्ट छ

युवा कानुन व्यवसायी सर्वेक्षण प्रतिवेदनमा सहभागी अधिकांशले अदालतका कर्मचारीसँग काम गर्दा आफैँ भ्रष्टाचारमा सहभागी हुनुपरेको वा भ्रष्टाचार भएको देखेको उल्लेख गरेका छन्

शिल्पा कर्ण/नयाँ पत्रिका

भर्खरै कानुन व्यवसाय सुरु गरेका अधिवक्ताहरूले न्यायालयमा भ्रष्टाचार व्याप्त रहेको र यो चिन्ताजनक रहेको बताएका छन् । नेपाल बार एसोसिएसनसमेतको संलग्नतामा ४० वर्षमुनिका कानुन व्यवसायीहरूको बुधबार सम्पन्न सम्मेलनमा प्रस्तुत सर्वेक्षण प्रतिवेदनले यो तथ्य देखाएको हो ।

कार्यालय समयभन्दा बढी घुस कार्यालय समयपछि वा अघि हुने गरेको उनीहरूको भनाइ छ । अदालतका कर्मचारीको टेबुलका घर्रा, शौचालय र फाइलमा समेत पैसा हालेर नदिएसम्म काम नहुने गरेको अनुभव युवा कानुन व्यवसायीको छ । कतिसम्म भने उच्च अदालतमा फाइल पुऱ्याउन लागेका ड्राइभरलाई कागज च्यात्न भनी घुस दिने गरिएको प्रतिवेदनमा उल्लेख छ । एकजना सेवाग्राहीले बढुवाको मुद्दा लामो समयसम्म चलेपछि हैरान भएर ६ हजार रुपैयाँ अदालतका कर्मचारीलाई बुझाएर एक महिनाभित्रैको पेसी लिएर आएको प्रतिवेदनमा उल्लेख छ ।

'सर्वेक्षणमा सहभागी अधिकांश युवा कानुन व्यवसायीले हाल विद्यमान न्यायप्रणाली भ्रष्ट रहेको विश्वास व्यक्त गरेका छन् । उनीहरूमध्ये धेरैले अदालतका कर्मचारीहरूसँग काम गर्दा आफैँ भ्रष्टाचारमा सहभागी हुनुपरेको वा भ्रष्टाचार भएको देखेका रहेछन्,' सर्वेक्षणको सारांशमा भनिएको छ । कर्मचारी र सेवाग्राहीसमेतले घुसका लागि आफूलाई बाध्य बनाएको कानुन व्यवसायीको अनुभव छ ।

सर्वेक्षणमा सहभागीमध्ये ९१.२ प्रतिशतले कानुन क्षेत्रमा भ्रष्टाचार रहेको बताएका थिए । यस्तो अनुभव गर्नेमा २० देखि २५ वर्षका कानुन व्यवसायीको संख्या उल्लेख्य छ । '२५ वर्षभन्दा माथिका उमेर समूहका युवा कानुन व्यवसायीले भ्रष्टाचारलाई आत्मसात् गरिसकेको हुनाले यस्तो चित्रण प्राप्त हुन सक्छ,' सर्वेक्षणमा छ । भ्रष्टाचार रहेको भन्नेमा ५९ प्रतिशत पुरुष र ४१ प्रतिशत महिला थिए ।

४३.७३ प्रतिशतले आफूलाई घुस दिन बाध्य बनाइएको बताएका थिए । झन्डै २८ प्रतिशतले सेवाग्राहीले र ४४ प्रतिशतले कर्मचारी वा सरकारले आफूलाई घुस दिन बाध्य बनाएको सर्वेक्षणका क्रममा बताएका थिए । उनीहरूका अनुसार अदालती प्रक्रियाको हरेक चरणमा घुस दिनुपर्ने बाध्यता छ । मुद्दा दर्ता, फाँटबाट तारिख लिँदा, पेसी तोक्दा, डोर खटाउँदा, सरकारी वकिललाई, मेलमिलाप गराउँदा, विवाह दर्ता गराउँदा, मुद्दा फिर्ता लिँदाजस्ता हरेक प्रक्रियाका लागि केही रकम कर्मचारीलाई दिनुपरेको उनीहरूले सर्वेक्षणमा स्विकारेका छन् ।



युवा कानून व्यवसायी सर्वेक्षण प्रतिवेदन
२०८१
नेपाल बार एशोसिएशन
युवा कानून व्यवसायी सरोकार समिति

> २५ वर्षभन्दा माथिका उमेर समूहका युवा कानुन व्यवसायीले भ्रष्टाचारलाई आत्मसात् गरिसकेको हुनाले यस्तो चित्रण प्राप्त हुन सक्छ

■ ३३२ कानुन व्यवसायीसँग प्रश्नोत्तर गरेर प्रतिवेदन तयार

बार एसोसिएसनका अनुसार सर्वेक्षणमा ३३२ जना सहभागी थिए । उपत्यकामा सबै तहका अदालतमा कार्यरत तथा देशका अन्य भेगमा उच्च अदालतमा कार्यरत युवा कानुन व्यवसायीसँग प्रश्नोत्तर गरी प्रतिवेदन तयार गरिएको हो । बारको युवा कानुन व्यवसायी सरोकार समितिले सम्मेलन आयोजना तथा सर्वेक्षण गरेको थियो ।

सर्वेक्षणका अनुसार ५३ प्रतिशत अदालती अभ्यासमा सक्रिय थिए भने ३३ प्रतिशतभन्दा केही बढी फर्ममा आबद्ध थिए । ६.२१ प्रतिशत कर्पोरेट क्षेत्रमा तथा केही एनजिओ/आइएनजिओ र अनुसन्धान तथा विश्लेषणको क्षेत्रमा कार्यरत छन् । युवा उमेरका झन्डै ६६ प्रतिशत युवा कानुन व्यवसायी मात्र कुनै बार इकाइसँग आबद्ध रहेको तथ्यांक छ । सर्वेक्षणका अनुसार ७५.३ प्रतिशत युवा कानुन व्यवसायीले राजनीतिक प्रभावको कारण कानुनी निर्णयमा दबाब महसुस गरेका छन् । यसैगरी सर्वेक्षणका आधा सहभागीले आफूले बेन्चबाट कुनै हिसाबले भेदभाव गरेको अनुभूत गरेको बताएका छन् । सर्वेक्षणमा सहभागी एकतिहाइ सहभागीले आफ्नै फर्म रहेको बताए पनि उनीहरूसँग स्रोत-साधन निकै कम रहेको देखिएको छ ।

यसैगरी आधा सहभागीले विनाकुनै पारिश्रमिक पेसा सुरु गरेको बताएका थिए । पारिश्रमिक प्राप्त गर्नेले पनि वृद्धिको मापदण्ड नरहेको सर्वेक्षणका क्रममा बताएका छन् ।

धेरै युवा कानुन व्यवसायीहरूको भविष्यमा न्यायाधीश बन्ने मुख्य अभिप्राय रहेको तर मार्गदर्शन एवं अन्तर्पुस्ता ज्ञान हस्तान्तरणको पाटो ज्यादै सीमित रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । यस किसिमका अवसर सीमित रूपमा मात्र प्राप्त हुने अवस्थाका कारण कानुन व्यवसायको विकास एवं व्यक्तिगत विकासमा असर परेको युवा कानुन व्यवसायीले सुनाएको सर्वेक्षणमा उल्लेख छ । उनीहरूले आफ्नो कामलाई व्यवस्थित र प्रभावकारी बनाउन बनाउन कृत्रिम बौद्धिकता (एआई) लगायतका प्रविधिका विभिन्न आयामको प्रभावकारी प्रयोग गर्ने सीप प्राप्त गर्ने इच्छा जाहेर गरेका छन् । अध्ययनले नेपालमा हाल युवा कानुन व्यवसायीहरूले सामना गरिरहेका केही प्रमुख चुनौतीहरूको पहिचान गर्दै उनीहरूको महत्वाकांक्षा र पेसाप्रतिको दृष्टिकोणलाई समेत समावेश गरेको छ । सर्वेक्षण समूहमा अधिवक्ताहरू प्रज्वलराज ज्ञवाली, अभिशेक अधिकारी, डा.आस्था दाहाल, सम्मान हुमागाईं, सन्जु अधिकारी र कविता पराजुली सहभागी थिए ।

■ हमासको नियन्त्रणबाट बिहीबार पाँच थाई नागरिकसहित आठजना मुक्त

चौथो समूहमा विपिन जोशी पनि मुक्त हुने अपेक्षा

नयाँ पत्रिका

प्यालेस्टाइनको गाजास्थित हमास समूहको नियन्त्रणबाट तेस्रो समूहअन्तर्गत बिहीबार साँझ पाँचजना थाई र तीनजना इजरायली नागरिक मुक्त भएका छन् । अन्तर्राष्ट्रिय रेडक्रसको रोहवरमा हमास समूहले उनीहरूलाई मुक्त गरेको समाचार संस्था अलजजिराले समाचारमा उल्लेख गरेको छ । हमास समूहको नियन्त्रणमा रहेका नेपाली नागरिक विपिन जोशी अझै मुक्त भएका छैनन् ।



इजरायली सेनालाई उद्धृत गर्दै अलजजिराले प्रकाशन गरेको समाचारअनुसार हमासको नियन्त्रणबाट तीनजना इजायली (दुई महिला र एक पुरुष) र पाँचजना थाई नागरिक मुक्त भएका छन् । इजरायलले पनि बिहीबार साँझ ११० जना बन्दीलाई जेलमुक्त गरेको छ, जसमा ३० जना बालबालिका छन् । इजरायल र प्यालेस्टिनी हमास समूहबिच ३ माघमा भएको युद्धविराम सम्झौताअनुसार हमास समूहले ६ साताभित्र उसको नियन्त्रणमा रहेका ३३ जनालाई नियन्त्रणमुक्त गर्नुपर्नेछ । यसलाई पहिलो चरण भनिएको छ । यो चरणमा इजरायली नागरिक मात्रै नियन्त्रणमुक्त हुने भनिएकोमा बिहीबार पाँचजना थाई नागरिकसमेत मुक्त भएपछि नेपाली विपिन पनि छिट्टै मुक्त हुने अपेक्षा छ ।

इजरायल र प्यालेस्टाइनको सम्झौताअनुसार पहिलो चरणअन्तर्गत बिहीबारसम्म तीन समूहमा हमासले उसको नियन्त्रणमा रहेकालाई मुक्त गरेको छ । १९ जनवरीमा तीनजना, २५ जनवरीमा चारजना र बिहीबार आठजना गरी १५ जनालाई मुक्त गरिसकेको छ । 'अब चौथो समूहलाई मुक्त गर्दा विपिन जोशी पनि पर्ने अपेक्षा छ, तर हामीलाई यथार्थ जानकारी आएको छैन,' परराष्ट्रका एक अधिकारीले भने, 'इजरायल सरकारले विपिन जोशी जीवित छन् र छिट्टै मुक्त हुन्छन् भन्ने विश्वास छ भन्ने जवाफ दिएको छ । त्यसलाई हामीले आधिकारिक मानेका छौं र हामी विपिनमुक्त हुने प्रतीक्षामा छौं ।'

१९ जनवरीदेखि लागू हुने गरी ६ साता अर्थात् फेब्रुअरीभित्र हमासले ३३ जनालाई मुक्त गर्ने प्रतिबद्धता जनाएको छ । त्यतिन्जेल इजरायलको जेलमा रहेका करिब दुई हजार प्यालेस्टिनी नागरिक पनि मुक्त हुनेछन् । इजरायलका सञ्चारमाध्यमका अनुसार २० असोज ०८० पछि हमास समूहको नियन्त्रणमा २५१ जना रहेकोमा ३४ जनाको मृत्यु भएको छ । उनीहरूको नियन्त्रणमा ३१ जना विदेशी नागरिक छन् । यीमध्ये विपिनसहित विदेशी नागरिक जीवित रहेको इजरायली कूटनीतिक अधिकारीले नेपाली कूटनीतिक अधिकारीलाई जानकारी दिएका छन् । इजरायली क्षेत्रमा हमासले गरेको आक्रमणका क्रममा २० असोज ०८० मा त्यहाँ अध्ययनरत विपिन जोशीसमेत नियन्त्रणमा परेका थिए । आक्रमणबाट अन्य १० नेपाली विद्यार्थीको ज्यान गएको थियो । उक्त घटनामा हमासले २५१ जनालाई बन्धक बनाएर लगेको थियो ।

संक्षेप

विद्यालय शिक्षा विधेयक पारित गर्न नसके पद छाड्छु : शिक्षामन्त्री



काठमाडौं/ शिक्षामन्त्री विद्या भट्टराईले विद्यालय शिक्षा विधेयक पारित गर्न नसके पद छाड्ने बताएकी छिन् । बिहीबार एमालेको भ्रातृ संगठन नेपाल राष्ट्रिय शिक्षक संगठनको प्रथम प्रदेश परिषद् बैठकमा उनले विद्यालय शिक्षा विधेयकबारे आफू अत्यन्तै दबाबमा रहेको बताउँदै संसद्बाट पारित गर्न नसकेमा पदबाट राजीनामासमेत दिने घोषणा गरिन् । यो विधेयक पार लगाउन नसकेको अवस्थामा शिक्षामन्त्रीको पदमा बस्न आवश्यक नरहेको उनको भनाइ थियो । 'यदि विद्यालय शिक्षा ऐन आउँदैन, विधेयक बन्दैन भने म पद छोड्छु । विधेयक ल्याउने भनेर कुर्सीमा बसेको हो, सक्दिनँ भन्ने लाग्यो भने बस्दिनँ,' उनले भनिन्, 'काम गर्न सक्दिनँ भन्ने लागेको क्षण पद छोड्न तयार छु ।' हाल संसद्को शिक्षा, स्वास्थ्य समितिमा विद्यालय विधेयक छलफलकै क्रममा छ । विधेयकमाथि समितिले सातै प्रदेशबाट सुझाव संकलन गरी त्यसलाई एकीकृत र अद्यावधिक गरिरहेको छ ।

सांस्कृतिक धरोहरको क्षति नहुने गरी केबलकार निर्माण गर्नुपर्नेमा कांग्रेसको जोड

ताप्लेजुङ/ कांग्रेस ताप्लेजुङले 'पहिचान पनि नमेटिने र सबैको अस्तित्व समाप्त नहुने गरी' सहमतिमा पाथीभरा क्षेत्रमा केबलकार निर्माण गर्नुपर्नेमा जोड दिएको छ । बिहीबार पत्रकार सम्मेलनमार्फत कांग्रेसले पहिलोपटक पाथीभरामा केबलकार निर्माण हुनुपर्ने धारणा सार्वजनिक गरेको हो । कांग्रेस ताप्लेजुङ सभापति गजेन्द्रप्रसाद तुम्याहाङले केबलकार निर्माण पक्ष र आन्दोलनरत पक्ष दुवैतर्फबाट भएको द्वन्द्वले सामाजिक सद्भावमा खलल पुग्ने भएकाले सहमति, सहकार्य र वार्ताबाट मात्र सबै किसिमका विकास निर्माणका काम सम्भव हुने उनले बताए । कांग्रेसले जारी गरेको विज्ञप्तिमा पाथीभरा क्षेत्रमा सौन्दर्य, प्रकृति र शक्तिलाई बाधा नपर्ने गरी शान्तिपूर्ण ढंगले केबलकार निर्माण गर्नुपर्ने जनाएको छ । विज्ञप्तिमा धार्मिक र सांस्कृतिक स्थल रक्षामा लागेका आन्दोलनकारीलाई वार्ताको टेबुलमा आएर संवाद र सहमतिका माध्यमबाट अघि बढ्न आग्रह गरिएको छ । अनिश्चितकालीन बन्द-हडतालले जनजीवन अस्तव्यस्त भएको भन्दै कांग्रेसले उचित समयमा उचित निर्णय गरी विरोधका गतिविधि फिर्ता लिन आन्दोलनरत पक्षलाई आग्रहसमेत गरेको छ ।

एक करोड पाँच लाख मूल्यबराबरको स्वास्थ्य सामग्री सहयोग



लहान/ हेल्पिङ हर्ट नेपालले सिराहाको धनगढीमाईस्थित नयनपुर नगर अस्पताल, सुखीपुर नगरपालिकाको आधारभूत अस्पताल र अर्नामा गाउँपालिका महनौरस्थित स्वास्थ्य चौकीलाई एक करोड पाँच लाख रुपैयाँ मूल्यका स्वास्थ्य सामग्री उपलब्ध गराएको छ । हेल्पिङ ह्यान्ड फर रिलिफ एन्ड डेभलपमेन्ट युएसएको आर्थिक सहयोगमा गरिब, विपन्न, असहायलाई निःशुल्क तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि सघाउ पुऱ्याउने उद्देश्यले स्वास्थ्य सामग्री सहयोगस्वरूप उपलब्ध गराइएको हेल्पिङ हर्ट नेपालका अध्यक्ष जियाउद्दिन खानले बताए । उनका अनुसार अस्पताल र स्वास्थ्य चौकीलाई प्रसूति बेड, सर्जिकल सामग्री, ह्विलचियर, औषधि, ग्लोब्स, सिरिन्जलगायत आवश्यक सामग्री र उपकरण उपलब्ध गराइएको हो । 'अस्पताल र स्वास्थ्य चौकीलाई आवश्यक पर्ने औषधि, उपकरण निःशुल्क उपलब्ध गराइएको हो,' उनले भने, 'उक्त सहयोगपछि गरिब, विपन्नले गुणस्तरीय र निःशुल्क स्वास्थ्य सेवा पाउने अपेक्षा गरिएको छ ।' स्वास्थ्य सामग्री स्थानीय जनप्रतिनिधि, मधेश प्रदेश सांसद, स्वास्थ्यकर्मीलगायतको उपस्थितिमा हस्तान्तरण गरिएको उनले बताए । अस्पताललाई प्राप्त स्वास्थ्य सामग्री तथा उपकरणले बिरामीलाई स्तरीय स्वास्थ्य सेवा दिन महत्त्वपूर्ण सहयोग पुग्ने धनगढीमाई नगरका स्वास्थ्य शाखा प्रमुख विश्वेश्वरप्रसाद यादवले बताए । 'नगरपालिकाले आफ्नो स्रोतले भ्याएसम्म गरिरहेको छ,' उनले भने, 'संस्थाको सहयोगले सेवा सुधारसँगै प्रवाह गर्न सहज हुनेछ ।'

■ मनाइयो सोनाम ल्होछार



मञ्जुश्री पात्रोअनुसार २८६१औं वर्ष सुरु भएको अवसरमा बिहीबार टुँडिखेलमा आयोजित सोनाम ल्होछार कार्यक्रममा नृत्य प्रस्तुत गर्दै तामाङ समुदायकी एक महिला । **तस्बिर : संजित परियार**/नयाँ पत्रिका

■ झलनाथ खनाललाई संवैधानिक इजलासले भन्यो-

गोस्वारा रूपमा आक्षेप लगाइयो, पुष्टि हुने आधार पेस नगर्नु शोभनीय हुँदैन



काठमाडौं/ पूर्वप्रधानमन्त्री झलनाथ खनालले ०७९ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा धाँधली भएको र पुनः निर्वाचनको मागलाई सर्वोच्च अदालतले 'गोस्वारा रूपमा आक्षेप लगाएको' जवाफ दिएको छ । उनले गरेको पुनः निर्वाचनको निवेदनउपर फैसला गर्दै सर्वोच्चको संवैधानिक इजलासले यस्तो व्यवहार शोभनीय नहुनेसमेत उल्लेख गरेको छ । 'जब उम्मेदवारले नै गोस्वारा रूपमा कर्मचारीहरूलाई दोषारोपण गर्ने, तर वस्तुनिष्ठ प्रमाण दिन, दिलाउन नसक्ने हुन्छ, यसले उम्मेदवारकै कमजोरी प्रदर्शन गरेको भनी बुझ्नुपर्ने हुन्छ । ... निर्वाचनबाट इच्छित परिणाम नआएको अवस्थामा पछि मात्र सोचविचार गरेर निर्वाचनमा संलग्न अन्य पक्षहरूमाथि गोस्वारा रूपमा आक्षेप लगाउने, तर सोको पुष्टि हुने कुनै प्रकारको आधार कारण पेस नगर्ने कार्य कुनै पनि उम्मेदवारको लागि शोभनीय हुँदैन,' उजुरी निवेदन खारेज गर्दै फैसलामा भनिएको छ ।

तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ तथा न्यायाधीशहरू प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना र मनोजकुमार शर्माको इजलासले फैसलामार्फत यस्तो भनेका हुन् । खनालले निर्वाचन आयोग, निर्वाचन अधिकृत तथा इलाम १ बाट विजयी महेश बस्नेतलाई विपक्षी बनाई निर्वाचन बदर गरी पुनः निर्वाचन गराउन माग गर्दै मुद्दा दायर गरेका थिए । २७ मंसिर ०७९ मा मुद्दामाथि गत ५ असारमा फैसला भएको हो । निर्वाचनमा १३६ मतदान केन्द्रमा गरी ५९ हजार ५८८ मत खसेको थियो । खनाल बस्नेतसँग २ हजार ६६४ मतले पराजित भएका थिए । तर, हार निश्चित भएपछि धाँधलीको आरोप लगाएको सर्वोच्चले फैसलामा उल्लेख गरेको छ । संवैधानिक इजलासले भनेको छ, 'निर्वाचनमा सहभागी भएकोमा पराजित हुने अवस्था देखिएपछि कुनै उम्मेद्वारले वस्तुपरक र तथ्यपरक आधारविना निर्वाचन धाँधलीपूर्ण भएको, स्वच्छ, निष्पक्ष, भयरहित, पारदर्शी र विश्वसनीय नभएको भनी आरोप लगाउनु शोभनीय हुँदैन ।'

अझै मिलेन पिजी विवाद

निजी मेडिकल कलेजले तलब बढाउन नमानेपछि आवासीय चिकित्सकहरू आन्दोलनमा

शिवहरि घिमिरे/नयाँ पत्रिका

विशेषज्ञ डाक्टर बन्न पोस्ट ग्र्याजुएट (पिजी) तह अध्ययन गरिरहेका आवासीय चिकित्सक आन्दोलनमा उत्रिएका छन् । सरकारी र निजी मेडिकल कलेजमा पिजी तहको पारिश्रमिक एउटै हुनुपर्ने माग राख्दै उनीहरू दुई दिनदेखि माइतीघर मण्डलामा आन्दोलनमा छन् ।

हाल पिजी अध्ययन गर्दा निजी मेडिकल कलेजले चिकित्सकलाई न्यूनतम १७ हजारदेखि अधिकतम २२ हजार पाँच सय रुपैयाँसम्म मात्रै तलब तथा निर्वाह भत्ता भनेर दिने गरेका छन् । पढाइकै बिचमा मेडिकल कजेल सञ्चालन गर्न अहोरात्र खटिँदा सो निर्वाह भत्ता अत्यन्त न्यून भएको भन्दै उनीहरूले असन्तुष्टि जनाएका छन् । आफूहरूको तलब सरकारीसरह बनाउनुपर्ने पिजी तह अध्ययन गरिरहेका आवासीय चिकित्सकहरूको माग छ ।

दुई वर्षदेखि तलब वृद्धिको माग गर्दै आइरहेका चिकित्सिकहरूले सुरक्षित कार्यस्थल संघर्ष समिति खडा गरेर सरकार र निजी मेडिकल कलेजलाई दबाब दिँदै आएका छन् । 'हामीले श्रमको मूल्य बराबर हुनुपर्छ भनेका छौं । पिजीमा शुल्क लिन र पढाइपछि दुई वर्ष सेवामा लगाउन पाइँदैन भन्ने पनि हाम्रो माग हो,' आवासीय चिकित्सकहरूको आन्दोलनको नेतृत्व गरिरहेका डा. शेषराज घिमिरेले भने, 'मासिक पारिश्रमिक सरकारीसरह दिनुपऱ्यो, शिक्षा र स्वास्थ्यमन्त्रीज्यूले गरेको निर्णय हाम्रा लागि मान्य छैन ।'

हाल नेपालमा आवासीय चिकित्सकको संख्या चार हजार पाँच सयहाराहारी छ । सरकारी मेडिकल कलेजहरूले तलब तथा निर्वाह भत्ता भनेर मासिक ४८ हजार रुपैयाँ दिने गरेका छन् । तर, निजीले भने त्यसको आधा पनि दिने गरेका छैनन् । श्रमको मूल्यांकन नगरी निकै कम तलब दिएकोमा पिजी अध्ययनरत चिकित्सकहरूको आपत्ति छ ।

उनीहरूले दुई वर्षअघिदेखि आपत्ति जनाएपछि समस्या समाधानका लागि ०८० असोजमा पिजी तह अध्ययनरत चिकित्सक, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, चिकित्सा शिक्षा आयोगलगायतबिच सहमति भएको थियो । त्यसवेला आवासीय, इन्टर्न र सबै स्वास्थ्यकर्मीको तलब सरकारी र निजीमा बराबर गर्ने, सुझाब कार्यदल गठन गर्ने र व्यवस्थित बनाउने निर्णय भएको थियो । तर, कार्यान्वयन हुन नसकेको भन्दै चिकित्सकहरू फेरि आन्दोलनमा उत्रिएका हुन् । यस विषयमा अध्ययन गर्न गठित कार्यदलले आवासीय चिकित्सका माग सम्बोधन गर्नुपर्ने र अन्यायपूर्ण रहेको सुझाव दिँदै पुस दोस्रो साता स्वास्थ्य मन्त्रालयलाई प्रतिवेदन बुझाएको थियो । तर, त्यसको कार्यान्वयन हुन नसकेको चिकित्सकहरूको गुनासो छ ।

पछिल्लो समय शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय र चिकित्सा शिक्षा आयोगले विद्यार्थी र निजी मेडिकल कलेजको मध्यमार्गी भूमिकामा रही वर्षअनुसार पारिश्रमिक निर्धारण गर्ने व्यवस्था गरेका थिए । तीनवर्षे पिजी तह अध्ययन गर्दा एकै किसिमको पारिश्रमिक दिन नहुने र माथिल्लो तहमा पुग्दा बढाउनुपर्ने निर्णय मन्त्रालयले गरेको थियो । जसमा पहिलो वर्ष २५ हजार, दोस्रो वर्ष ३० हजार र तेस्रो वर्ष ३५ हजार रुपैयाँका दरले मासिक तलब तथा निर्वाह भत्ता उपलब्ध गराउनुपर्ने निर्णय भएको थियो । तर, त्यसमा पिजी अध्ययनरत चिकित्सकहरू सहमत छैनन् ।

पिजी अध्ययनरत चिकित्सकलाई सरकारीसरह तलब दिन निजीले मान्दैनन्



■ **डा. प्रकाश बुढाथोकी**, प्रवक्ता, स्वास्थ्य मन्त्रालय

सरकारीले जति निजीले एकैपटक त्यति तलब दिन सक्दैनौं भनेर अडान लिएका छन्, तर विद्यार्थी सरकारीसरह माग गर्छन्, यता निजी मेडिकल कलेजहरू बरु बढाउँदैनौं भन्छन्, रोइकराई गरेर पाँच हजार भए पनि बढाएका थियौं । तर, विद्यार्थीहरू अझै मान्दैनन्, मन्त्रालय नै अप्ठेरोमा छ, मन्त्रालयले विद्यार्थीलाई केही वर्षमा सरकारीसरह बनाउन सकिन्छ भनेर पनि सहमति गर्न खोजेको हो, तर विद्यार्थीको असहमति कायमै छ ।

सरकारीसरह तलब दिन नसक्ने निजी मेडिकल कलेजको अडान

निजी मेडिकल कलेजका समस्या आफ्नै छन् । उनीहरूले प्रतिविद्यार्थी चर्को शुल्क सरकारलाई बुझाउनुपर्छ । विद्यार्थीबाट लिएको शुल्क र खर्च कटौती गर्दा हिसाबकिताब बराबरजस्तै हुन आउने भएकाले निजी मेडिकल कलेजहरू तलब बढाउने पक्षमा छैनन् । 'हामीले विद्यार्थी र सरकारलाई मार पार्न खोजेकै होइनौं, तर मेडिकल शिक्षाप्रति सरकारको नजर सही भएन, हिजो जे थियो त्यहीअनुसार हामी चल्न सक्दैनौं,' एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेज अफ नेपालका अध्यक्ष प्रा.डा. ज्ञानेन्द्रमानसिंह कार्कीले भने, 'हाम्रो अहिलेको मुख्य माग भनेको विद्यार्थीले पढिसकेपछि दुई वर्ष सेवा दिनुपऱ्यो भन्ने हो, तर यसमा सरकार सहमत छैन ।' उनले यसो गर्दा मेडिकल कलेजमा विज्ञ डाक्टरको कमी नहुने र निजीमा नचाहिने अवस्था भएका त्यस्ता डाक्टरहरू सरकारीमा समेत पठाउन सकिने बताए ।

हाल पिजी सकिनेबित्तिकै विदेश जाने लहरसमेत चलेकाले डाक्टर रोक्ने सूत्र आफूहरूसँग रहेको कार्कीले बताए । 'हामीले अघि सारेको प्रस्ताव प्रधानमन्त्रीले राम्रो भनेर भन्नुभयो, स्वास्थ्यमन्त्री र शिक्षामन्त्रीलाई पास गर्नुस् भन्नुभयो, तर अझै पास हुन सकेको छैन,' उनले भने, 'दुई वर्ष सेवा दिनुस्, हामी सरकारी तलबमा काम लगाउँछौं, कि त २२ लाख ९० हजार तिरेर यथास्थितिमै पढ्नुहोस् भनेर भनेका छौं, यसमा त राज्य खुसी हुनुपर्ने हो, तर किन बुझ्न सकेको छैन अचम्म छ ।'

जलवायु परिवर्तन र विपत्‌बिचको अन्तरसम्बन्ध

जलवायु परिवर्तनले प्रकोपको आवृत्ति र तीव्रता, समुदाय र व्यक्तिहरूको जोखिम एवं पानी तथा खाद्य सुरक्षामा तनाव बढाउँछ



● रामबहादुर केसी

अग्रलेख

एक्काइसौँ शताब्दीमा जलवायु परिवर्तनबारे कुरा नगरी वातावरणबारे कुरा गर्नु लगभग असम्भव छ भने प्राकृतिक प्रकोपबारे कुरा नगरी जलवायु परिवर्तनबारे कुरा गर्नु पनि सम्भव छैन। विश्वव्यापी तापक्रम वृद्धि, बढ्दो समुद्री सतह र बारम्बार खडेरी सबै उही कथाका अंश हुन्। तीव्र जलवायु प्रेरित बाढी, आँधीबेहरी, खडेरी, तातो हावाको लहर (लु), आगलागीजस्ता प्रकोप विश्वव्यापी रूपमा बढ्दै गएका छन्। एकै समयमा वायुमण्डलमा हरितगृह ग्यासको बढ्दो घनत्वसँगै तापक्रम औसतमा बढ्दै गएको छ र थप परिवर्तनशील एवं बिकराल हुँदै गइरहेको छ। वर्षा पनि थप परिवर्तनशील र बिकराल भएको छ।

कुनै स्थान विशेषमा लामो अन्तरालमा औसत मौसम अर्थात् तापक्रम, वर्षा, हावाको बहाव, आर्द्रता इत्यादिमा अनुभव गरिएको अर्थपूर्ण परिवर्तन नै जलवायु परिवर्तन हो। जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचनागत महासन्धि (युएनएफसिसिसी) ले जलवायु परिवर्तनलाई मानव सिर्जित गतिविधिका रूपमा व्याख्या गर्दै यसले वायुमण्डलको संरचनामै परिवर्तन ल्याउन सक्ने र यो प्रकृतिमाथि मानवीय क्रियाकलापले गरेको हस्तक्षेपको परिणाम भएको उल्लेख गरेको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) का अनुसार विपत् समाज वा समुदायका कार्यमा गम्भीर अवरोध हो, जसले गर्दा व्यापक मानवीय, भौतिक, आर्थिक र वातावरणीय क्षति हुन्छ, जुन त्यो समाज वा समुदायका आफ्नै स्रोत प्रयोग गरेर सामना गर्ने क्षमताभन्दा अधिक हुन्छ।

संयुक्त राष्ट्र संघका महासचिव एन्टिनियो गुटेरेसले भनेका छन्, 'जलवायु परिवर्तन हाम्रो समयको परिभाषित मुद्दा हो। हामी हरेक दिन कार्य गर्न असफल हुनु भनेको त्यस्तो भाग्यको नजिक पाइला चाल्नु हो, जुन भाग्य हामीमध्ये कोही पनि चाहँदैनौँ, जुन भाग्य पुस्ताभरि मानवजाति र पृथ्वीमा जीवनलाई भएको क्षतिमा प्रतिध्वनित हुनेछ।' जलवायु संकट पृथ्वी र मानवले सामना गरिरहेको सबैभन्दा ठुलो आर्थिक, सामाजिक र वातावरणीय खतरा हो। औद्योगीकरण र वन फँडानीको परिणामस्वरूप वायुमण्डलमा हरितगृह ग्यासको सञ्चयबाट उत्पन्न हुने आँधीबेहरी, खडेरी र अन्य खतरामा भएको वृद्धि स्पष्ट रूपमा प्राकृतिक होइनन्।

विभिन्न निकायका अध्ययनमा उल्लेख भएअनुसार जलवायुसम्बन्धी प्रकोपहरू विगत बीस वर्षको तुलनामा लगभग दोब्बर भएका छन्। विश्वव्यापी उत्सर्जनमा सबैभन्दा कम योगदान पुऱ्याउने मुलुक र त्यहाँका बासिन्दाले जलवायु आपत्‌कालको सबैभन्दा खराब प्रभाव अनुभव गरिरहेका छन्। जलवायु परिवर्तनले प्रकोप जोखिम न्यूनीकरणका लागि सेन्डाई फ्रेमवर्कसहित दिगो विकासका लागि दिगो विकास लक्ष्य, २०१६-२०३० प्राप्त गर्ने क्षमतालाई कमजोर बनाइरहेको छ। तीव्र गतिको हावा, वर्षामा कमी, लामो समयसम्मको खडेरी र बढ्दो गर्मीको परिणामस्वरूप भर्खरै अमेरिकाको क्यालिफोर्निया राज्यमा फैलिएको आगो जलवायु परिवर्तनको परिणाम हो।

विभिन्न निकायका अध्ययन प्रतिवेदनअनुसार विश्वव्यापी उष्णता २.५ डिग्री सेल्सियससम्म वृद्धि हुँदा सबैभन्दा विनाशकारी आँधीबेहरी (चक्रवात्) आजको तुलनामा दोब्बर हुने अनुमान गरिएको छ। बढ्दो विश्वव्यापी तापक्रमसँगै थप खडेरी र आँधीबेहरीको तीव्रता बढ्ने सम्भावना हुन्छ। विश्वभर चरम खडेरीबाट पीडित मानिसको संख्या ८० वर्षभन्दा कम समयमा दोब्बर हुन सक्नेछ। प्रत्येक एक डिग्री सेल्सियस विश्वव्यापी उष्णतामा दैनिक अत्यधिक वर्षाका घटना लगभग सात प्रतिशतले तीव्र भई विश्वले बिकराल बाढीको सामना गर्नुपर्ने अवस्था आउनेछ। अत्यधिक गर्मी र आर्द्रताबाट हुने तातो हावाको लहरले सन् २१०० सम्ममा वार्षिक रूपमा एक अर्ब २० करोड मानिसलाई असर गर्न सक्नेछ। सन् २०५० सम्ममा मलेरियाजस्ता 'भेक्टर'बाट हुने रोग बोक्ने लामखुट्टेले अनुमानित ५० करोडभन्दा बढी मानिसलाई असर गर्न सक्नेछ। समुद्री सतह वृद्धि भई तटीय बाढीका घटनाले विश्वव्यापी कुल गार्हस्थ उत्पादनको २० प्रतिशतसम्मको सम्पत्तिलाई खतरामा पार्न सक्नेछ। सन् २०३० सम्ममा जंगली आगोको सम्पर्कमा रहेका क्षेत्रमा आगलागीको समयावधि अहिलेको भन्दा तीन महिना लामो हुन सक्नेछ।

सन् २१०० सम्म विश्वव्यापी तापक्रम १.१ देखि ६.४ डिग्री सेल्सियसले बढ्नेछ। समुद्री सतह १८ देखि ५९ सेन्टिमिटरसम्म बढ्नेछ। समुद्रहरू बढी अम्लीय हुनेछन्। तातो लहर र भारी वर्षा बढ्नेछ। उष्ण प्रदेशीय चक्रवात्‌मा वृद्धि हुनेछ। हिमालय क्षेत्रमा हिमनदी निरन्तर पग्लनेछन्। बाढी, चट्टानी हिमस्खलन र पानीका स्रोत सुक्ने दर बढ्नेछ। एउटा अध्ययनले सन् २०५० सम्ममा बाढीको लागत करिब ११ अर्ब डलरले बढ्ने अनुमान छ। विश्वमा करिब तीन अर्ब ६० करोड मानिस जलवायु परिवर्तनको अत्यधिक जोखिममा रहेको क्षेत्रमा बसोवास गर्छन्। गरिब देशका मानिस र धनी देशका गरिब मानिस पीडित हुने सम्भावना अधिक छ। जलवायु संकट तीव्र हुँदै जाँदा प्रकोप निम्त्याउने बिकराल मौसमको तीव्रता र आवृत्ति बढ्दै गएकामा कुनै शंका छैन। जलवायु संकटले निम्त्याउने प्रकोप वैज्ञानिकले सुरुमा अनुमान गरेकोभन्दा निकै खराब छन्।



जलवायु परिवर्तनले प्रकोपको आवृत्ति र तीव्रता, समुदाय र व्यक्तिहरूको जोखिम एवं पानी तथा खाद्य सुरक्षामा तनाव बढाउँछ। हालका दिनमा मौसम र जलवायु जोखिममा वृद्धि भएको छ। पारिस्थितिक प्रणालीको क्षयीकरणमार्फत समुदायको प्राकृतिक प्रकोपको जोखिममा वृद्धि, पानीको स्रोतमा कमी र बाढीमा बढोत्तरी एवं जीविकोपार्जनमा परिवर्तन आएको छ। उच्च तापक्रम र घट्दो वर्षाले सुख्खापन बढाएको छ र खडेरी निम्त्याएको छ। समुद्री सतहको तापक्रम, हावा र हिउँको ढाँचामा आएको परिवर्तन पनि खडेरीसित जोडिएको छ। परिवर्तनशील जलवायुमा प्रकोपको सम्भावना बढेको छ। उही क्षेत्रमा बढ्दो खडेरीले जमिनको क्षय, बालीनालीमा क्षति वा उत्पादनमा कमी, पशुधनमा क्षति, जनसंख्याको विस्थापनजस्ता समस्या निम्त्याएको छ। धेरै शक्तिशाली चक्रवात्को संख्या र तीव्रतामा भएको वृद्धिले तटीय क्षेत्रमा ठुलो जनधनको क्षति गराउने अवस्था छ। उच्च तापक्रम र हिउँ पग्लने दरले हिमनदी/हिमताल विस्फोट गराउने र तल्लो तटीय बस्तीलाई बाढीले जोखिममा पार्ने परिस्थिति सिर्जना भएको छ। पर्यटकीय गन्तव्यमा परिवर्तन हुने स्थिति छ। जलवायु अनुकूलनका लागि विपत् जोखिम न्यूनीकरण रणनीति अर्थपूर्ण र उचित कदम हो। विपत् जोखिम न्यूनीकरण र जलवायु अनुकूलन दुवै धेरै अवस्थामा समान छन्। जलवायु परिवर्तन र विपत् जोखिम न्यूनीकरण नजिकबाट जोडिएका छन्। युएनएफसिसीका अनुसार कार्बन उत्सर्जन घटाउने विषय रोकथाम हो भने जलवायु परिवर्तनको प्रभावसँग जुध्नु अनुकूलन हो। रोकथामले विपत् प्रभावलाई न्यूनीकरण गर्नुको सट्टा हरितगृह ग्यास घटाउने बुझाउँछ। अनुकूलनले केवल जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिमलाई कम गर्ने बुझाउँछ।

वातावरणीय स्रोतको संरक्षण, भूमि प्रयोग योजना तथा भवन संहिता र तिनको कार्यान्वयन, जोखिम मूल्यांकन र प्रारम्भिक चेतावनी प्रणाली, जनचेतना र शिक्षासम्बन्धी कार्यक्रम, राजनीतिक प्रतिबद्धता, नीति, बजेट र प्रशासनिक प्रणालीले प्रभावकारी जोखिम न्यूनीकरण एजेन्डालाई चलायमान गराई सोको समर्थन गर्छ।

> जलवायुसम्बन्धी प्रकोप विगत बीस वर्षको तुलनामा लगभग दोब्बर भएका छन्। विश्वव्यापी उत्सर्जनमा सबैभन्दा कम योगदान पुऱ्याउने मुलुक र त्यहाँका बासिन्दाले जलवायु आपत्‌कालको सबैभन्दा खराब प्रभाव अनुभव गरिरहेका छन्।

हालका न्यूनीकरण प्रयास अपर्याप्त छन्। जोखिम सूचित अनुकूलनमा लगानी गर्न ढिलो भइरहेको छ। दीर्घकालीन प्रभाव र अवशिष्ट जोखिम व्यवस्थापन गर्ने कार्य अपर्याप्त छ। लगानी र वित्तीय प्रणाली उद्देश्य प्राप्तिका लागि पर्याप्त छैनन्। जलवायु परिवर्तन र प्रकोपले असमानतालाई बलियो बनाइरहेका छन्। विकास प्रक्रियामा विपत् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनबारे साझा सहमति नहुनु एक अवरोधका रूपमा रहेको छ। जीवाश्म इन्धनका कारण हाम्रो जलवायु प्रणाली खतराको स्थितिमा छ। हामी अनुकूलन गर्न सक्छौँ र थप लचिलो हुन सक्छौँ, तर यसका सीमा छन्। विश्वव्यापी तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित गर्नु महत्त्वपूर्ण छ, तर हामी ट्र्याकबाट धेरै टाढा पुगिसकेका छौँ।

दिगो शुद्ध शून्य कार्बन संसारमा रुपान्तरणका लागि ऊर्जा, खाद्य र स्वास्थ्यजस्ता प्रमुख क्षेत्रसहित द्रुत प्रणालीगत परिवर्तन आवश्यक पर्छ। पेरिस सम्झौतामा उल्लिखित १.५ डिग्री सेल्सियस सुरक्षित सीमाभित्र विश्वव्यापी औसत तापक्रम राख्न सामूहिक कार्य, राजनीतिक नेतृत्वको प्रतिबद्धता, दिगो वित्त र कार्यान्वयनको गतिलाई बढावा दिनुपर्छ। व्यापक रूपमा विपत् र जलवायु जोखिम व्यवस्थापनलाई अगाडि बढाउनुपर्ने देखिन्छ। समुदायलाई सशक्त बनाउने, मानव सिर्जित गतिविधिका रूपमा विपत् भएको यथार्थबारे जनचेतना अभिवृद्धि गर्ने र कसैलाई पनि पछाडि नछोड्ने सुनिश्चितता गर्न समाजलाई परिचालन गर्ने नीति अख्तियार गर्न जरुरी छ। वित्तीय रूपमा सबल अनुकूलन प्रयासले विपत् जोखिम न्यूनीकरण अभ्यासलाई स्तरीकृत गर्न, स्थानीय र विशेषज्ञ ज्ञानको आधारलाई बलियो बनाउन र परिमाणात्मक सूचनाको विकासलाई गति दिन मद्दत गर्छ। अनुकूलन पहल पनि विकास प्रक्रियामा एकीकृत गरिनुपर्छ। यसका लागि दिगो र उत्थानशील पूर्वाधार प्रणालीमा लगानी गर्ने, नवीनतम लगानी र वित्त संयन्त्रलाई प्रवर्द्धन गर्ने एवं विज्ञान, प्रमाण र प्रभावकारी सञ्चारमार्फत व्यवहार परिवर्तन गर्न अपरिहार्य छ। प्रारम्भिक चेतावनी क्षमता सुधार गर्न र विद्यमान चेतावनी प्रणालीलाई बलियो बनाउन अन्य कोषसँगै अनुकूलन कोष प्रयोग गरिनुपर्छ।

जवाफदेहिताका लागि विश्वव्यापी रूपमा बलियो संयन्त्र निर्माण गर्नु आवश्यक छ। हामीले जीवाश्म इन्धन त्याग्नुपर्छ र हरितगृह ग्यासको उत्सर्जन घटाउनेतर्फ विशेष ध्यान दिनुपर्छ। प्रकृति हाम्रो सहयोगी हो भन्ने सोचको विकास गर्न आवश्यक छ। प्रभाव घटाउने, अनुकूलन क्षमता बढाउने, जोखिम मूल्यांकन गर्ने, पानी प्रणाली संरक्षण गर्ने, कृषि विधिमा सुधार गर्ने, जलस्रोतको व्यवस्थापन गर्ने, सुरक्षित क्षेत्रमा बस्ती विकास गर्ने, बलिया संरचना निर्माण गर्ने, जोखिमका कारक कम गर्ने, विपद् जोखिम न्यूनीकरण र अनुकूलनलाई जोड्न राष्ट्रिय समन्वय संयन्त्र विकास गर्ने, विपत् जोखिम न्यूनीकरण र अनुकूलन प्रयासको स्थितिमा आधारभूत मूल्यांमकन गर्ने, अनुकूलन योजना तयार गर्नेलगायत विषयमा ध्यान दिनु जरुरी छ। अतः हरितगृह ग्यास र जलवायुमा हुने परिवर्तनबिचको वैज्ञानिक सम्बन्धसँगै प्राकृतिक प्रकोपको बढ्दो मात्रा र वायुमण्डलमा मानव निर्मित हरितगृह ग्यास उत्सर्जनबिचको सम्बन्धलाई पनि ध्यान दिनु आवश्यक छ। यसको अर्थ जलवायु न्यूनीकरण र जलवायु अनुकूलनलाई प्रकोप जोखिम न्यूनीकरण सम्बद्ध कार्यको हिस्सा बनाउनुपर्छ। प्रत्येक वर्ष प्राकृतिक प्रकोपबाट हजारौँको मृत्यु हुन्छ र अर्बौं डलरको विपत्ति सहायता, वाणिज्यमा अवरोध र घर एवं महत्त्वपूर्ण पूर्वाधार विनाशको लागत बढाउँछ। प्राकृतिक प्रकोप र विश्वव्यापी उष्णताले विद्यमान जोखिमलाई मिश्रित गर्छ र दोहोरो खतरा निम्त्याउँछ। यी दुईबीच एकीकरण महत्त्वपूर्ण छ, तर विचार-विमर्शविना होइन।

(केसी राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव हुन्)

---

३ प्रश्न

संसद्को राज्य व्यवस्था समितिका पूर्वसभापति **हृदयराम थानी**लाई



मिनी संसद् भनिने संसदीय समितिहरू कति प्रभावकारी देखिन्छन् ?

मिनी संसद् अत्यन्तै महत्त्वपूर्ण हुन्छन्। ठुलो सदनमा अनेक समूह र धेरै सदस्यको उपस्थिति हुन्छ। जसले गर्दा कतिपय महत्त्वपूर्ण विषयमा खुलेर छलफल हुन सम्भव नहुन पनि सक्छ। तर, मिनी संसद्मा थोरै सदस्यको उपस्थितिमा विभिन्न विषयका विज्ञलाई समेत बोलाएर खुला छलफल गर्न सकिने हुनाले यसको महत्त्व बढी हुन्छ। यसलाई थप क्रियाशील बनाएर यसको गरिमा बढाउन समितिका सभापतिदेखि सदस्यसम्म सबै इमानदार भई लाग्नुपर्छ। समितिमा दलको छाया पर्न दिनु हुँदैन। समितिले गर्ने निर्णयमा दलीय ह्विप लाग्न दिनु हुँदैन (अहिलेसम्म त्यस्तो ह्विप लागेको चाहिँ छैन)।

यति महत्त्वपूर्ण मिनी संसद्का निर्देशनलाई सरकारले किन उतिसारो महत्त्व दिँदैन ?

मिनी संसद्ले दिएका निर्देशनलाई सरकारले नटेर्ने भन्ने हुँदैन। तर, निर्देशन दिने समितिले मन, वचन र कर्मले अनुसन्धान गरेको हुनुपर्छ। सदस्य र विज्ञहरूबीच पर्याप्त र खुला छलफल गराएको हुनुपर्छ। त्यसरी तयार गरिएको निर्णय सरकार र सरकारी निकायले नमान्ने भन्ने प्रश्नै उठ्दैन। त्यस्ता निर्णय सरकारका लागि बाध्यकारी बनाउन सकिन्छ र सकिएका उदाहरण पनि धेरै छन्। तर, त्यसका लागि मिनी संसद् स्वयंले सशक्त 'फलोअप' भने गरेको हुनुपर्छ।

मिनी संसद्का नेतृत्व आफैँ प्रायः विवादमा किन पर्छन् ?

पछिल्लो समयमा देखिएका क्रियाकलापबारे त धेरै के नै बोल्नु र ? संसद्का सभामुखले निर्वाह गर्ने भूमिकाको प्रभाव मिनी संसद्मा पनि पर्छ। त्यसैले, सभामुखले सशक्त, निष्पक्ष र पक्षपातरहित भई विवादमुक्त भूमिका निर्वाह गरेको खण्डमा मिनी संसद्मा पनि त्यसको सकारात्मक प्रभाव देखिन थाल्छ। मिनी संसद्का नेतृत्व पनि सही ट्र्याकमा बस्न बाध्य हुन्छन्।

प्रेरक प्रसंग

व्यापारी र डाँकुका सरदार

एक डाँकु साधुको भेषमा रहन्थे। उनी धनीको धन-सम्पत्ति लुटेर गरिबलाई बाँड्ने गर्थे। एक दिन केही व्यापारीको समूह तिनै साधु भेषधारी डाँकुको बसोवास क्षेत्रबाट कतै जाँदै थियो।

सबै व्यापारीलाई डाँकुको समूहले घेऱ्यो। डाँकुको आँखा छलेर एक व्यापारी पैसाको थैलो बोकेर नजिकै रहेको एक साधुको कुटीमा पुगे। त्यहाँ एक साधु धुनीअगाडि आँखा चिम्लेर माला जपिरहेका थिए। व्यापारीले त्यो थैलो साधुलाई दिए। साधुले ढुक्क हुन आश्वासन दिए।



डाँकुहरू गइसकेपछि ती व्यापारी आफ्नो थैलो लिन पुनः कुटीमा पुगे। त्यहाँको दृश्य देखेर उनी तीनछक परे। ती 'साधु' त डाँकुहरूको टोलीलाई लुटको धन पो बाँडिरहेका थिए। यो सब देखिसकेपछि व्यापारी निराश भएर फर्किए। उनी चुपचाप फर्किएको देखेर ती साधुले प्रश्न गरे- किन रित्तो हात फर्किँदै छौ ? आफ्नो धन लानुपर्दैन ?

साधुले व्यापारीको थैलो जस्ताको तस्तै फिर्ता गरे। साधुलाई धन्यवाद दिँदै व्यापारी आफ्नो थैलो च्यापेर बाहिर निस्किए। व्यापारी बाहिर गइसकेपछि बाँकी डाँकुले साधु अर्थात् आफ्ना सरदारसित प्रश्न गरे। सजिलै आफ्नो हात लागेको त्यति धेरै धन किन उसलाई फिर्ता गर्नुभयो ? आखिर त्यो पनि त यसैगरी बाँड्न सकिन्थ्यो नि !

साधु अर्थात् डाँकुका सरदारले गम्भीर हुँदै भने- हेर साथीहरू ! त्यो व्यापारीले मलाई भगवान्‌को भक्त ठानेर विश्वाससाथ आफ्नो थैलो राख्न दिएको थियो। त्यसैले, मलाई उसलाई विश्वासघात गर्नु ठिक लागेन र थैलो फिर्ता गरिदिएँ। तिमीहरू पनि आफूमाथि विश्वास गर्ने कसैमाथि कहिल्यै विश्वासघात नगर।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अब्बल कूटनीति देखाऊ

१६ माघको नयाँ पत्रिकामा 'गैरकानुनी आप्रवासीलाई डिपोर्ट गर्दै अमेरिका, कति नेपाली प्रभावित होलान् ?' शीर्षकको समाचार पढेँ। ट्रम्पको पुनरागमनले ग्लोबलाइजेसन र उदारवादको पोल खोलिदिएको छ। तैपनि उनको यस कदमको विरोध गरियो भने अवैधानिकताको समर्थन गरे जस्तो हुनेछ। नेपाल र भारतले पनि रोहिंग्या र घुसपैठियाको विरोध नै गर्छन्। अतः मोदीले जस्तो चलाखी देखाएर आफ्ना नागरिकलाई पहिल्यै स्वीकार गरी अब्बल कूटनीति देखाउनु यहाँ पनि ठिक हुन्छ। यसले हाम्रा नागरिक त्यहाँ सम्भवतः हतकडी लगाइनबाट बच्न सक्छन्। जहाँसम्म ट्रम्पको फेरि अमेरिकालाई महान् बनाउने कुरो छ, उनको त्यो सपना पूरा होला जस्तो लाग्दैन। चीनको 'डिपसिक'ले एकै दिनमा उनको बजारलाई करोडौँ घाटामा पठाउने क्षमता राख्छ भने हेर्दै जाऔँ अरू के-के हुनेछ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

कांग्रेसको धारणा के हो ?

गठबन्धन सरकारले ल्याएको सामाजिक सञ्जालसम्बन्धी विधेयक प्रथम दृष्टिमै गलत र अस्वीकार्य देखिएको छ। यसमा सत्तारुढ एमालेको त पूर्ण समर्थन भए पनि सत्ता सहयात्री कांग्रेसको धारणा के छ, त्यो प्रस्ट हुनु जरुरी छ। कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले त अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने विकेयक स्वीकार्य हुँदैन भनेका छन्। तर, के यो नै कांग्रेसको आधिकारिक धारणा हो त ?

● **पूर्णिमा बलामी**
बालाजु, काठमाडौँ

विधेयक फिर्ता लेऊ सरकार !

जुन देशका भ्रष्टाचारी, बलात्कारी हत्यारा, मानव बेचबिखनकर्ता आदिलाई दिइने सजाय खासै कडा छैन, त्यही देशमा सामाजिक सञ्जालमा कसैले केही लेख्यो, कुनै सामग्रीमा लाइक, कमेन्ट या सेयर गऱ्यो भन्दैमा उसलाई लाखौँ जरिवाना र वर्षौंको जेल सजाय दिइनु कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन। सरकारले यस्तो विधेयक ल्याएर जनताको मुख थुन्न खोजिरहेको छ। तर, उसको यो प्रयास सफल हुनेछैन।

● **जाह्नवी ढकाल**
सुकेधारा, काठमाडौँ

अभिव्यक्तिमाथि अंकुश नलगाऊ

लोकतन्त्र र अभिव्यक्ति स्वतन्त्रताबिच अन्योन्याश्रित सम्बन्ध छ। दुवैलाई अलग गर्दा लोकतन्त्रको रथ अगाडि बढ्न सक्दैन। यसकारण पनि वर्तमान सरकारले सामाजिक सञ्जाल नियमन र नियन्त्रणका लागि राष्ट्रिय सभामा दर्ता गरेको विधेयक फिर्ता लिनु आवश्यक छ। अन्यथा यही विधेयक नै लोकतन्त्र समाप्तिको मुख्य कारक बन्न सक्छ। प्रस्तावित विधेयक जस्ताको तस्तै पारित भएमा नेपालको लोकतन्त्र नाम मात्रको हुनेछ, जहाँ सरकार र उसका खराब कामको स्वस्थ आलोचना गर्दा मात्रै पनि मानिसहरू जेल जान र लाखौँ जरिवाना तिर्न बाध्य हुनेछन्। यो विधेयक जस्ताको तस्तै पास भएमा सरकार झनै तानाशाही र निरंकुश बन्नेछ र आफ्ना विरोधीलाई यही कानुनका भरमा तह लगाउनेछ।

निश्चय नै सामाजिक सञ्जालमा 'फेक आइडी' खोलेर व्यक्तिगत रूपमा मानमर्दन गर्ने, शोषण गर्ने, चरित्र हत्या गर्ने केही फोहरी खेल सुरु भएको छ। त्यसलाई नियमन र नियन्त्रण गर्नु आवश्यक छ। त्यसका लागि कानुन बन्नु पनि पर्छ। तर, सरकारले अहिले पेस गरेको विधेयक व्यक्तिगत स्वतन्त्रता र मानमर्यादाको सुरक्षा गर्नभन्दा पनि सरकारको सुरक्षा र स्वेच्छाचारिता बढाउनमा केन्द्रित छ। सरकारलाई कसैले सामाजिक सञ्जालमार्फत भ्रम छरेको, अभद्र व्यवहार गरेको लागेमा उसलाई समातेर मुद्दा दायर गरी भ्रष्टाचार, बलात्कार, हत्याजस्ता जघन्य अपराधमा संलग्नलाई भन्दा पनि बढ्ता कडा सजाय दिने व्यवस्था कुनै हालतमा स्वीकार्य छैन।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौँ
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ब्रिक्समा चिनियाँ वर्चस्व

अधिकांश ब्रिक्स सदस्य राष्ट्र चीनको बिआरआईमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न छन्



देश/विदेश

● ग्याब्रियल हुलेन्ड

सन् २००९ मा स्थापित ब्रिक्स ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकाबाट विस्तार भएर अहिले यसले नयाँ सदस्य र आठ साझेदार राष्ट्रलाई समेटेको छ। र, भविष्यमा अन्य देश पनि थपिने सम्भावना छ। यो विस्तारले अमेरिका, बेलायत र युरोपियन युनियनजस्ता परम्परागत शक्तिलाई चुनौती दिन सक्छ कि भन्ने सम्भावनाबारे प्रश्न उठ्छ। विश्लेषकले ब्रिक्सको एकता वा यसमा रहेको सम्भावित आन्तरिक विभाजनले विस्तारलाई असर गर्छ कि भनेर प्रश्न उठाएका छन्। यो समूह विविधतापूर्ण छ, अर्थात् यसका सदस्य/साझेदार राष्ट्र इरान-साउदी अरब, इजिप्ट-इथियोपिया र चीन-भारतबिच क्षेत्रीय प्रतिस्पर्धा देख्न सकिन्छ। यति भन्दै गर्दा भिन्नता भएका राष्ट्रलाई समेट्ने क्षमता नै यसको बलियो पक्ष हुन सक्छ, किनभने बढ्दो ध्रुवीकरणको समयमा खुकुला अन्तर्राष्ट्रिय गठबन्धन प्रभावकारी हुन सक्छन्। ब्रिक्सको उदयलाई अमेरिका-चीन प्रतिस्पर्धाको सन्दर्भमा हेर्नुपर्छ, जसले विश्व व्यवस्थालाई आकार दिइरहेको छ। १० खर्ब डलर व्यापार अधिशेष र पाँच प्रतिशत आर्थिक वृद्धिले चीनलाई अमेरिकी नेतृत्वको नवउदारवादी अर्थनीतिको विकल्पका रूपमा प्रस्तुत गर्छ। विभिन्न देशले यो प्रतिस्पर्धालाई नियालिरहेका छन् र सन्तुलन कायम गर्न खोजिरहेका छन्, अर्थात् ब्राजिल र पेरु चीनतर्फ आकर्षित हुँदै छन्, जबकि भियतनामले अमेरिकासँग सम्बन्ध बलियो बनाइरहेको छ।

चीन नै ब्रिक्सलाई एकताबद्ध राख्ने मुख्य शक्ति हो। चीनविना यो समूह अस्तित्वमै आउने थिएन। ब्रिक्सका सबै देशमा दुई साझा विशेषता छन्। पहिलो दक्षिणी गोलार्द्ध भनिने विकासोन्मुख मुलुक हुन्, जो परम्परागत प्रभुत्वशाली शक्तिको समूहमा पर्दैनन्। दोस्रो यी मुलुकको चीनसँग विशेषतः व्यापारिक सम्बन्धमार्फत महत्त्वपूर्ण आर्थिक सम्बन्ध छ।

बेल्ट एन्ड रोड इनिसिएटिभ : औपचारिक रूपमा ब्रिक्सले बहुपक्षीयता, सहयोग र न्यायसंगत विश्व विकासलाई प्राथमिकता दिएको बताइन्छ। तर, व्यवहारमा यो समूहले मुख्य रूपमा चीनले आफ्नो शक्ति र प्रभाव विस्तार गर्ने उपकरणका रूपमा कार्य गर्छ। चीनले यो उद्देश्य प्राप्त गर्न आफ्नो भाषण शैली र 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरआई) सँग जोडिएको विशेष व्यापार मञ्चका रूपमा ब्रिक्सलाई प्रयोग गर्छ।

ब्रिक्सले स्वतन्त्र व्यापार र बहुपक्षीयतालाई प्रवर्द्धन गर्दै अमेरिकी प्रभुत्वको विकल्पका रूपमा आफैँलाई स्थापित गर्न खोजिरहेको छ। यो विचारधाराले समूहलाई वैधता दिन्छ, तर यसमा रहेको भिन्नताले नेटो वा आसियानजस्ता एकीकृत शक्ति बन्न अवरोध सिर्जना गर्छ। यो तथ्यलाई ग्रहण गर्दै चीनले ब्रिक्सलाई आफ्नो व्यापारिक अवसर र अन्तर्राष्ट्रिय प्रभाव विस्तार गर्न रणनीतिक रूपमा प्रयोग गरिरहेको छ, जहाँ खुकुलो गठबन्धन र संगठित सैन्य वा आर्थिक साझेदारीबिच सन्तुलन कायम राखिन्छ। शीतयुद्धकालीन स्पष्ट शक्ति विभाजनविपरीत आजको विश्व लचिलो र आपसमा जोडिएका अन्तर्राष्ट्रिय समूहले आकार दिइरहेको छ।

चीनको ब्रिक्समा प्रभुत्व स्पष्ट छ र यसमा परिवर्तनको सम्भावना कम छ। चीनले समूहको कुल गार्हस्थ उत्पादन र ब्रिक्सबिच व्यापारको दुईतिहाइ हिस्सा ओगटेको छ। यो देश ब्राजिल, रुस, भारत, दक्षिण अफ्रिका, इजिप्ट, इथियोपिया, युएई, साउदी अरब र इरानको प्रमुख व्यापारिक साझेदार हो। चीनले यी राष्ट्रमा महत्त्वपूर्ण लगानी पनि गरेको छ। ब्रिक्समा चीनको विदेशी प्रत्यक्ष लगानीको सबैभन्दा ठुलो



तस्बिर : एलेक्जेन्डर नेमेनोभ/इपए-इएफई

प्राप्तकर्ता रुस हो, जसको जम्मा सिञ्चिति १० अर्ब अमेरिकी डलरभन्दा बढी छ।

अधिकांश ब्रिक्स सदस्य राष्ट्र बिआरआईमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न छन्, जसका मुख्य परियोजना एसिया, इजिप्ट, इथियोपिया, दक्षिण अफ्रिका, साउदी अरब र इरानमा रहेका छन्। ब्राजिल आधिकारिक रूपमा बिआरआई सदस्य होइन, यद्यपि चीनको प्रमुख खाद्य आपूर्तिकर्ता भएका कारण महत्त्वपूर्ण साझेदार बनेको छ। ब्रिक्सको विस्तार चीनको विदेशी नीति प्राथमिकतामा पर्छ, जसले आर्थिक र वैचारिक प्रभाव विस्तार गर्न मद्दत गर्छ। ट्रम्पका व्यापार कर लगाउने योजनाले चीनलाई यो नीति तीव्र बनाउन प्रेरित गर्न सक्छ र हाल कोलम्बियामा अमेरिकाले भन्सार शुल्क बढाउने निर्णयले चीनसँग नजिकको व्यापारिक सम्बन्ध स्थापना गर्न थप देशलाई प्रोत्साहन गर्न सक्छ।

रणनीतिक मित्रता : केही विश्लेषकले ब्रिक्स पश्चिमा विरोधी राष्ट्र र तटस्थ रहन चाहने राष्ट्रबिच विभाजित छ भनेर सटिक ढंगले व्याख्या गरेका छन्। रुस नेतृत्वमा रहेका पश्चिमा विरोधी समूहले अमेरिकाप्रति संघर्षात्मक दृष्टिकोण अपनाउने पक्षमा छन्, जबकि भारत र ब्राजिलजस्ता तटस्थ राष्ट्र बढी सूक्ष्म दृष्टिकोणलाई प्राथमिकता दिन्छन्।

विश्लेषकका अनुसार अमेरिकाले तटस्थ राष्ट्रसँग नजिकको सम्बन्ध विकास गर्ने प्रयास गर्नुपर्छ ताकि ब्रिक्सभित्रका बहसमा प्रभाव पार्न सकियोस्। तर, यी विश्लेषणले चीनले केवल ब्रिक्सको व्यवहारतः नेता मात्र नभई पश्चिमप्रति बहुपक्षीयता र स्वतन्त्र व्यापारमा आधारित एक सूक्ष्म दृष्टिकोण अपनाउने स्पष्ट रणनीति पनि राख्छ भन्ने तथ्यलाई बेवास्ता गर्छ। त्यसैले रुसले जे चाहे पनि ब्रिक्सले पश्चिमसँग संघर्ष गर्ने दृष्टिकोण अपनाउने सम्भावना कम छ। चीनले संघर्षविहीन दृष्टिकोण अपनाउनु भनेको थप राष्ट्रलाई आकर्षित गर्ने र ब्रिक्सलाई बढी लोकतान्त्रिक विश्व शासकीयता प्रवर्द्धन गर्ने खुकुलो समूहका रूपमा सुदृढ गर्ने सबैभन्दा राम्रो तरिका हो भन्ने राम्रोसँग थाहा छ। र, अहिलेसम्म यो रणनीति सफल देखिन्छ।

(हुलेन्ड नटिंघम विश्वविद्यालय स्कुल अफ इन्टरनेसनल स्टडिजका शिक्षण फेलो हुन्)

द कन्भर्सेसनबाट

अमेरिकामा धेरै अवैध आप्रवासी भएका आठ देश

आफ्नो दोस्रो कार्यकालको एक सातामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'अमेरिकी इतिहासमा सबैभन्दा ठुलो संख्यामा रहेका अनधिकृत आप्रवासीलाई फिर्ता गर्ने' आफ्नो चुनावी वाचा पूरा गर्दै उनीहरूविरुद्धको दमन तीव्र पारेका छन्। जनवरी २० मा ट्रम्पको शपथदेखि अमेरिकी अध्यागमन र भन्सार प्रवर्तन (आइसिई)ले अमेरिकाभर तीन हजार ५०० भन्दा बढी अनधिकृत आप्रवासीलाई पक्राउ गरेको छ। ट्रम्प प्रशासनले पनि आप्रवासीलाई उनीहरूको मूल देश वा तेस्रो राष्ट्रमा लैजाने प्रक्रिया चलाएको छ।

प्यु रिसर्च सेन्टरको अनुमानअनुसार ३४ करोड १० लाख जनसंख्या भएको अमेरिकामा एक करोड १० लाख अनधिकृत आप्रवासी छन्। ट्रम्पको निसानामा परेका धेरै देशले आआफ्नो तर्फबाट विभिन्न कदम चालिरहेका छन्। केही ट्रम्पको मागप्रति झुकेका छन् भने अन्यले आप्रवासी फिर्ता गर्दै छन्।

● मेक्सिको: ४० लाख



प्यु रिसर्चअनुसार २०२२ सम्म अमेरिकामा मेक्सिकोका ४० लाखभन्दा बढी अनधिकृत आप्रवासी थिए। आफ्नो शपथ समारोहमा ट्रम्पले मेक्सिकोसँग साझेदारी गरेको अमेरिकी दक्षिणी सीमामा राष्ट्रिय आपत्काल घोषणा गर्दै कार्यकारी कार्यमा हस्ताक्षर गरे। अमेरिकी सेनाले दक्षिणी सीमामा १५ सय सक्रिय सेना खटाएको छ। आफ्नो कार्यालयको पहिलो दिनमा मेक्सिकोलाई उल्लेख गर्दै ट्रम्पले अन्तर्राष्ट्रिय ड्रग कार्टेलहरूलाई 'आतंकवादी संगठन' भनेका थिए। उनले मेक्सिकोको खाडीको नाम परिवर्तन गरी अमेरिकाको खाडी बनाउने कार्यकारी आदेशमा पनि हस्ताक्षर गरेका छन्।

मेक्सिको अमेरिकाद्वारा निर्वासित आफ्ना नागरिकलाई लैजान सहमत भएको छ। मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबाउमको प्रशासनले 'मेक्सिको एम्ब्रेसेस यू' नामक डिपोर्टी सहयोग कार्यक्रम स्थापना गरेको छ, जसअन्तर्गत निर्वासितहरूले खाना, चिकित्सा हेरचाह र मेक्सिकन कागजात प्राप्त गर्न मद्दत गर्नेछन्। सेनबाउमले जनवरी २२ मा मेक्सिकोले अमेरिकाद्वारा निर्वासित गैरमेक्सिकन आप्रवासीलाई स्वीकार नगर्ने घोषणा गरेकी थिइन्। तर, उनले यसै साता एक विज्ञप्ति जारी गर्दै अन्य देशबाट पनि अनुमानित चार हजार ९४ अनधिकृत आप्रवासी आएको बताइन्।

● एल साल्भाडोर: ७ लाख ५० हजार



सन् २०२२ सम्ममा अमेरिकामा सात लाख ५० हजार अनधिकृत साल्भाडोरियाली आप्रवासी थिए, जुन मेक्सिकनपछि दोस्रो उच्च संख्या हो। ट्रम्पले यस मध्यअमेरिकी देशसँग अमेरिकाबाट निर्वासित आप्रवासीलाई राख्न वार्ता गरिरहेका छन्। वार्तापछि आप्रवासीलाई एल साल्भाडोरमा शरण लिन अनुमति दिइनेछ। प्युको अनुमानअनुसार सन् २०२२ सम्म अमेरिकामा दुई लाख ७५ हजार भेनेजुएली आप्रवासी थिए।

● कोलम्बिया: १ लाख ९० हजार



सन् २०२२ सम्म अमेरिकामा कोलम्बियाका एक लाख ९० हजार अवैध आप्रवासी थिए। सप्ताहन्तमा कोलम्बिया र अमेरिकाको निर्वासन उडानमा केही गतिरोध आयो। कोलम्बियाका राष्ट्रपति पेट्रोले निर्वासित कोलम्बियाका नागरिकले भरिएका दुई अमेरिकी सैन्य विमानलाई आफ्नो देशमा अवतरण गर्न स्वीकार गरेसँगै उडान पुनः सुरु भयो। ट्रम्पले आप्रवासीसँग सम्मानजनक व्यवहार नगरेको पेट्रोले बताए। एक्समा एक भिडियो सेयर गर्दै ब्राजिलको एक एयरपोर्टमा अमेरिकाबाट निर्वासित भएकाहरूलाई हात र खुट्टा बाँधिएको देखाइएको थियो। ट्रम्पले कोलम्बियाका सामानमा कर लगाउने र कोलम्बियाका अधिकारीलाई भिसा प्रतिबन्ध लगाउने धम्की दिएपछि विवाद चर्कियो। पेट्रोले अमेरिकी सामानमा भन्सार शुल्क लगाउने भन्दै जवाफ दिए। कोलम्बियाका विदेशमन्त्री लुइस गिल्बर्टो मुरिलोले अमेरिकाले पठाएका आप्रवासीलाई स्वीकार गरेका छन्।

● चीन: ३ लाख ७५ हजार



सन् २०२२ सम्म अमेरिकामा चीनका तीन लाख ७५ हजार अनधिकृत आप्रवासी थिए। त्यो संख्यामा हङकङ र ताइवानका आप्रवासी पनि समावेश छन्। चीनले मुख्य भूमिबाट गएका आप्रवासीलाई मात्र स्वीकार गर्ने बेइजिङले जवाफ दिएको छ। 'स्वदेश फिर्ता गर्ने सम्बन्धमा चीनको सिद्धान्त पहिले प्रमाणित गर्ने र त्यसपछि स्वदेश फिर्ता गर्ने हो। चीनको मुख्य भूमिबाट पुष्टि भएका चिनियाँ नागरिकलाई हामी स्वीकार गर्नेछौं,' परराष्ट्र मन्त्रालयका प्रवक्ता माओ निङले सोमबार बेइजिङमा पत्रकारहरूलाई भने। मुख्य भूमि चीनमा हङकङ, मकाउ र ताइवान समावेश छैन। चीनले ताइवानलाई स्वशासित क्षेत्र दाबी गर्दै आएको छ। बेइजिङले किन मुख्य भूमिबाट आप्रवासीलाई मात्रै फिर्ता लैजाने योजना बनाएको भन्नेबारे प्रवक्ता माओले बताएनन्।

● भारत: ७ लाख २५ हजार

सन् २०२२ सम्म अमेरिकामा भारतका सात लाख २५ हजार अनधिकृत आप्रवासी थिए। यो मेक्सिको र एल साल्भाडोरपछि तेस्रो ठुलो संख्या हो। ट्रम्प र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबिच सोमबार भएको टेलिफोन वार्तामा अध्यागमनलगायत विषयमा कुराकानी भएको ट्रम्पले सोही दिन फ्लोरिडामा बताएका थिए। ट्रम्पले थप विवरण प्रदान त गरेनन्, तर गैरकानुनी आप्रवासनमा भारतले 'जे ठिक छ त्यही गर्ने' विश्वास व्यक्त गरे। मोदीले फेब्रुअरीमा अमेरिका भ्रमण गर्दै छन्। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले जनवरी २४ मा साप्ताहिक मिडिया ब्रिफिङमा भनेका थिए, 'हामी अवैध आप्रवासीविरुद्ध छौं, किनकि यो संगठित अपराधको विभिन्न स्वरूपसँग सम्बन्धित छ।'



● ग्वाटेमाला: ६ लाख ७५ हजार



प्यु रिसर्चको अनुमानअनुसार सन् २०२२ सम्म अमेरिकामा ग्वाटेमालाबाट ६ लाख ७५ हजार अनधिकृत आप्रवासी बसोवास गरेका थिए। यसै साता ६४ आप्रवासी बोकेको अमेरिकी सेनाको विमान टेक्सासबाट उडेको र सोमबार दिउँसो ग्वाटेमालामा अवतरण गरेको अमेरिकी र ग्वाटेमालाका अधिकारीले रोयटर्सलाई बताए। यो शुक्रबारदेखि आप्रवासीसहित ग्वाटेमाला पुगेको तेस्रो अमेरिकी सैन्य उडान थियो। डिसेम्बर २०२४ को अन्तमा ग्वाटेमाला र अन्य मध्यअमेरिकी देशबाट निर्वासित प्राप्त गर्न ग्वाटेमाला खुला छ। यद्यपि, ग्वाटेमालाका आप्रवासीलाई पुनः एकीकरणका लागि प्राथमिकता दिइने ग्वाटेमालाका एक अधिकारीले रोयटर्सलाई भने।

● होन्डुरस: ५ लाख २५ हजार



सन् २०२२ सम्म अमेरिकामा होन्डुरसका पाँच लाख २५ हजार अवैध आप्रवासी छन्। तर, धेरै अन्य राष्ट्रहरूविपरीत होन्डुरसले अहिलेसम्म ट्रम्पको योजनाबद्ध निर्वासनलाई पछाडि धकेल्यो। राष्ट्रपति जिओमारा क्यास्ट्रोले जनवरी १ मा भनेका थिए, 'हाम्रा नागरिकको सामूहिक निष्कासन भएमा अमेरिकासँगको सहयोगको सैन्य नीतिमा परिवर्तनबारे पुनर्विचार गर्नुपर्नेछ।' उनले आफ्नो देशमा अमेरिकी सैन्य आधार बन्द गर्ने धम्की नै दिए। आर्थिक वर्ष २०२० देखि २०२३ सम्म अमेरिकी विदेश मन्त्रालय र अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राज्य एजेन्सी (युएसएड) ले होन्डुरसलाई ७८५ मिलियन डलर सहयोग प्रदान गरेको छ। अन्तर्राष्ट्रिय गैरसरकारी संस्था ग्लोबल विटनेसका अनुसार अमेरिका होन्डुरसको सबैभन्दा ठुलो सहायता प्रदायक हो।

● ब्राजिल: २ लाख ३० हजार



सन् २०२२ सम्म ब्राजिलका दुई लाख ३० हजार अनधिकृत आप्रवासी अमेरिकामा थिए। गत साता अमेरिकाबाट ८८ ब्राजिलियन आप्रवासीलाई लिएर एउटा उडान मिनास गेराइस राज्यको बेलो होरिजोन्टे सहरमा पुग्ने तालिका थियो। ब्राजिलले एमाजोनस राज्यको मानौसमा अप्रत्याशित रोक लगायो। राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले आप्रवासीहरूलाई बेलो होरिजोन्टेमा लैजान ब्राजिलको वायुसेनाको विमान तोकेका थिए। ब्राजिलको संघीय प्रहरीका अनुसार ट्रम्पले पदभार ग्रहण गरेपछि अमेरिकी सेनाको विमान प्रयोग गरी ब्राजिलमा आप्रवासी फिर्ता गर्ने यो दोस्रो उडान हो।

● फिलिपिन्स: १ लाख ३० हजार



सन् २०२२ सम्म अमेरिकामा फिलिपिन्सका एक लाख ३० हजार अनधिकृत आप्रवासी थिए। ट्रम्पले दोस्रोपटक पदभार ग्रहण गरेदेखि फिलिपिनीलाई पक्राउ गरेको वा हिरासतमा राखेको कुनै रिपोर्ट प्राप्त नगरेको वासिंटन डिसीमा रहेको फिलिपिनो दूतावासका अधिकारीले बताएका छन्। अमेरिकाका लागि फिलिपिन्सका राजदूत जोसे म्यानुएल रोमुआल्डेजले अमेरिकामा रहेका अनधिकृत फिलिपिनो आप्रवासीलाई देश छाड्न र निर्वासनको प्रतीक्षा नगर्न बारम्बार आग्रह गरेका छन्।


- एजेन्सी

अमेरिकामा हवाई दुर्घटना, ६७ जनाकै मृत्यु भएको आशंका

वासिंटन डिसी/ अमेरिकाको वासिंटन डिसीनजिकै अमेरिकी एयरलाइन्सको विमान र अमेरिकी सेनाको 'ब्ल्याक हक' हेलिकोप्टर ठोक्किएर दुर्घटना भएको छ। विमानमा ६० जना यात्रु र चारजना चालक दलका सदस्यसहित ६४ जना सवार थिए।

बम्बार्डियर कम्पनीको सिआरजे ७०० विमान विचिटा क्यानकासबाट वासिंटनतर्फ जाँदै थियो। अमेरिकी सञ्चार माध्यमका अनुसार विमान दुर्घटनापछि हावामा दुई टुक्रा भई पोटोम्याक नदीमा खसेको प्रत्यक्षदर्शीले बताएका छन्। नदीमा खोजी तथा उद्धार कार्य जारी छ। स्थानीय समयअनुसार राति ९ बजे वासिंटन रेगन नेसनल एयरपोर्टनजिकै दुई विमान एक-आपसमा ठोक्किएका थिए। घटनाको अनुसन्धान सुरु गरिएको छ।

एक अमेरिकी सैनिक अधिकारीले अमेरिकी समाचार च्यानल सिबिएसलाई बताएअनुसार सेनाको हेलिकोप्टरमा तीन सैनिक सवार थिए। ती सैनिकको अवस्था पनि स्पष्ट छैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुर्घटनापछि सामाजिक सञ्जाल एक्समा एक सन्देश जारी गर्दै दुर्घटनामा ज्यान गुमाउनेप्रति दुःख व्यक्त गर्दै मृतकका आत्मालाई भगवान्ले शान्ति प्रदान गरून् भनेर लेखेका छन्।



पानीमा यात्रुको खोजीकार्य भइरहेको तर रातको समय, चिसोले जमेको पोटोम्याक नदीमा खसे ठिहिन्याउने पानीका कारण उद्धार कार्य गरिरहेका उद्धारकर्मीले 'अत्यन्त कठिन' अवस्थाको सामना गर्नुपरेको वासिंटनका अग्नि नियन्त्रक जोन डोनेलीले जानकारी दिए। 'करिब ३०० आपत् कालीन उद्धारकर्ताले पोटोम्याकमा खोजी गरिरहेका छन्। तर, उच्च हावा, रातको समयमा कम दृश्यता, चिसो मौसम र धमिलो पानीका कारण उद्धारमा कठिनाइ भइरहेको छ,' डानेलीले भने। नदीमा खसेका यात्रु जीवित भेट्टाउने सम्भावना निकै कम देखिन्छ। विशेषज्ञका अनुसार ३० मिनेटभित्र हाइपोथर्मिया निम्त्याउन सक्नेसम्मको न्यून तापक्रम भएको नदीबाट ३० भन्दा बढी शव निकालिएको स्थानीय मिडियाले जनाएको छ।

उता एयर ट्राफिक कन्ट्रोलरहरूले दुर्घटनाअघि अमेरिकी सेनाको हेलिकोप्टरलाई उक्त वाहन यात्रु विमानसँग ठोक्किने मार्गमा रहेको चेतावनी दिएको बताएका छन्। चेतावनीपछि हेलिकोप्टरमा सवार मानिसको सास रोकिएको आवाज सुनिएको तिनले बताए।

इतिहासमा आज

जनवरी ३१



सन् २०२० : ब्रेक्जिट चुनावपछिको तीन वर्ष लामो प्रक्रियापछि अन्ततः बेलायत औपचारिक रूपमा युरोपेली संघबाट बाहिरियो।

सन् १६०६ : विद्रोही गाय फोक्सलाई झुन्ड्याएर (मरेपछि चार हातखुट्टा काटेर) मृत्युदण्ड दिइयो। उनलाई इंग्ल्यान्डको संसद् भवन बमले उडाउने र देशका राजा जेम्स प्रथमको हत्याको असफल 'गनपाउडर प्लट (षड्यन्त्र)'मा संलग्न भएको आरोप थियो। गायको समूह इंग्ल्यान्डमा इसाई धर्मभित्रै क्याथोलिक सम्प्रदायप्रतिको दमनले आक्रोशित थियो।

सन् १८६५ : अमेरिकाको तल्लो सदन 'हाउस अफ रिप्रिजेन्टेटिभ'ले दासप्रथा उन्मूलन गर्ने संविधानको १३औं संशोधन पारित गऱ्यो। उक्त संशोधन देशका तीनचौथाइ राज्यबाट अनुमोदन भएपछि अन्ततः सोही वर्षको अन्त्य अर्थात् डिसेम्बर ६ देखि कार्यान्वयनमा आएको थियो।

सन् १९४३ : जर्मन फिल्ड मार्सल फ्रेडरिक पोलस र उनको नेतृत्वमा रहेको जर्मन छैटौं सैन्य विभागका बाँकी रहेका केही सैनिकले सोभियत संघको लालसेनासामु आत्मसमर्पण गरे। पाँच महिना लामो युद्धपछि जर्मन सेना लगभग समूल नष्ट भएको थियो। योसँगै दोस्रो विश्वयुद्धको सबैभन्दा भयानक संघर्ष मानिने 'स्टालिनग्रादको युद्ध' अन्त्य भयो।

सन् १९५८ : अमेरिकाले देशको पहिलो मानव निर्मित भूउपग्रह 'एक्स्प्लोरर प्रथम' प्रक्षेपण गऱ्यो। एक वर्षअघि सोभियत संघले विश्वको पहिलो भूउपग्रह स्पुतनिक प्रक्षेपण गरेपछि अमेरिका यस्तो खालको सफलताको उच्च दबाबमा थियो। यी दुई प्रक्षेपणले दुई देशबिच अन्तरिक्ष दौड सुरु गऱ्यो।

सन् १९६६ : अमेरिकी राष्ट्रपति लिन्डन बी जोनसनले ३७ दिनको युद्धविरामपछि कम्युनिस्ट शासन रहेको उत्तर भियतनाममा पुनः बमबारी सुरु भएको घोषणा गरे।

सन् १९६६ : सोभियत संघले चन्द्रमामा पहिलो 'सफ्ट ल्यान्डिङ' गर्ने अन्तरिक्षयान लुना नवौं प्रक्षेपण गऱ्यो।

सन् १९७९ : अमेरिका भ्रमणका क्रममा चिनियाँ नेता देङ सियाओपिङ र अमेरिकी राष्ट्रपति जिम्मी कार्टरले सांस्कृतिक सम्बन्ध, विज्ञान तथा प्रविधि क्षेत्रमा सहकार्यलगायत कैयौं ऐतिहासिक सम्झौतामा हस्ताक्षर गरे। यस सम्झौताले दुई देशको सम्बन्ध थप सहजीकरण गर्न सघायो।

सन् १९८१ : श्रमिक नेता लेख वालेसाको नेतृत्वमा भएको मजदुर आन्दोलन आजको दिनमा पोल्यान्डमा श्रमिकलाई कैयौं सुविधा दिने सम्झौता गराउन सफल भयो।

अल असदको पतनको डेढ महिनामा के-के बदलियो ?

डिसेम्बरमा बसर अल असदलाई पदच्युत गरेदेखि देशमा वास्तविक शक्ति अभ्यास गर्दै आएका अहमद अल सारा बुधबार देशको अन्तरिम राष्ट्रपति घोषित भएका छन्।

अल सारा अन्तरिम राष्ट्रपति

तत्कालीन राष्ट्रपति बसर अल असदलाई सत्ताच्युत गरेको झन्डै दुई महिनापछि सिरियाले नयाँ राष्ट्रपति पाएको छ। पूर्वविद्रोही कमान्डर र पछिल्लो दुई महिना सिरियामा वास्तविक शीर्ष शक्ति अभ्यास गरिरहेका अहमद अल सारा संक्रमणकालीन अवधिका लागि राष्ट्रपति नियुक्त गरिएको सिरियाली राज्य मिडियाले जनाएका छन्। अन्तरिम राष्ट्रपतिका रूपमा अल साराको नियुक्तिसँगै सिरियाली सरकारले गर्ने गरेका कामको वैधानिक रूपमा जिम्मेवारी लिने नेताको स्पष्ट चित्र बाहिरिएकाले देशको अगाडिको बाटोले थप स्पष्टता पाएको विश्लेषकले औंल्याएका छन्।

सिरियाली सरकारी समाचार एजेन्सी 'सिरियन अरब न्युज एजेन्सी (साना)'ले बुधबार कमान्डर हसन अब्देल घानीलाई उद्धृत गर्दै आगामी आम चुनाव नभएसम्म अल सारा राष्ट्रपतिको रूपमा नियुक्त भएको समाचार लेखेको छ। अल सारालाई यसअघि नै संक्रमणकालीन अवधिका लागि अस्थायी व्यवस्थापिका परिषद् गठन गर्ने अधिकार पनि दिइसकिएको छ। उक्त विधायिकी परिषद्ले नयाँ संविधान पारित नभएसम्म काम गर्नेछ।

को हुन् अहमद अल सारा ?

विद्रोहकालमा अबु मोहम्मद अल जुलानीको नामले परिचित अल सारा हाल विघटित 'एचटिएस'का नेता थिए। सिरियाको सबैभन्दा शक्तिशाली सशस्त्र समूह रहेको एचटिएसले गत डिसेम्बरमा अल असदलाई पदच्युत गर्ने प्रत्याक्रमणको नेतृत्व गरेको थियो। एचटिएस पहिले अल कायदाको सहयोगी थियो। तर, पछिल्लो समय उसले आफ्ना अडान मत्थर गर्ने प्रयास गरेको छ। अल सारालेआफूलाई र उनी नेतृत्वका सरकारलाई अल असदबाट मुक्त सिरियाको विश्वसनीय संरक्षकको रूपमा प्रस्तुत गर्ने प्रयास गरिरहेका छन्। वर्तमान सिरियाली अन्तरिम सरकारका अधिकांश शीर्ष पदमा हिजो एचटिएसले इदलिब प्रान्तमा शासन चलाउन अधिकारीलाई स्थान दिइएको छ। पछिल्लो समय अल सारालेविदेशी नेताहरू र कूटनीतिज्ञको भेटघाटलाई तीव्र बनाइरहेका छन्।



चार वर्षभित्र चुनावको वाचा

सिरियामा संक्रमणकालीन अवधि कति लामो हुनेछ भन्ने हालसम्म कुनै स्पष्ट खाका प्रस्तुत गरिएको छैन। यसैले गर्दा त्यहाँ आमचुनाव गराउने सम्बन्धमा समयतालिकाको कुनै अत्तोपत्तो छैन। अल सारालेयसअघि निर्वाचनबारे टिप्पणी गर्ने क्रममा उनको युद्धग्रस्त देशमा चुनाव गराउन कम्तीमा चार वर्ष लाग्न सक्ने बताएका थिए। डिसेम्बरमा साउदी अरेबियाली टिभी 'अल अरेबिया'सँग कुरा गर्दै अल सारालेदेशको नयाँ संविधानको मस्यौदा तयार गर्न तीन वर्षसम्म लाग्न सक्ने र त्यसपछि मात्र चुनाव हुने बताएका थिए। उनले देशमा योग्य मतदाताको संख्या निर्दिष्ट गर्न नयाँ जनगणनासमेत गर्नुपर्ने आवश्यकता रहेको पनि बताए। यी दुई कारणले गर्दा चार वर्षभित्र चुनाव हुने सम्भावना नरहेको उनको दाबी थियो। 'कुनै पनि अर्थपूर्ण चुनावका लागि जनसंख्याको यकिन संख्या थाहा पाउनुपर्ने हुन्छ। यसका लागि जनगणना सञ्चालन गर्न आवश्यक हुनेछ,' अल सारालेभनेका थिए।

राष्ट्रिय सेनासहित सम्पूर्ण सशस्त्र समूह भंग

सिरियामा हिजोको दिनमा अल असद सरकारविरुद्ध लडेका सबै सैन्य समूहलगायत सिरियाको राष्ट्रिय सेना र अन्य सुरक्षा निकाय यसअघि विघटित भएको घोषणा गरिएका छन्। एकीकृत राष्ट्रिय सैन्य बल गठन गर्न उठाइएको यस कदमअन्तर्गत अल साराको हयात तहरिर अल साम (एचटिए)'समेत भंग गरिएको छ। त्यसबाहेक नयाँ व्यवस्थासँगै देशको संविधान खारेजी भएको छ भने अल असद नेतृत्वमा रहेको बाथ पार्टीमाथि प्रतिबन्ध लागेको छ। बाथ पार्टीले अल असदको सरकार पतन हुनुअघि ६० वर्षभन्दा लामो समय देशमा शासन गरेको थियो। डिसेम्बर ८ मा अल असदलाई सत्ताबाट हटाउन अल साराको एचटिएस सँगसँगै लडेका सशस्त्र समूहका कमान्डरहरूको उपस्थितिमा दमास्कसमा भएको बैठकमा यी घोषणा आए। अल सारालेविगतमा आफूसँग लडेका विद्रोही समूहका नेतालाई सरकारमा प्रतिनिधित्व गराउने कुरा विश्वस्त गराउन तिनका कमान्डरलाई हरेक निर्णयमा सहभागी गरेका छन्। कुनै पनि समयमा पूर्वविद्रोहीमाझ मतविभाजन आएर नयाँ द्वन्द्व आउन नदिन अल सारालेतिनलाई नयाँ सिरियाको समेत हिस्सा बनाइने आश्वस्त पार्ने प्रयास गरिरहेजस्तो देखिन्छ।

पश्चिमी प्रतिबन्ध केही खुकुलो

यो साता युरोपेली संघका विदेशमन्त्रीहरूको ब्रसेल्समा बसेको बैठकमा सिरियामाथिको पश्चिमा प्रतिबन्धको विषयमा छलफल भएको थियो। फ्रान्सका विदेशमन्त्रीले दमास्कसलाई सहज बनाउन विगतमा संघले सो मुलुकमाथि लगाएको प्रतिबन्ध हटाइने बताएका छन्। संयुक्त राज्य अमेरिका र युरोपेली संघले सन् २०११ यता सिरियामाथि कैयौं प्रतिबन्ध घोषणा गरे। ती प्रतिबन्ध विद्रोहीमाथिको क्रूर दमनमा उत्रिएको असद सरकारको पुँजी बजार र व्यापार राजस्वमाथिको पहुँच कटौती गर्ने उद्देश्यले लगाइएको पश्चिमको तर्क छ। पश्चिमी प्रतिबन्धहरूले सिरियाको औपचारिक अर्थतन्त्रलाई बाँकी संसारबाट लगभग अलग गरेको छ।

अल-शारा र उनको सरकारले पश्चिमी नेताहरूको भेटमा पटक-पटक प्रतिबन्ध हटाइए मात्र सिरियाको भविष्य सहज हुने स्पष्टीकरण दिइरहेका छन्। यी प्रतिबन्धले सिरियाली समाजक सबै पक्षहरूमा प्रभाव पारिरहेका छन्। सिरियाको अर्थतन्त्र राम्ररी काम गर्न पनि यी प्रतिबन्ध हट्नुपर्ने बताइन्छ। तर, पश्चिमले भने वर्तमान सरकारका नेताको विगत अतिवादी भएकाले तिनको भावी कार्यशैली हेरेर मात्र प्रतिबन्ध पूर्ण फुकुवा गरिने बताएको छ।

बाथ पार्टी प्रतिबन्धित, संविधान खारेज

अल अपदस्थ भएसँगै उनको शासनको सबै अवशेषलाई मेट्ने प्रयास भइरहेको छ। यस क्रममा उनको पालाको संविधान खारेज भइसकेको छ। त्यस्तै अल असद नेतृत्वको 'अरब समाजवादी बाथ पार्टी'माथि प्रतिबन्ध लागेको छ। अरब राज्यलाई एउटै राष्ट्रका रूपमा एकताबद्ध गर्ने घोषित उद्देश्य बोकेको बाथ पार्टीलाई दुईजना सिरियाली अरब राष्ट्रवादीहरू मिसेल अफलाक र सलाह अल दिन अल बितारले स्थापित गरेका थिए। सन् १९४९ मा आफ्नो पहिलो विधान सार्वजनिक गरेको पार्टीले एक समय यस पार्टीले दुई वटा अरब देश इराक र सिरियामा शासन गरेको थियो।

सिरियामा बाथ पार्टी सन् १९७० मा सत्तामा आयो। पछिल्लो समय यो पार्टी मुख्यतः अल असदको परिवारसँग अभिन्न रूपमा गाँसिने गरेको छ। दशकौंसम्म यस परिवारले देशमाथि शासन गर्न सो पार्टी र यसको अरब जोड्ने विचारधारालाई प्रयोग गऱ्यो। प्रायः अधिकांश शीर्ष सैन्य पदहरू अल असद परिवार र सो परिवार जोडिएको अलाविट सम्प्रदायका सदस्यले ओगटेका थिए। ('अलाविट' सिरियाको जनसंख्या १० प्रतिशत मात्र रहेको अल्पसंख्यक सिया धार्मिक सम्प्रदाय हो।) तथापि बाथ पार्टीको सदस्यता भने साम्प्रदायिक रूपमा भन्दा अरब राष्ट्रवाद उछालेर सबैलाई दिइन्थ्यो। यही आवरणले अल्पसंख्या सम्प्रदायबाट आएको परिवारले दशकौं सिरियालीमाथि शासन गऱ्यो। अल असदको सरकार ढलेपछि बाथ पार्टीका अधिकांश नेतृत्व तथा चर्चित सदस्य अहिले भूमिगत भएका छन्। सबैलेहरू देश छाडेर भागेको बताइन्छ।

- अल जजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १८ माघ ०८१

युवालाई आइटीमा अवसर दिनुपर्ने कांग्रेस स्टार्टअप सम्मेलनको निष्कर्ष

वार्षिक १० खर्बभन्दा बढीको आइटी सेवा निर्यात गर्न सकिने विज्ञहरूको दाबी

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

आइटी क्षेत्रमा उद्यमशीलता र जनशक्ति विकास हुनुपर्ने निष्कर्षसहित नेपाली कांग्रेसले आयोजना गरेको 'स्टार्टअप र साना तथा मझौला व्यवसाय सम्मेलन' समापन भएको छ।

केन्द्रीय कार्यालय, सानेपामा बिहीबार विभिन्न तीन शीर्षकमा भएको छलफलमा सरोकारवालाले आइटी क्षेत्रबाट वार्षिक १० खर्बभन्दा बढी आम्दानी गर्न सकिने दरिलो आधारसहितको कार्यपत्र प्रस्तुत गरेका थिए।

कार्यक्रममा इनोभेटिभ नेपाल (आइएनजी) ग्रुपका प्रमुख सुलभ बुढाथोकीले नेपालको आइटी क्षेत्रमा धेरै अवसर भएकाले दक्ष जनशक्ति निर्माणमा लगानी आवश्यक भएको र आवश्यकताअनुसार जनशक्ति उत्पादन गर्न सकेमा वार्षिक १० खर्बभन्दा बढीको आइटी सेवा निर्यात गर्न सकिने बताएका थिए।

उनले विश्वभर सबैभन्दा बढी आर्थिक उपार्जनको स्रोत बनेको पर्यटन क्षेत्रलाई पनि आइटीले उछिनिसकेको बताए। युवापुस्ताले पनि चुनौतीबाट भाग्ने नभएर त्यसलाई अवसरका रूपमा लिनुपर्ने उनको सुझाव थियो।

त्यस्तै, त्रिभुवन विश्वविद्यालयका डीन प्रा.डा. महानन्द चालिसेले अहिलेको समयमा प्राविधिक शिक्षासहितको व्यावसायिक ज्ञान बाँड्ने कुरामा ध्यान दिनुपर्ने बताए। योङ इनोभेसनका संस्थापक विभूषण विस्टले सरकारी निकायबाट आइटी क्षेत्रलाई समेट्ने गरी नीति ल्याए अहिलेको तुलनामा पाँच गुणाभन्दा बढी जनशक्ति उत्पादन गर्न सकिने र त्यहीअनुसार सेवा निर्यात गर्न सकिने दाबी गरे।

गाउँपालिका राष्ट्रिय संघकी अध्यक्ष लक्ष्मी पाण्डेले स्टार्टअप महत्त्वपूर्ण क्षेत्रका रूपमा उदाएको बताइन्। सम्मेलनमा जेसिआई नेपालकी अध्यक्ष रजनी थापाले समयअनुसार महिलाले आफूलाई सक्षम बनाउँदै लैजानुपर्ने बताइन्। महिला उद्यमीले समयअनुसार क्षमता विकास गर्दै लैजानुपर्नेमा उनको जोड थियो।





● **प्रा.डा. महानन्द चालिसे**, डिन, त्रिभुवन विश्वविद्यालय

सरकारले नीति ल्याउँछ, तर प्राविधिक क्षेत्रमा विद्यार्थीलाई कसरी जोड्ने भन्ने विषय समेटिएको छैन। हरेक संकायमा व्यावसायिक सीप सिकाउने गरी पाठ्यक्रम निर्माण हुनुपर्छ।



● **दीपेश विष्ट**, सिइओ, ई-गभर्नेन्स बोर्ड

अन्य देशमा कम्पनी दर्ता गर्न प्रतिस्पर्धा हुने, तर नेपालमा त्यसका लागि अति नै झन्झटिलो प्रक्रिया भएका कारण कानुन सहज बनाउन आवश्यक छ।



● **मृगेन्द्र कार्की**, कार्यकारी निर्देशक, सिनास

सपना देख्ने, लगानी गर्ने र प्रयोग गर्ने क्षेत्रलाई छुट्याएर ब्रान्डिङसहितको प्रचार गर्न आवश्यक छ। भूगोलअनुसार उत्पादित सामग्रीको राज्यले प्रवर्द्धन गर्न सक्नुपर्छ।

अफसिजनमा पनि हिमाली भेगको ट्रेकिङमा बढ्दै पर्यटक

हिउँ पर्दा चिसो बढेर हिमाली भेगमा जान समस्या हुने भए पनि यो वर्ष मध्य माघसम्म हिमपात नहुँदा हिमाल हेर्दै ट्रेकिङ गर्ने र साहसिक खेलमा रमाउने पर्यटकको संख्यामा उल्लेख्य वृद्धि



● **विवेक बैजू**
सूचना अधिकारी
सगरमाथा राष्ट्रिय निकुञ्ज

अघिल्लो वर्ष मंसिरमा २६ सय ५२ पदयात्री खुम्बु पदयात्रामा गएकामा यसपटक चार हजार तीन सय ९४ पदयात्री पुगेका छन्। त्यस्तै, गत वर्ष पुसमा १३ सय नौजनाले मात्र सो क्षेत्रमा पदयात्रा गरेकामा यस वर्ष मौसमले साथ दिएकै कारण हिउँदमा पनि पदयात्री उल्लेख्य मात्रामा आइरहेका छन्।



खुम्बु क्षेत्रमा रमाउँदै पर्यटक। तस्बिर सौजन्य : एभरेस्ट भ्यु होटेल

नवीन अर्याल/नयाँ पत्रिका

हिउँ नपरेका कारण हिउँदमा पनि हिमाली भेगमा पदयात्रा गर्नेको संख्या बढेको छ। पदयात्राका लागि उत्कृष्ट गन्तव्यमा सूचीकृत अन्नपूर्ण सर्किट, खुम्बु क्षेत्रलगायतका हिमाली भेगहरूमा यतिबेला बाक्लो संख्यामा पदयात्री भेटिने गरेको ट्रेकिङ व्यवसायीले जानकारी दिएका छन्।

यो वर्ष मंसिर र पुसमा खुम्बु पदयात्रामा जाने पर्यटक बढेको सगरमाथा राष्ट्रिय निकुञ्जको तथ्यांकले देखाएको छ। अघिल्लो वर्ष मंसिरमा २६ सय ५२ पदयात्री खुम्बु पदयात्रामा गएकोमा यसपटक चार हजार तीन सय ९४ पदयात्री पुगेका छन्। स्थानीयको अवरोधले हेलिकोप्टर उडान रोकिँदा पनि पुस महिनामा १७ सय ५१ ले खुम्बुमा पदयात्रा गरेका छन्। गत वर्ष पुसमा भने १३ सय नौजनाले मात्र सो क्षेत्रमा पदयात्रा गरेको निकुञ्जले जानकारी दिएको छ।

सगरमाथा क्षेत्रमा २१ पुसदेखि ठप्प भएको व्यावसायिक हेलिकोप्टर उडान अझै सुचारु भएको छैन। हेलिकोप्टर उडान नियमित भए पदयात्रीको संख्या झन् बढ्ने व्यवसायीको भनाइ छ। सगरमाथा क्षेत्रमा करिब एक दर्जन हेलिकोप्टर कम्पनीले सेवा दिँदै आएका छन्।

यस वर्ष मौसमले साथ दिएकै कारण हिउँदमा पनि पदयात्रीहरू आइरहेको सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका सूचना अधिकारी विवेक बैजूले बताए। पर्यटन व्यवसायी एवं हेली एभरेस्टका प्रबन्ध निर्देशक फुर्वा ग्याल्जेन शेर्पाले पनि हिउँ नपरेकै कारण यो वर्ष पदयात्रामा जाने पर्यटक बढेको बताए। 'हिउँद सकिनै लाग्दा पनि हिउँ परेको छैन, यसैले अफसिजनमा पनि पदयात्रामा जाने पदयात्री बढेका हुन्,' उनले भने, 'मौसमले साथ दिएपछि मध्य हिउँदमा पनि स्वदेशी तथा विदेशीहरू एभरेष्ट बेसक्याम्पतर्फ उक्लिरहेका छन्।'

मंसिर र पुसमा पदयात्री बढेकै कारण चालू आवको पहिलो ६ महिना (साउन-पुस)मा सगरमाथा हेर्न जाने पर्यटक समग्रमा बढेको निकुञ्जको तथ्यांकले देखाउँछ। गत वर्ष ६ महिनामा २७ हजार नौ सय ८३ जना पर्यटक सगरमाथा हेर्न गएकोमा यस वर्ष सोही अवधिमा २९ हजार दुई सय २० जना पर्यटक पुगेका छन्। निकुञ्जका अनुसार चालू आवको साउन, असोज र कात्तिकमा खुम्बु क्षेत्र प्रवेश गर्ने पर्यटकको संख्या अघिल्लो वर्षको तुलनामा कम रहेको छ।

हिउँ परेको भए चिसो बढेर हिमाली भेगमा जान समस्या हुन्थ्यो। तर, यस वर्ष अहिलेसम्म हिउँ नपर्दा हिमाली भेगमा अफसिजन पर्यटक बढेको हो। खुम्बु क्षेत्रमा सगरमाथा, ल्होत्से, नुप्त्सेलगायत हिमाल आरोहण वा हिमाल हेर्दै ट्रेकिङ गर्न पर्यटक पुग्ने गरेका छन्। त्यस्तै, स्काई डाइभिङ, स्नोबोटिङ, पर्वतारोहण तालिम, माउन्टेन बाइकिङ, म्याराथन दौडलगायतका साहसिक गतिविधिमा संलग्न हुनसमेत पर्यटक लालायित हुने गरेको निकुञ्जले जनाएको छ। एभरेष्ट स्काई डाइभ संसारकै उच्च भूभागमा हुने साहसिक मनोरञ्जनात्मक खेलमा सूचीकृत छ।

■ सगरमाथा (खुम्बु) क्षेत्रमा गएका पर्यटक

महिना	०८०/८१	०८१/८२
साउन	२८८	१२५
भदौ	१,२७६	१,३३१
असोज	९,११०	८,९०२
कात्तिक	१३,३४८	१२,७१७
मंसिर	२,६५२	४,३९४
पुस	१,३०९	१,७५१
कुल	२७,९८३	२९,२२०

स्रोत : सगरमाथा राष्ट्रिय निकुञ्ज

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.
T & C apply
Global IME Bank
GLOBAL CONNECT Call Us: +977-1-5970600 globalconnect@gibl.com.np

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/१०/१८ गतेको नयाँ पत्रिका दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/ कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

दमौली शाखा, तनहुँ

ऋणीको विवरण

प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश, दमौली, तनहुँमा प्र.फ.र.नं. ५२१६/०७५/०७६ अन्तर्गत मिति २०७५/०८/२३ मा दर्ता कायम भएको **थापा अटो मोबाइल्स पार्टस**
फर्म दर्ता ठेगानाः व्यास न.पा. - १, तनहुँ
स्थायी लेखा नं. ६०२८५४९३१ मिति २०७५/०८/२३
प्रोप्राइटरः निरज थापा
कर्जा शिर्षकः ओभरड्राफ्ट, डिमाण्ड, आवधिक तथा सवरी साधन कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

निरज थापा ना.प्र.नं. ४३३००१/९८३०६, जारी मितिः २०६३/११/१५, जि.प्र.का. तनहुँ बाबुको नामः रामबहादुर थापा बाजेको नामः भक्त बहादुर थापा स्थायी ठेगानाः व्यास न.पा. - १, तनहुँ	**पवी सिंह ठकुरी** ना.प्र.नं. ३६२००८/१८०, जारी मितिः २०६५/०३/२७, जि.प्र.का. नवलपरासी बाबुको नामः श्याम सिंह ठकुरी पतिको नामः निरज थापा ससुराको नामः रामबहादुर थापा स्थायी ठेगानाः रजहर - १, नवलपरासी हालको ठेगानाः व्यास न.पा. - १, तनहुँ	**विष्णु देवी थापा** ना.प्र.नं. २८३१८, जारी मितिः २०५४/११/१९, जि.प्र.का. तनहुँ बाबुको नामः चन्द्र बहादुर खत्री पतिको नामः राम बहादुर थापा ससुराको नामः भक्त बहादुर थापा स्थायी ठेगानाः सतिश्वारा - ३, तनहुँ हालको ठेगानाः व्यास न.पा. - १, तनहुँ

त्रिभुवन चोक शाखा, बाँके

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४१८२६/०७७/०७८ अन्तर्गत मिति २०७७/०५/३० मा दर्ता कायम भएको **डाँफे प्रोसेसिङ्ग एण्ड प्याकेजिङ्ग प्रा.लि.** कम्पनी दर्ता ठेगानाः नेपालगंज उ.म.न.पा. - ५, बाँके स्थायी लेखा नं. ६०९७९५८४४ मिति २०७७/०५/३० **संचालकः शैलेश के.सी.** **कर्जा शिर्षकः ओभरड्राफ्ट कर्जा**	**शैलेश के.सी.** ना.प्र.नं. ६७८, जारी मितिः २०५२/११/२०, जि.प्र.का. बाँके बाबुको नामः माधव के.सी. बाजेको नामः कुल बहादुर के.सी. स्थायी ठेगानाः नेपालगंज - ६, बाँके हालको ठेगानाः नेपालगंज उ.म.न.पा- ५, बाँके	**मुनु उपाध्याय** ना.प्र.नं. ३१७७, जारी मितिः २०५८/०२/३२, जि.प्र.का. बाँके बाबुको नामः चिरञ्जिवी उपाध्याय पतिको नामः शैलेश के.सी. ससुराको नामः माधव के.सी. स्थायी ठेगानाः मा.डाडाँगाउ - ४, सल्यान

चौतारा शाखा, सिन्धुपाल्चोक

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
फुल मान तामाङ ना.प्र.नं. २४७२९/१०९१३० जारी मिति २०५८/१०/०४, जि.प्र.का. सिन्धुपाल्चोक बाबुको नामः लामान सिं तामाङ बाजेको नामः नगतले तामाङ स्थायी ठेगानाः ईर्खु - ७, सिन्धुपाल्चोक हालको ठेगानाः चौतारा साँगाचोक गढि न.पा. - ८, सिन्धुपाल्चोक **कर्जा शिर्षकः आवाधिक कर्जा**	**कल्पना थापा सराङकोटी तामाङ** ना.प्र.नं. २४१०५१/३ जारी मिति २०६६/०८/१६, जि.प्र.का. सिन्धुपाल्चोक बाबुको नामः होमबहादुर थापा सराङकोटी तामाङ पतिको नामः फुल मान तामाङ ससुराको नामः लामान सिं तामाङ स्थायी ठेगानाः ईर्खु - ७, सिन्धुपाल्चोक हालको ठेगानाः चौतारा साँगाचोक गढि न.पा. - ८, सिन्धुपाल्चोक

सस्थागत जमानत दिनेको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, सिन्धुपाल्चोकमा प्रा.फ.न.घ.उ.वि. २६२३/०७३/०७४ अन्तर्गत मिति २०७३/०४/२५ मा दर्ता कायम भएको **विराज कुछुरा तथा तरकारी फर्म** फर्म दर्ता ठेगानाः ईर्खु - ७, सिन्धुपाल्चोक स्थायी लेखा नं. ३०५५५७२६९, मिति २०७४/०६/२७ **प्रोप्राइटरः फुल मान तामाङ**	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, सिन्धुपाल्चोकमा प्रा.फ.र.नं. ११६५/०६८/०६९ अन्तर्गत मिति २०६९/०३/१७ मा दर्ता कायम भएको **कल्पना किराना स्टोर्स** फर्म दर्ता ठेगानाः ईर्खु - ७, सिन्धुपाल्चोक स्थायी लेखा नं. ३०५५५७२६९, मिति २०६९/०३/१७ **प्रोप्राइटरः फुल मान तामाङ**

थानकोट शाखा, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
समिप महर्जन ना.प्र.नं. २७-०१-७१-०८१३७, जारी मितिः २०७१/१०/२१, जि.प्र.का. काठमाडौं बाबुको नामः रत्न लाल महर्जन बाजेको नामः भाजु रत्न महर्जन स्थायी ठेगानाः चन्द्रागिरी न.पा. - १५, काठमाडौं हालको ठेगानाः चन्द्रागिरी न.पा. - १०, काठमाडौं **कर्जा शिर्षकः घर कर्जा**	**रत्नलाल महर्जन** ना.प्र.नं. ४६३९/९१५४, जारी मितिः २०३६/१२/१७, जि.प्र.का. काठमाडौं बाबुको नामः भाजुरत्न महर्जन बाजेको नामः अष्टमान महर्जन स्थायी ठेगानाः तिनथाना - ४, काठमाडौं हालको ठेगानाः चन्द्रागिरी न.पा. - १०, काठमाडौं

न्युरोड शाखा, काठमाडौं

ऋणीको विवरण	संचालकको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा प्रा.लि.नं. ३०५९२/०६१/६२ अन्तर्गत मिति २०६१/०५/११ मा दर्ता कायम भएको **फेन्डसिप इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा.लि.** कम्पनी दर्ता ठेगानाः टोखा न.पा. - १०, काठमाडौं स्थायी लेखा नं. ३०१८२४८६६ मिति २०६१/११/०४ **संचालकहरुः शिव शंकर साह तेली, राम कुमार महतो, विरेन्द्र साह तेली र हसन अंसारी** **कर्जा शिर्षकः फोर्स कर्जा**	**विरेन्द्र साह तेली** ना.प्र.नं. ८२८६१९५३, जारी मितिः २०६०/०४/२५ जि.प्र.का. सर्लाही बाबुको नामः महेश साह तेली स्थायी ठेगानाः मोतीपुर - ३, सर्लाही	**सनिता कुमारी देवी** ना.प्र.नं. १९१०३४/२७ जारी मिति २०६४/१२/०४, जि.प्र.का. सर्लाही बाबुको नामः जोगी साह पतिको नामः विरेन्द्र साह तेली ससुराको नामः महेश साह तेली स्थायी ठेगानाः मोतीपुर - ३, सर्लाही

संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

हसन अंसारी ना.प्र.नं. १६१०६८/१४१, जारी मितिः २०६५/०९/०९, जि.प्र.का. सर्लाही बाबुको नामः इदरिश अंसारी बाजेको नामः अन्छिन मिया स्थायी ठेगानाः गमहरिया - ५, सर्लाही	**राम कुमार महतो** ना.प्र.नं. १७९८८९४७१५, जारी मितिः २०५३/११/१६, जि.प्र.का. धनुषा बाबुको नामः राम अयोध्या महतो बाजेको नामः लखन महतो स्थायी ठेगानाः उमाप्रेमपुर - ५, धनुषा	**शिवसंकर साह तेली** ना.प्र.नं. ०३०७२२४४३ जारी मितिः २०५४/०३/०९, जि.प्र.का. सर्लाही बाबुको नामः लक्ष्मी साह तेली बाजेको नामः गोपी साह स्थायी ठेगानाः अत्रौली - १, सर्लाही

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

निर्माण क्षेत्रको समस्या समाधान गर्न कार्यदल गठन

काठमाडौं/ कृत्रिम मूल्यवृद्धि भएको सिमेन्टको भाउ घटाउनुपर्नेलगायतका माग सम्बोधनका लागि बिहीबार दिउँसो प्रधानमन्त्री केपी ओलीलाई भेट्न पुगेका निर्माण व्यवसायीलाई ओलीले कार्यदल गठन गरेर समस्या समाधान गर्ने आश्वासन दिएका छन्।

प्रधानमन्त्री ओलीले आफ्नो आर्थिक सल्लाहकार तथा पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाको नेतृत्वमा कार्यदल गठन गर्ने निर्णय गरेको जानकारी निर्माण व्यवसायीलाई दिएका हुन्। कर्मचारी तहबाट निर्माण क्षेत्रमा देखिएको समस्याको समाधान ननिस्कने सुनाउँदै प्रधानमन्त्री ओलीले राजनीतिक तहबाटै हल खोजिने बताएको महासंघका अध्यक्ष रवि सिंहले जानकारी दिए। 'कर्मचारीतन्त्रबाट अहिलेका समस्याको हल ननिस्कने निष्कर्षमा प्रधानमन्त्रीज्यू पुगिसक्नु भएको रहेछ,' उनले भने।

■ स्वदेशी उत्पादनमा प्रधानमन्त्रीको नजर



बिहीबारदेखि सुरु भएको 'आठौं अन्तर्राष्ट्रिय चेम्बर एक्स्पो'मा राखिएको स्वदेशी उत्पादन अवलोकन गर्दै प्रधानमन्त्री केपी ओली। उनले उत्पादन वृद्धि गरेर निर्यातमा जोड दिन उद्योगी-व्यवसायीलाई आग्रह गरेका छन्।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

सुन प्रतितोला १ लाख ६० हजारमाथि

९ मंसिरमा भन्सार महसुल ५० प्रतिशत घटाएपछि सस्तिएको सुन पुनः महँगिन थाल्यो

नयाँ पत्रिका

सुनको भाउ प्रतितोला एक लाख ६० हजार रुपैयाँ नाघेको छ। ९ मंसिरमा सुनको भन्सार दर ५० प्रतिशत घटाएयता मूल्य उकालो लाग्न थालेको हो। सुनचाँदी व्यसायी महासंघका अनुसार बिहीबार सुनको भाउ प्रतितोला एक लाख ६० हजार पाँच सय रुपैयाँ निर्धारण भएको थियो। त्यस्तै, चाँदीको भाउ प्रतितोला १८ सय ८५ रुपैयाँ निर्धारण भएको थियो।

अर्थ मन्त्रालयले ९ मंसिरमा सुनको भन्सार महसुल ५० प्रतिशत घटाएर १० प्रतिशत कायम गरेको थियो। जसकारण प्रतितोला एक लाख ६७ हजार दुई सय रहेको सुन भन्सार महसुल घट्नासाथ एक लाख ४८ हजार सात सय रुपैयाँमा झरेको थियो। भन्सार घट्नासाथ एकै दिन सुनको भाउमा १५ हजार नौ सय रुपैयाँले गिरावट आएको थियो। त्यसपछि मंसिर र पुसमा डेढ लाखआसपासमै रहेको सुनको भाउ अहिले पुनः बढ्न थालेको हो।

अमेरिकी राष्ट्रपति ट्रम्पले कर बढाउने त्रासले विश्वभर महँगियो सुन



रोयटर्सका अनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आयात महसुल तथा शुल्कमा वृद्धि गर्न सक्ने नीतिको त्रासले लगानीकर्ता सुनमा लगानी बढाइरहेका छन्। साथै, लगानीकर्ताले अमेरिकी केन्द्रीय बैंक फेडर रिजर्भको आगामी नीति थाहा पाउन मुद्रास्फीति प्रतिवेदन पर्खिरहेका छन्।

मुद्रास्फीति बढी भएमा फेडले ब्याजदर स्थिर राख्ने वा घटाउने नीति लिनेछ। त्यस्तै, मुद्रास्फीति न्यून भएमा ब्याजदर बढाउने जोखिम उत्तिकै रहन्छ। ब्याजदर घटाउने नीति लिएमा लगानीका अरू क्षेत्रमा लगानीकर्ता आकर्षित हुने अवसर मिल्ने सम्भावना रहन्छ। यदि ब्याजदर बढाएमा लगानीकर्ता सबैभन्दा सुरक्षित मानिएको सुनमा आकर्षित हुन्छन्।

अनिश्चित भए पनि ट्रम्प प्रशासनले सुनमा महसुल बढाउन सक्ने जोखिमलाई लगानीकर्ताले आकलन गरिसकेका छन्। त्यसैले भविष्यमा महसुल वृद्धिको जोखिमलाई न्यूनीकरण गर्न उनीहरूले सक्दो सुन खरिद गरिरहेको रोयटर्सले जनाएको छ। त्यसैले ट्रम्पको अनिश्चित राजस्व नीतिले लगानीकर्तामा मनोवैज्ञानिक दबाब बढ्दा सुनमा लगानी बढेको र यसले मूल्य बढाएको रोयटर्सको विश्लेषण छ। हालसम्म ट्रम्पले आफ्नो राजस्व नीतिमा सुनलाई उल्लेख गरिसकेका छैनन्।

आरबिबी मर्चेन्टको वार्षिकोत्सव

उत्कृष्ट डिम्याट खाता खोल्ने १० शाखा सम्मानित

काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंकको सहायक कम्पनी आरबिबी मर्चेन्ट बैंकिङले १०औँ वार्षिकोत्सव मनाएको छ। सञ्चालक समिति अध्यक्ष सरस्वती अधिकारीको सभापतित्वमा वार्षिकोत्सव मनाइएको हो। सोही अवसरमा उत्कृष्ट हितग्राही (डिम्याट) खाता खोल्ने १० शाखा प्रमुख पनि सम्मानित भएका छन्। खाता खोल्ने राष्ट्रिय वाणिज्य बैंकका बानेश्वर, कीर्तिपुर, इटहरी, चरिकोट, ललितपुर, नक्साल, सल्लेरी, सुर्खेत, हेटौंडा, बालाजु शाखाका शाखा प्रमुखलाई सम्मान गरिएको थियो। त्यसैगरी, संस्थाका दुईजना उत्कृष्ट कर्मचारीलाई सम्मानपत्रका साथै नगद पुरस्कारले सम्मान गरिएको पनि कम्पनीले जनाएको छ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक नवराज अधिकारी, विशेष अतिथिहरू राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, सिडिएस एन्ड क्लियरिङका प्रमुख कार्यकारी अधिकृत प्रवीण पन्दाकलगायतको उपस्थिति थियो।



कम्पनीका प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद प्याकुरेलले नौ वर्षमा भएका कार्यप्रगति विवरण पेस गरेका थिए। विवरणअनुसार आव ०७३/७४ मा ०.३५ रुपैयाँ इपिएस (प्रतिसेयर आम्दानी) रहेकोमा आव ०८०/८१ मा बढेर १९.०७ रुपैयाँ कायम भएको छ। त्यस्तै, आव ०७३/७४ मा १००.७५ रुपैयाँ नेटवर्थ रहेको आरबिबी मर्चेन्ट कम्पनी गत आवसम्म १२८.०५ रुपैयाँ पुगेको छ।

साथै, कम्पनीले कुल आयमा आर्थिक वर्ष ०७३/७४ देखि आव ०८०/८१ मा आइपुग्दा २०१ प्रतिशतले वृद्धि भएको र खुद मुनाफामा ६६० प्रतिशत वृद्धि गरी आव ०८०/८१ मा १८ प्रतिशत नगद लाभांशसमेत गरी कुल ५३.६६ प्रतिशत नगद लाभांश राष्ट्रिय वाणिज्य बैंकलाई दिएको बताइएको छ।

ग्यालेक्सी एस२५ सिरिजको प्रिअर्डरमा आकर्षक अफर

काठमाडौं/ सामसङ नेपालले नयाँ ग्यालेक्सी एस२५ अल्ट्रा, ग्यालेक्सी एस२५ प्लस र ग्यालेक्सी एस२५ स्मार्ट फोनको प्रि-अर्डर खुला गरेको छ। प्रिअर्डर बिहीबारदेखि १ फागुनसम्म चल्नेछ। बिहीबार पत्रकार सम्मेलनमा सामसङ नेपालका निर्देशक प्रणयरत्न श्रेष्ठ र मिस नेपाल वर्ल्ड २०१६ की अश्मी श्रेष्ठले ग्यालेक्सी एस२५ सिरिजको अनावरण गरेका थिए।

'हामी ग्यालेक्सी एस२५ सिरिजका साथ ग्यालेक्सी एआईको अर्को चरणमा प्रवेश गरेका छौं। ग्यालेक्सी एस२५ सिरिजले तपाईंलाई सबैभन्दा बढी सन्दर्भ-समझदारीका साथ व्यक्तिगत एआई अनुभव प्रदान र व्यक्तिगत गोपनीयता सुनिश्चित गर्दै कार्यकारी सल्लाह र सुझाव दिनेछ,' सामसँङ नेपालका निर्देशक श्रेष्ठले भने।

ग्यालेक्सी एस२५ सिरिज सामसङको दीर्घकालिक दृष्टिकोणको पहिलो कदम हो, जसले एआई एजेन्ट र मल्टिमोडेल क्षमतालाई प्रयोगकर्ताको अन्तर्क्रिया र प्रत्येक टचप्वाइन्टमा एकीकृत गर्दै नयाँ मोबाइल अनुभव सिर्जना गर्ने लक्ष्य राखेको छ। यस सिरिजमा विशेष रूपमा कस्टमाइज गरिएको स्न्यापड्रागन ८ एलिट मोबाइल प्लेटफर्मले ग्यालेक्सी एआईका लागि उच्चतम प्रोसेसिङ पावर र ग्यालेक्सीको नेक्स्ट जेन प्रोभिजुअल इन्जिनका साथ उत्तम क्यामरा रेन्ज र नियन्त्रण प्रदान गर्छ।



ग्यालेक्सी एस२५ सिरिजको प्रि-अर्डर सामसङको अधिकृत स्टोरमा उपलब्ध हुनेछ। प्रि-अर्डर गर्ने ग्राहकले ग्यालेक्सी एस२५ अल्ट्रा खरिद गर्दा १२/२५६ जिबीबाट १२/५१२ जिबी मेमोरी अपग्रेड वा ग्यालेक्सी बड्स ३ प्रो, जसको मूल्य ३१,९९९ रुपैयाँ रहेको छ, मात्र १४,९९९ मा प्राप्त गर्न सक्नेछन् साथै ३,३९९ मूल्य रहेको सिलिकन कभर पनि १,५०० रुपैयाँमा प्राप्त गर्न सक्नेछन्। ग्यालेक्सी एस२५ प्लस र ग्यालेक्सी एस२५ बेस प्रि-अर्डर गर्दा ग्राहकले ३१,९९९ मूल्य रहेको ग्यालेक्सी बड्स ३ प्रो १४,९९९ मा र ३,३९९ मूल्य रहेको सिलिकन कभर पनि १,५०० रुपैयाँमै प्राप्त गर्न सक्नेछन्।

'महिला टी-२० आई त्रिकोणात्मक सिरिज'का लागि एनसेलको सहकार्य

काठमाडौं/ एनसेलले 'महिला टी-२० आई त्रिकोणात्मक सिरिज'का लागि नेपाल क्रिकेट संघ (क्यान)सँग सहकार्य गरेको छ। यो सहकार्य एनसेलको 'हामी तपाईंकै लागि' थिम र नेपालमा क्रिकेट तथा खेलकुदको विकासलाई सहयोग गर्ने प्रतिबद्धतामा आधारित रहेको छ।



यो सिरिजअन्तर्गतको खेल आज बिहीबारदेखि कीर्तिपुर अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सुरु भएको छ। नेपाली महिला क्रिकेट टोलीलाई यस सिरिजमा समर्थन गर्न आह्वान गर्दै क्यानले सम्पूर्ण खेलहरूको प्रवेश निःशुल्क बनाएको छ।

सिरिजमा सहभागी टिमहरूले एक-अर्कासँग तीनपटक प्रतिस्पर्धा गर्नेछन्। आजको पहिलो खेलमा आयोजक टिम नेपालले नेदरल्यान्ड्सविरुद्ध प्रतिस्पर्धा गऱ्यो। अन्य खेलहरूमा, नेपालले माघ १९ मा थाइल्यान्डविरुद्ध, माघ २० मा नेदरल्यान्ड्सविरुद्ध, माघ २२ मा थाइल्यान्डविरुद्ध, माघ २३ मा नेदरल्यान्ड्सविरुद्ध र माघ २५ मा फेरि थाइल्यान्डविरुद्ध खेल्नेछ। यो सहकार्य वृद्धि विकास, नवप्रवर्तन र उत्कृष्टताप्रतिको आपसी समर्पणको ज्वलन्त उदाहरण भएको एनसेलले जनाएको छ।

कम्पनीले खेलकुदको विकास, युवा सशक्तीकरण र सामाजिक एकताको प्रवर्द्धनमा योगदान दिँदै नयाँ उचाइ हासिल गर्ने लक्ष्य रहेको बताएको छ। 'नेपाल र आमउपभोक्ताकालाई सधैँ जोडिराख्ने एनसेलको दर्शन क्रिकेट गतिविधिप्रतिको भावना र जोससँग मेल खान्छ,' एनसेलको विज्ञप्तिमा उल्लेख छ, 'यसले एनसेलको खेलसँगको सम्बन्धलाई प्रतिबिम्बित गर्छ र यो खेलकुद र नेपालसँगको अटुट सम्बन्धको उदाहरण हो।'

एनसेलले आफ्नो स्थापनाकालदेखि नै एक जिम्मेवार कर्पोरेट नागरिकका रूपमा, नेपालमा खेलकुद र प्रतिभा विकासमा महत्त्वपूर्ण योगदान गर्दै जनाएको छ। एनसेलले यो वर्षको नेपाल प्रिमियर लिगमा पावर्ड बाई पार्टनरका रूपमा आबद्ध भएको थियो। कम्पनीले क्रिकेट, फुटबल, भलिबल, गल्फ तथा नेपालका पारा-खेलाडीलाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन सहयोग प्रदान गर्दै आएको छ।

हर्जोगको पुस्तक 'अन्नपूर्ण : प्रिमियर ८०००' नेपाली भाषामा

काठमाडौं/ नेपालको हिमाली पर्यटनलाई संसारभर चिनाउने कीर्तिमानी फ्रान्सेली आरोही स्व. मौरिस हर्जोगको प्रसिद्ध पुस्तक 'अन्नपूर्ण : प्रिमियर ८०००' नेपाली भाषामा पनि प्रकाशित हुने भएको छ। नेपालका लागि फ्रान्सकी राजदूत भिर्जिनी कोर्तभालले उक्त अनुवादको मस्यौदा फाइनप्रिन्टका सिइओ नीरज भारीलाई हस्तान्तरण गरेकी छिन्।

मौरिस हर्जोग र लुइस लाचेनलको टोलीले ३ जुन १९५० मा अन्नपूर्ण हिमाल आरोहण गरेको थियो। मौरिसको टोलीले अन्नपूर्ण आरोहण गरेपछि नेपालको संसारभर चर्चा चुलिएको थियो। नेपालमा व्यावसायिक पर्यटनको सुरुवात पनि त्यहींबाट भएको मानिन्छ। त्यसको तीन वर्षपछि सन् १९५३ मा एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका थिए।

सन् १९५१ मा पहिलोपटक प्रकाशित ऐतिहासिक यात्रावृत्तान्त 'अन्नपूर्ण'ले विश्वभरिका पाठकलाई मन्त्रमुग्ध पारेको छ। यो पुस्तक अन्नपूर्णको सफल आरोहणबारे हो, जुन विश्वकै पहिलो आठ हजार मिटर अग्लो शिखर आरोहण थियो। यो पुस्तक दर्जनौं भाषामा अनूदित भई लाखौं प्रति बिक्री भइसकेको छ। यसले नेपाललाई विश्वभर पर्वतारोहण र साहसिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा परिचित गराएको छ। तर, अहिलेसम्म यो पुस्तक नेपाली भाषामा अनुवाद भएको थिएन। फ्रेन्च भाषाका अध्यापकहरू अशोक शाक्य र रिजेन्द्र श्रेष्ठले अनुवाद गरेको यस पुस्तकले नेपालको सांस्कृतिक तथा प्राकृतिक सौन्दर्यलाई उजागर गरेको छ।

सर्टिफिकेट हरायो

मिति २०८१/१०/०२ गते मध्यपुर थिमिबाट सुर्यविनायकसम्म जाँदा राष्ट्रिय परीक्षा बोर्डबाट जारी भएको मेरो निम्न व्यहोरा भएको प्रमाणपत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम: अनिज श्रेष्ठ
रजिष्ट्रेशन नं.: ७१२६२३०१७
सि.नं. : २२६०३३५८
सम्पर्क : ९८४३५८१३७७

विशेष साधारण सभा सम्बन्धी सूचना

यस नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेडको मिति २०८१/१०/१५ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उल्लेखित मिति, स्थान र समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

सभा हुने मिति, स्थान र समय :

सभा हुने मिति : २०८१ साल फागुन महिना ४ गते (तदनुसार १६ फेब्रुअरी २०२५)।
स्थान : वि.एल.सी सभा कक्ष, थापाथली, काठमाडौं।
समय : १२:३० बजे।

विशेष साधारण सभाको छलफलको विषयहरू :

विशेष प्रस्ताव :

१. कम्पनीको हाल कायम रहेको चुक्ता पूँजीको ४०% बराबर हकप्रद शेयर (Right Share) जारी गर्ने।
२. हकप्रद शेयर जारी भए पश्चात कम्पनीको प्रबन्ध पत्र नियमावलिमा आवश्यक शंशोधन गर्ने लगायतका आवश्यक कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने।
३. विविध।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

Norvic International Hospital
नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि.
थापाथली, काठमाडौं, नेपाल
इमेल: info@norvichospital.com
फोन नं.: ०१-५९७०४३२

भावपूर्ण श्रद्धाञ्जली



जन्म : वि.सं. २०१० / ५ / १५
स्वर्गारोहण: वि.सं. २०८१ / ५ / ३

स्व. प्रमोद मान राजभण्डारी

हाम्रा अनन्य मित्र **प्रमोद मान राजभण्डारी**को स्वर्गारोहण भएको आज ४५औँ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुण भनी भगवानसंग प्रार्थना तथा कामना गर्दछौँ ।

बिकास बहादुर/विजया लक्ष्मी श्रेष्ठ | किशोरेन्द्र/अनिता अमात्य
कविश्याम/कृष्णा मिला शर्मा | मधुसुदन/मिना श्रेष्ठ

तथा
टेङ्गल परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २०३१ माघ ०६ गते
स्वर्गारोहण: वि.सं. २०८१ माघ ०६ गते

स्व. मदन साह तेली

हाम्रा सहकर्मी श्री शरिका साहका पूजनीय पिता **मदन साह तेली**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सानिमा बैंक www.sanimabank.com
पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं फोन: +९७७-१-५९७००३३
फ्याक्स: +९७७-१-४४२८९६९ ईमेल: sanima@sanimabank.com

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मानसिक अस्पताल
लगनखेल, ललितपुर

MHL

विरामीहरूको लागि निःशुल्क रासन बन्दोबस्त कार्यको बोलपत्र स्वीकृतिको आशयको सूचना

प्रकाशित मिति : २०८१/१०/१८

यस अस्पतालमा भर्ना हुने विरामीहरूको लागि निःशुल्क रासन बन्दोबस्त कार्यको लागि विद्युतिय बोलपत्रद्वारा खरिद गर्न मिति २०८१/०९/०२ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम पेश हुन आएका बोलपत्रमध्ये तपशिलमा उल्लेखित फर्मको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को २ बमोजिम तपशिलको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपशिल

क्र.सं.	फर्मको नाम	ठेगाना	रकम (मु.अ.कर सहित)
१.	विन्धबासिनी खानेपानी तथा खाध्यान्न स्टोर	ललितपुर महानगरपालिका-२७ सुनाकोठी	४२९१४४०.५५

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८१/१०/१८

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड शाखा कार्यालय भुमही, नवलपरासीबाट विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीहरु श्री **न्यू भण्डारी सप्लायर्स, नारायण हार्डवयर** र **रुबिना ब्युटिपार्लर एण्ड गिफ्ट हाउस** को नाममा मिति २०८०/०८/१२ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने ऋणकर्जा चुक्ता भुक्तान गर्न सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय भुमही, नवलपरासी मा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : एस्.एम्. ई. कर्जा (अधिबिकर्ष) तथा आवधिक कर्जा (सात्विक नेपाल कम्युनिटी डेभलपमेन्ट बैंक लि.)

ऋणीको नाम : न्यू भण्डारी सप्लायर्स
रजिष्ट्रेशन नं. : ६४६/२५३६ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी)
रजिष्टर्ड ठेगाना : रामनगर गा.वि.स. १, नवलपरासी
दर्ता मिति : वि.सं.२०६७/११/१९
पान नं. : ३०४८९४१९४

फर्मको प्रोप्राईटरको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
नाम : हुम प्रसाद भण्डारी बाबु : चुरामणी भण्डारी बाजे : धर्मागत भण्डारी पत्नि : बिमला भण्डारी ठेगाना : रामनगर गा.वि.स.-०१, नवलपरासी हाल : सुनवल न.पा.-१२, नवलपरासी ना.प्र.नं. : ३१३१ जारी मिति: २०४२/०९/१९ जि.प्र.का. : नवलपरासी	१. नाम : बिमला भण्डारी बाबु : हिमनाथ न्यौपाने पति : हुम प्रसाद भण्डारी ससुरा : चुरामणी भण्डारी ठेगाना : रामनगर गा.वि.स.-०१, नवलपरासी हाल : सुनवल न.पा.-१२, नवलपरासी ना.प्र.नं : ६८१/११०४ जारी मिति : २०४५/०२/२८ जि.प्र.का. : नवलपरासी
२. नाम : नारायण भण्डारी बाबु : हुम प्रसाद भण्डारी बाजे : चुरामणी भण्डारी पत्नि : ममता न्यौपाने ठेगाना : रामनगर गा.वि.स.-०१, नवलपरासी हाल : सुनवल न.पा.-१२, नवलपरासी ना.प्र.नं : ३६१०३९/४०३ जारी मिति : २०६७/०३/२८ जि.प्र.का. : नवलपरासी	३. नाम : ममता न्यौपाने बाबु : राम प्रसाद न्यौपाने पति : नारायण भण्डारी ससुरा : हुम प्रसाद भण्डारी ठेगाना : कृष्णगण्डकी गा.वि.स.-०९,स्याङ्जा हाल : सुनवल न.पा.-१२, नवलपरासी ना.प्र.नं : ४२२०२६/५०३ जारी मिति : २०६८/०४/२० जि.प्र.का. : स्याङ्जा

२. कर्जा शिर्षक : सिटिजन्स एस्.एम्. ई. आवधिक कर्जा

ऋणीको नाम : नारायण हार्डवयर
रजिष्ट्रेशन नं. : ९६९/५८०२/०७१ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी)
रजिष्टर्ड ठेगाना : रामनगर गा.वि.स-१, नवलपरासी
दर्ता मिति : २०७१/०१/२५
पान नं. : ६०२१६५४७३

फर्मको प्रोप्राईटरको नाम र ठेगाना
नाम : नारायण भण्डारी
बाबु : हुम प्रसाद भण्डारी
बाजे : चुरामणी भण्डारी
पत्नि : ममता न्यौपाने
ठेगाना : रामनगर गा.वि.स.-०१, नवलपरासी
हाल : सुनवल न.पा.-१२, नवलपरासी
ना.प्र.नं : ३६१०३९/४०३
जारी मिति : २०६७/०३/२८
जि.प्र.का. : नवलपरासी

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : बिमला भण्डारी बाबु : हिमनाथ न्यौपाने पति : हुम प्रसाद भण्डारी ससुरा : चुरामणी भण्डारी ठेगाना : रामनगर गा.वि.स.-०१, नवलपरासी हाल : सुनवल न.पा.-१२, नवलपरासी ना.प्र.नं : ६८१/११०४ जारी मिति : २०४५/०२/२८ जि.प्र.का. : नवलपरासी	२.नाम : हुम प्रसाद भण्डारी बाबु : चुरामणी भण्डारी बाजे : धर्मागत भण्डारी पत्नि : बिमला भण्डारी ठेगाना : रामनगर गा.वि.स.-०१, नवलपरासी हाल : सुनवल न.पा.-१२, नवलपरासी ना.प्र.नं. : ३१३१ जारी मिति : २०४२/०९/१९ जि.प्र.का. : नवलपरासी

३. कर्जा शिर्षक : सिटिजन्स महिला उद्यमशिलता आवधिक कर्जा

ऋणीको नाम : रुबिना ब्युटिपार्लर एण्ड गिफ्ट हाउस
रजिष्ट्रेशन नं. : ५२९ (सुनवल न.पा., १२ नं. वडा कार्यालय, भुमही, नवलपरासी, ५ नं. प्रदेश, नेपाल)
रजिष्टर्ड ठेगाना : रामनगर गा.वि.स १, भुमही, नवलपरासी
दर्ता मिति : २०७७/०९/०२
पान नं. : ६१४५६४६६४

फर्मको प्रोप्राईटरको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
नाम : ममता न्यौपाने बाबु : राम प्रसाद न्यौपाने पति : नारायण भण्डारी ससुरा : हुम प्रसाद भण्डारी ठेगाना : कृष्णगण्डकी गा.वि.स.-०९, स्याङ्जा हाल : सुनवल न.पा.-१२, नवलपरासी ना.प्र.नं : ४२२०२६/५०३ जारी मिति : २०६८/०४/२० जि.प्र.का. : स्याङ्जा	१. नाम : बिमला भण्डारी बाबु : हिमनाथ न्यौपाने पति : हुम प्रसाद भण्डारी ससुरा : चुरामणी भण्डारी ठेगाना : रामनगर गा.वि.स.-०१, नवलपरासी हाल : सुनवल न.पा.-१२, नवलपरासी ना.प्र.नं : ६८१/११०४ जारी मिति : २०४५/०२/२८ जि.प्र.का. : नवलपरासी
२.नाम : हुम प्रसाद भण्डारी बाबु : चुरामणी भण्डारी बाजे : धर्मागत भण्डारी पत्नि : बिमला भण्डारी ठेगाना : रामनगर गा.वि.स.-०१, नवलपरासी हाल : सुनवल न.पा.-१२, नवलपरासी ना.प्र.नं. : ३१३१ जारी मिति : २०४२/०९/१९ जि.प्र.का. : नवलपरासी	३. नाम : नारायण भण्डारी बाबु : हुम प्रसाद भण्डारी बाजे : चुरामणी भण्डारी पत्नि : ममता न्यौपाने ठेगाना : रामनगर गा.वि.स.-०१, नवलपरासी हाल : सुनवल न.पा.-१२, नवलपरासी ना.प्र.नं : ३६१०३९/४०३ जारी मिति : २०६७/०३/२८ जि.प्र.का. : नवलपरासी

माथि उल्लेखित ऋणीहरु न्यू भण्डारी सप्लायर्स, नारायण हार्डवयर र रुबिना ब्युटिपार्लर एण्ड गिफ्ट हाउसले लिएको ऋणकर्जाहरुको लागि धितो राखिएको सम्पत्तिको विवरण

धितो सुरक्षण धनीको नाम:- हुम प्रसाद भण्डारी

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं	कि.नं.	क्षेत्रफल (वि.क.धु.)	कैफियत
१.	नवलपरासी	रामनगर	१ग	१४५२	०-०-५	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सावीकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय भुमही, नवलपरासीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८१/११/०४ गते, आईतबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, भुमही, नवलपरासी।

Citizens Bank
मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

■ त्रिकोणात्मक टी-२० आई सिरिज

नेदरल्यान्ड्ससँगको पहिलो भेटमै नेपाल निराश



त्रिकोणात्मक सिरिजमा नेदरल्यान्ड्सको विकेट लिएपछि नेपाली महिला खेलाडी

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला टोली अन्तर्राष्ट्रिय टी-२० खेलको पहिलो भेटमै नेदरल्यान्ड्ससँग २० रनले पराजित भएको छ। कीर्तिपुरस्थित त्रिवि मैदानमा आयोजक नेपालसँगै नेदरल्यान्ड्स र थाइल्यान्ड सम्मिलित त्रिकोणात्मक टी-२० आई सिरिज बिहीबारदेखि सुरु भएको छ।

सिरिजको पहिलो खेलमा बलिङ र फिल्डिङमा चुक्दा नेपालले नेदरल्यान्ड्ससँग हारको सामना गरेको हो। नेदरल्यान्ड्सले पहिलो ब्याटिङ गर्दै २० ओभरमा चार विकेट गुमाउँदै १५७ रनको विशाल योगफल खडा गऱ्यो। प्रत्युत्तरमा नेपालले २० ओभरमा सात विकेटको क्षतिमा १३७ रन बनायो। नेपालविरुद्ध पहिलो खेलमै नेदरल्यान्ड्सकी प्लेयर अफ दी म्याच रुबिन रिकेले अर्धशतकको योगदान दिएकी थिइन्।

नेपालले शनिबार थाइल्यान्डसँग खेल्नेछ। नेदरल्यान्ड्सविरुद्ध युवा खेलाडीद्वय अलिशाकुमारी यादव र मनीषा उपाध्यायले अन्तर्राष्ट्रिय क्रिकेटबाट डेब्यु गरेका छन्। नेपालीकी कप्तान इन्दु बर्माले ब्याटिङमा राम्रो प्रदर्शन भए पनि फिल्डिङ र बलिङमा कमजोर भएको बताइन्। 'ब्याटिङमा राम्रै प्रदर्शन भएको थियो, तर फिल्डिङ र बलिङमा सोचेजस्तो भएन,' उनले भनिन्। नेदरल्यान्ड्सकी रिकेले नेपालको पिचमा खेल्न गाह्रो भएको बताइन्। 'योजनाअनुसार राम्रो प्रदर्शन गऱ्यौं, नेपालविरुद्ध सुरुमा १४० रनसम्म बनाउने योजना थियो,' उनले भनिन्, 'यो स्कोर महिला क्रिकेटको लागि राम्रो हो।'

■ मनीषा र अलिशाले गरे डेब्यु



नेदरल्यान्ड्सविरुद्धको टी-२० आईमा दुई युवा खेलाडी मनीषा उपाध्याय र अलिशाकुमारी यादवले राष्ट्रिय महिला टोलीबाट डेब्यु गरेका छन्। धनगढीकी युवा खेलाडी उपाध्यायले गत साता मलेसियामा भएको आइसिसी यू-१९ विश्वकप क्रिकेट प्रतियोगिता खेलेकी थिइन्। यू-१९ विश्वकपमा यादव विकेटकिपर थिइन्। उनलाई विकेटकिपिङ ब्याटरका रूपमा हेरिएको छ। खेलअघि दुवैलाई कप्तान इन्दुले डेब्यु क्याप दिएकी थिइन्।

चलेन नेपालको ब्याटिङ

प्रतिओभर ७.८ रनरेट पछ्याएको नेपालका कुनै पनि खेलाडीले ठूलो स्कोर बनाउन सकेनन्। पहिलो इनिङ्समा बलिङमा धर्मराएको नेपालले ब्याटिङमा पनि सम्हालिएर खेल्न सकेन।

फिल्डिङ र बलिङमा चुक्यौं



● **इन्दु बर्मा**, कप्तान, नेपाल

ब्याटिङमा राम्रै प्रदर्शन भएको थियो। फिल्डिङ र बलिङमा सोचेजस्तो भएन। हामी यसैमा चुक्यौं। यसकारण पहिलो खेलमा पराजित भयौं। फिल्डिङ र बलिङमा सुधार गर्न बाँकी धेरै ठाउँ छ। हाम्रा लागि सबै खेल महत्त्वपूर्ण छन्। अवसरलाई सदुपयोग गर्न सक्यौं भने खेल जित्न सकिन्छ। नेदरल्यान्ड्सले राम्रो खेल्यो।

नेपालमा खेल्न गाह्रो छ



● **रोबिन रिके**, खेलाडी, नेदरल्यान्ड्स

योजनाअनुसार राम्रो प्रदर्शन गऱ्यौं। सुरुमा १४० रनसम्म बनाउने योजना थियो। यो स्कोर भनेको महिला क्रिकेटका लागि राम्रो हो। लक्ष्य पूरा भएपछि खुलेर खेल्यौं। यद्यपि, नेपालको वातावरणमा खेल्न गाह्रो छ। हामी अझै राम्रो खेल्न सक्छौं। कुनै पनि टिमलाई कमजोर आँक्नुहुँदैन। नेपालले ब्याटिङमा पनि राम्रो प्रदर्शन गऱ्यो। हामीले उत्कृष्ट खेल खेल्न सक्यौं।

नेपालका लागि ओपनर सीता रानामगरले ४५ बलको सामना गरी तीन चौकासहित सर्वाधिक २८ रन बनाइन्। नेपालको इनिङ्समा कविता जोशीले आक्रामक खेल प्रस्तुत गरिन्। उनले १७ बलमा एक चौका र दुई छक्कासहित २७ रनको योगदान दिइन्। यू-१९ विश्वकप क्रिकेटमा अलराउन्ड प्रदर्शन गरेकी पूजा महतोले छैटौं नम्बरमा ब्याटिङको अवसर पाइन्। उनले ब्याटिङ फर्मलाई निरन्तरता दिँदै १४ बलमा २४ रन बनाइन्।

नेपालको यू-१९ महिला टोलीकी कप्तानसमेत रहेकी पूजाले १४ बलमा समान दुई चौका र छक्का प्रहार गरेकी थिइन्। तल्लो क्रमका खेलाडीले ब्याटिङ सम्हालेको इनिङ्समा नेपालका शीर्ष र मध्यक्रम कमजोर देखियो। ओपनर सीताले सर्वाधिक रनको योगदान दिए पनि धेरै बल सामना गरिन्। ओपनर सम्झना खड्काले ११ बलमा एक चौकासहित जम्मा ९ रन बनाइन्। कप्तान इन्दु १० बलमा ७ रन बनाएर पेभिलियन फर्किइन्। नेदरल्यान्ड्सका कारोलाइन डी लिन्गे र इभा लेन्चले समान दुई विकेट लिए।

रिकेले बनाइन् ४८ बलमा ५९ रन

पहिलो इनिङ्समा नेदरल्यान्ड्सका लागि चौथो क्रममा ब्याटिङ गरेकी रुबिन रिकेले ४८ बलमा आठ चौकासहित अविजित सर्वाधिक ५९ रन बनाइन्। आइरिसले १३ बलमा ३१ रनको अविजित योगदान गरिन्। रुबिन र आइरिसबिच पाँचौं विकेटका नटआउट ४७ रनको साझेदारी भयो। नेदरल्यान्ड्सकी स्टेर कालिसले ३५ बलमा चार चौकासहित २९ र हेथर सिगेर्सले २३ रन बनाए।

संकटा बन्यो सभापति कपको च्याम्पियन



ट्रफीका साथ च्याम्पियन संकटा क्लब

नयाँ पत्रिका

संकटा क्लब पहिलो सभापति कप फुटबल प्रतियोगिताको च्याम्पियन बनेको छ। दशरथ रंगशालामा बिहीबार भएको फाइनलमा संकटाले आयोजक बागमतीलाई सडनडेथमा ४-३ ले पराजित गर्दै उपाधि हात पारेको हो। उपाधि भिडन्तको निर्धारित ९० मिनेट गोलरहित बराबरी भएको थियो। त्यसपछि खेल सीधै टाइब्रेकरमा गयो। टाइब्रेकरमा संकटा र बागमतीले ३-३ गोल गरे।

टाइब्रेकरमा समेत खेल बराबरी भएपछि उपाधिको छिनोफानो सडनडेथबाट भएको हो। संकटाले सडनडेथमा बागमतीलाई स्तब्ध पाऱ्यो। लोकतान्त्रिक खेलकुद महासंघले आयोजना गरेको सभापति कप विजेता संकटाले २६ लाख र उपविजेता बागमतीले १३ लाख पाएका छन्। बागमती लोकतान्त्रिक खेलकुद संघकै टिम हो।

> संकटाका गोलरक्षक दीप कार्कीले दुई पेनाल्टी रोकेपछि आयोजक बागमती सडन डेथमा ४-३ ले स्तब्ध

टाइब्रेकरमा संकटाका कप्तान तथा गोलरक्षक दीप कार्की नायक बने। उनले दुई पेनाल्टी बचाए। संकटालाई जिताउन लक्षु थापा, विदेशी खेलाडी साम कार्लोस, स्वयं गोलरक्षक दीप र सुनील खड्काले गोल गरे। संकटाका गोलरक्षक दीपले बागमतीका कुलदीप कार्की र गौरव श्रेष्ठको प्रहार रोकेका थिए। बागमतीका रजत तिवारीले प्रहार गरेको बल पोस्टभन्दा बाहिर गएको थियो।

■ फाइनल भिडन्त निराश

बागमतीका कप्तान विकेश कुथूले पनि संकटाका दुई प्रहार रोके। उनले संकटाका राम थापा र रोहन पहारीको प्रहारलाई असफल पारे। बागमतीका लागि नवीन लामा, फोडे फोफाना र विदेशी खेलाडी सेनेग्लास एलेक्सले टाइब्रेकरमा गोल गरे। फाइनल खेलमा दुवै टोलीले समान चार विदेशी खेलाडी अनुबन्ध गरेका थिए। बागमतीले राष्ट्रिय टोलीबाट खेलिसकेका गोलरक्षक विकेशसँगै सुरज जिउ ठकुरी, कमल श्रेष्ठ र नवीन लामा फाइनलमा उतारेको थियो। सहिद स्मारक 'ए' डिभिजन लिगको क्लब संकटाले गोलरक्षक दीप कार्कीसँगै सुदीप गुरुङ टोलीमा समावेश गरेको थियो।

फाइनलमा संकटा र बागमती फाइनथ थर्डमै चुकेको देखिए। दुवै टिमले खेलमा सुन्दर अवसर बनाउनसकेनन्। संकटाले सेमिफाइनलमा मच्छिन्द्रलाई सडनडेथमा हराएको थियो। बागमतीले एनआरटीलाई पेनाल्टी सुटआउटमा पराजित गरेको थियो।

■ गोलरक्षक दीप सर्वोत्कृष्ट खेलाडी

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी संकटाका कप्तान तथा गोलरक्षक दीप भए। उनले ७५ हजार रुपैयाँ पाएका छन्। उत्कृष्ट गोलरक्षक हुँदै बागमतीका विकेशले ५० हजार रुपैयाँ पाए।

उदयीमान खेलाडी सन्दीप कार्कीले २५ हजार प्राप्त गरेका छन्। सर्वाधिक गोलकर्तामा अञ्जन विष्ट, कृतिशरत्न छुन्जू र विदेशी खेलाडी रिचार्ड अबेक बनेका छन्। तीनै खेलाडीले समान दुई गोल गरेका छन्। सर्वाधिक गोलकर्ताले जनही ५० हजार रुपैयाँ बाँडेका छन्।

■ पाँचौं टाइगर कप

आर्मी र पुलिसले बनाए क्वालिफायरमा स्थान

कास्की/ त्रिभुवन आर्मी र नेपाल पुलिस क्लबले पाँचौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिताको क्वालिफायरमा स्थान बनाएका छन्। यसैगरी, महिलामा न्यु डायमन्ड स्पोर्टस् क्लब पनि क्वालिफायरमा प्रवेश गरेको छ। गण्डकी प्रदेश भलिबल संघ र पाहुना टोली भारतको सुनील भलिबल क्लबले एलिमिनेटरमा स्थान सुरक्षित गरेका छन्।

एलिमिनेटरमा पुलिसलाई ३-० को सेटमा निराश पार्दै न्यु डायमन्डले महिलातर्फ क्वालिफायरमा स्थान पक्का गरेको हो। यसअघि न्यु डायमन्ड समूहको तेस्रो स्थानमा र पुलिस समूहको शीर्ष स्थानमा रहँदै एलिमिनेटरमा प्रवेश गरेका थिए। न्यु डायमन्डले पुलिसलाई २५-२२, २५-१४ र २५-२१ ले हराएको हो। न्यु डायमन्डले अब फाइनल प्रवेशका लागि नेपाल एपिएफ र आयोजक टाइगर ग्रुपबिचको विजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछ। पुरुषतर्फ लिग चरणको खेलमा आर्मीले पाहुना टोली भारतको सुनील भलिबल क्लबलाई ३-२ को प्रतिस्पर्धात्मक सेटमा पराजित गर्दै क्वालिफायरमा स्थान सुनिश्चित गऱ्यो। क्वालिफायरमा आर्मीले पुलिसको सामना गर्नेछ।

आर्मी समूहको शीर्ष स्थानमा र पुलिस दोस्रो स्थानमा रहँदै क्वालिफायरमा प्रवेश गरेका हुन्। भारतको सुनील क्लबले एलिमिनेटरमा स्थान बनाएको छ। सुनील क्लबले आर्मीमाथि पहिलो सेट २५-२० ले जितेको थियो। त्यसपछि आर्मी २५-१८ र २५-२३ ले बाजी मार्दै २-१ को अग्रता लियो। चौथो सेटमा २३-२५ ले आर्मी पछि परेको थियो। पाँचौं र अन्तिम सेटमा आर्मीले सुनील क्लबलाई १५-१२ ले निराश बनायो।

■ साबिक विजेता रियल प्लेअफमा



युरोपियन च्याम्पियन्स लिगको साबिक विजेता रियल म्याड्रिडले बुधबार राति फ्रेन्च क्लब ब्रेस्टलाई ३-० ले हराएको छ। जितले पनि रियल यस सिजनको च्याम्पियन्स लिगको नकआउट चरणमा पुग्न सकेन। १३औं स्थानमा रहेको रियलले अब प्लेअफमा प्रतिस्पर्धा गर्नेछ। यस खेलको विजेता नकआउट चरणमा पुग्नेछ। **तस्बिर : एजेन्सी**

खेल संक्षेप

इनोभेटिभ र एआइए क्वार्टरफाइनलमा

काठमाडौं/ आयोजक इनोभेटिभ 'ए' र अवेरनेस इन्टरनेसनल एकेडेमी (एआइए) दसौं इनोभेटिभ अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा बिहीबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। इनोभेटिभ 'ए'ले एस्फोडेललाई ३४-२० ले पराजित गऱ्यो। एआइएले इनोभेटिभ 'बी'लाई २९-१६ ले हरायो। सिनियर पुरुषमा केएमसीले काभ्यालाई ३०-१८ तथा काठमाडौं जेभियरले नेपाल मेगालाई ४०-२५ ले पाखा लगाउँदै अन्तिम आठको स्थान सुरक्षित गरे। मातृभूमि, हिमाली, नेरिक एकेडेमी र ज्ञान निकेतन पनि क्वार्टरफाइनलमा पुगेका छन्। जुनियर पुरुषमा सनसाइनले काभ्यालाई १४-८ ले हरायो। काठमाडौं जेभियरले मोडर्नलाई १३-६ र एआइएले इनोभेटिभमाथि १५-११ ले पन्छाए। सिनियर महिलामा इनोभेटिभले नेपाल मेगालाई १५-९ ले पराजित गऱ्यो।

भ्याली उपाधिनजिक

काठमाडौं/ भ्याली पब्लिक प्रथम ज्ञान संस्कार अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुष र महिलातर्फ फाइनलमा प्रवेश गरेको छ। जुनियर पुरुषको बिहीबार भएको खेलमा भ्याली पब्लिकले गोल्डेनपिकलाई २४-२० ले पराजित गऱ्यो। फाइनलमा भ्याली पब्लिकको भेट पारामाउन्ट एकेडेमीसँग हुनेछ। अर्को सेमिफाइनलमा पारामाउन्टले किङडम हिमालयनलाई ३८-२७ ले हराएको थियो। जुनियर महिलामा भ्याली पब्लिकले इडेन ब्रिज एकेडेमी (इबिए) लाई २७-१५ ले पाखा लगायो। उपाधिका लागि भ्याली पब्लिकले फेरिल्यान्डको सामना गर्नेछ। दोस्रो सेमिफाइनलमा फेरिल्यान्डले काष्ठमण्डपमाथि २९-२३ को जित निकाल्यो।

ग्रिनफिल्डको जित

काठमाडौं/ ग्रिनफिल्ड वेस्टर्न रिजन अन्तरकलेज बास्केटबल प्रतियोगिताको पुरुषतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ। बिहीबार भएको क्वार्टरफाइनलमा ग्रिनफिल्डले राइजिङ स्टारलाई ४६-२४ ले सहज रूपमा हरायो। पुरुषतर्फको अर्को खेलमा मनास्लुले केसिसिएसलाई ५३-३९ ले पराजित गऱ्यो। हार्टल्यान्डले एडमार्कलाई ३५-२५ र समृद्धिले क्यापिटल हिललाई ४७-१६ ले हराउँदै सेमिफाइनलमा स्थान पक्का गरे। फाइनल प्रवेश खेलमा समृद्धिले ग्रिनफिल्डको सामना गर्नेछ। मनास्लुले हार्टल्यान्डविरुद्ध खेल्नेछ। वेस्टर्न रिजनल कलेज कमिटीद्वारा आयोजित प्रतियोगिताअन्तर्गत महिलाको सेमिफाइनल जुबिलियन्ट र जेसिसबिच खेल हुनेछ।

टेबुलटेनिसमा प्राज्नालाई स्वर्ण

काठमाडौं/ प्राइम ग्लोबलकी प्राज्ना महर्जनले नवौं कृष्णध्वज स्मृति टेबलटेनिस प्रतियोगिताको यू-१२ महिला एकलमा स्वर्ण जितेकी छिन्। बिहबार भएको फाइनलमा प्राज्नाले आदर्श विद्या मन्दिर (एभिएम)की साइरा शाक्यलाई ३-१ ले पराजित गरिन्। प्रतियोगिताको कलेजतर्फ पुरुष एकलमा गण्डकी विश्वविद्यालयका गनन्जय दाहाल र क्याननका हिमाल विष्ट फाइनलमा पुगेका छन्। गनन्जयले गोल्डेनगेटका सुजन गडाललाई सेमिफाइनलमा ३-१ ले हराए। हिमाल विष्टले सिड एकेडेमीका प्रवेश बस्नेतलाई ३-० ले पाखा लगाए।

सलहेश सेमिफाइनलमा

उदयपुर/ सलहेश क्लब सिराहा दसौं नारदमुनि थुलुङ स्मृति गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। नारदमुनि थुलुङ स्मृति रंगशालामा शुक्रबार सलहेशले एलएक्स सिटी फुटबल क्लब मोरङलाई २-१ ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। खेलको २३औं मिनेटमा सलहेशका श्याम मुर्मूले १-० का लागि गोल गरे। खेलको ४० औं मिनेटमा एलएक्सका रोहन कार्कीले १-१ को बराबरी गोल गरे। खेलको ६० औं मिनेटमा सलहेशका मिलन राईले निर्णायक गोल गर्दै आफ्नो टोलीलाई अन्तिम चारमा पुऱ्याए। शुक्रबार खेल न्यु त्रियुगा स्पोर्टस् क्लब सप्तरीले एभरेस्ट फुटबल क्लबको सामना गर्नेछ।

बुढासुब्बामा आठ टोली

धरान/ २५औं बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ। धरान रंगशालामा शुक्रबार आयोजक धरान फुटबल क्लबले प्रतियोगिता शनिबारदेखि सुरु हुने बताएको छ। भुटानको आरटिसी फुटबल र भारतको युकेएफसीसँगै बुढासुब्बा कपमा आठ टोलीले प्रतिस्पर्धा गर्ने धरान फुटबल क्लबका अध्यक्ष प्रताप तामाङले बताए।

उनका अनुसार 'ए' डिभिजनका चर्च ब्वाइज, नेपाल पुलिस र एनआरटी क्लबले भाग लिनेछन्। आयोजक धरान फुटबल, राजा क्लब इटहरी र काँकडभिट्ठा फुटबल ट्रेनिङ सेन्टरले समेत प्रतिस्पर्धा गर्ने तामाङले बताए।

रूपेश र सिन्दिरा उपाधिनजिक

मकवानपुरमा **पोष्टराज अधिकारी**

राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा एफएम रूपेश जैसवाल र सिन्दिरा जोशी उपाधिनजिक पुगेका छन्। २५औं राष्ट्रिय बुद्धिचालअन्तर्गत पुरुषतर्फ बिहीबार आठौं चरणको खेलपछि रूपेशले सिएम नवीन तण्डुकारलाई हराए। यसअघि सातौं चरणमा रूपेशले पुरुषोत्तम सिलवालसँग बराबरी खेलेका थिए। रौतहटका रूपेशले आफ्नो व्यक्तिगत ३३.८ रेटिङ वृद्धि गरेका छन्। अहिले उनको रेटिङ २०९३ पुगेको छ।



एफएम क्षितिज भण्डारी, काठमाडौंका पुरुषोत्तम सिलवाल र झापाका राजन सुवेदी समान ५.५ अंकका साथ दोस्रो स्थानमा छन्। दुवै खेलाडीले ६.५ रेटिङ बढाएका छन्। पुरुषोत्तमले २२ रेटिङ वृद्धि गरेका छन्। नेपाल च्याम्पियन राजनले ३२.८ रेटिङ वृद्धि गरे। दसौं महिला राष्ट्रिय बुद्धिचालमा नेपाल च्याम्पियन सिन्दिराले उत्कृष्ट प्रदर्शन गरिरहेकी छिन्। शीर्ष स्थानमा रहेकी उनले ६.५ अंक बटुलेकी छिन्। उनले पाँच जित र तीन बराबरी नतिजा निकालेकी छिन्।

बाँकेकी इशा गिरी र काठमाडौंकी एन्जल महर्जनले समान ६ अंक जोडेका छन्। दुवै खेलाडी दोस्रो स्थानमा छन्। इशाले एक हार, पाँच जित र दुई खेल बराबर खेलेकी हुन्। १३ वर्षीया एन्जलले दुई खेलमा हार व्यहोरेकी छिन्। उनले ६ खेलमा जित निकालेकी छिन्।

■ नेपाल कबड्डी लिगको फाइनल आज

जनकपुरलाई रोक्ने योजनामा काठमाडौं



जनकपुर र काठमाडौंबिच लिग चरणमा ३९-३९ स्कोरको बराबरी भएको थियो। लिगमा जनकपुर जितबाट वञ्चित भएको एक मात्र खेल यही थियो।

नयाँ पत्रिका

फ्रेन्चाइज अवधारणामा पहिलोपल्ट आयोजित नेपाल कबड्डी लिग (एनकेएल)को फाइनलमा शुक्रबार जनकपुर नाइट्स र काठमाडौं माभरिक्सले दशरथ रंगशालास्थित कभर्डहलमा प्रतिस्पर्धा गर्दै छन्।

जनकपुर लिगमा उत्कृष्ट लयमा छ। उसले चार जित र एक बराबरीसँगै लिग चरणमा शीर्ष स्थान हात पारेको थियो। क्वालिफायर १ मा विराटनगर ब्यान्डिट्सलाई पाखा लगाउँदै फाइनलमा स्थान सुरक्षित गरेको जनकपुरले अपराजित रहँदै उपाधि जित्ने लक्ष्य बनाएको छ। तर, जनकपुरलाई फाइनल त्यति सहज छैन।

जनकपुरले आफू बराबरकै प्रतिद्वन्द्वी काठमाडौंको सबै रणनीतिमाथि जित निकाल्नुपर्छ। काठमाडौंले लिगमा तीन जित, समान एक बराबरी र हार सामना गरेको थियो। लिग चरणमा तेस्रो स्थानमा रहँदै काठमाडौंले इलिमिनेटरमा धनगढी वाइल्डक्याट्सलाई हराएको थियो। त्यसपछि क्वालिफायर २ मा विराटनगरलाई पन्छाउँदै अन्तिम दुई स्थान पक्का पाऱ्यो। भारतको प्रो कबड्डी लिग (पिकेएल) च्याम्पियन कप्तान घनश्याम रोकामगरको उत्कृष्ट प्रदर्शनमा काठमाडौं उपाधिनजिक पुगेको हो।

घनश्यामलाई रोक्न सके जनकपुर च्याम्पियन बन्ने सम्भावना छ। अर्कोतिर, थाइल्यान्डका चाहपोन कामुनीको आक्रामण निस्तेज पार्न सके काठमाडौं च्याम्पियन बन्न सक्छ। यी दुईबिच लिग चरणमा कडा प्रतिस्पर्धा भएको थियो। दुवै टोली ३९-३९ स्कोरको बराबरी भयो। लिगमा जनकपुर जितबाट वञ्चित भएको एक मात्र खेल यही थियो।

■ घनश्याममाथि विश्वास

काठमाडौंका कप्तान घनश्याम रोकामगरले भने, 'जनकपुर राम्रो टिम हो। तर, हामी एनकेएल च्याम्पियन बन्न चाहन्छौं।' हरियाणा स्टिलर्सबाट पिकेएल च्याम्पियन भएका उनी राष्ट्रिय टिमका समेत कप्तान हुन्। काठमाडौंका प्रशिक्षक सरोजकुमार सिंहले पनि मिहिनेत गर्दै आफ्नो टिम उपाधि जित्न तयार रहेको बताए। जनकपुरका प्रशिक्षक पार्वती राईले भने, 'टिमले अहिलेसम्म राम्रो खेलिरहेको छ। अब बाँकी एक खेल पनि राम्रो खेल्दै च्याम्पियन ट्रफी उचाल्न चाहन्छौं।' उनी लिगमा सहभागी ६ टोलीका प्रशिक्षकमध्ये एक्ली महिला हुन्। राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत कबड्डीकी मुख्य प्रशिक्षक रहेकी पार्वतीकै प्रशिक्षणमा नेपाली महिला टोलीले गत वर्ष १९औं एसियाली खेलकुदमा कांस्यपदक जितेको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com